## पहिलो अध्याय

# शोध परिचय

### १.१ पृष्ठभूमि

पौराणिक शास्त्रमा वर्णित हिमवत खण्डअन्तर्गत नेपालको महत्व अन्यन्त विशिष्ट रहेको मान्यता छ । वर्तमान विश्व परिवेशमा भौगोलिक स्थितिलाई अध्ययन गर्दा नेपाल हिमालय पर्वत श्रृंखलाको मध्य दक्षिण क्षेत्रमा अवस्थित छ । उत्तरतर्फ विशाल चीन र दक्षिणतर्फ अर्को विशाल राष्ट्र भारतको विचमा रहेको नेपालको आफ्नै सार्वभौमिकता छ । नेपालको आफ्नै राजनैतिक, भौगोलिक एवं सांस्कृतिक महत्व छ । उत्तर गोलार्धमा नेपाल २६$^{\circ}$ २२' र ३०$^{\circ}$ २७' तथा ८०$^{\circ}$ ०४' र ८८$^{\circ}$ १२' पूर्वमा अवस्थित रहेका छ । यसको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी. छ । क्षेत्रफलको विश्वमा ०.०३ प्रतिशत भूभाग तथा एसियामा ०.३ प्रतिशत भूभाग ओगटेको नेपाल आफैँमा सानो राष्ट्र भए तापनि विश्व सभ्यता एवं सस्कृतिको हिसाबले आजसम्म पनि अति नै ठूलो महत्वको छ ।

विश्व मानचित्रमा नेपाल एक अत्यन्त महत्वपूर्ण देश हो । जसको सम्पूर्ण प्राचीन संस्कृति अझै उजागर हुन बाँकी छ । परापूर्व कालमा नेपालको महत्वले विशेष स्थान रहँदै आएको विधितै छ । यद्यपि वर्तमानमा नेपालको ऐतिहासिक पृष्ठभूमि धेरै अर्थबाट अझै ओझेलमा परेको महसुस हुन्छ । प्राचीन ऋषिमुनिको तपोक्षेत्रको रूपमा नेपालको वर्णन विभिन्न पूर्वीय धर्मशास्त्रमा पाउँछौं । यद्यपि यस्ता प्राचीन इतिहासबारे हाम्रो परम्परामा प्रतिबिम्बित हुँदा हुँदै पनि अझ गहिरा पक्षको जानकारीमा छैनन् ।

श्रीस्वस्थानीव्रत परम्परा नेपाली समाजमा वि.सं.चौधौ शताव्दीदेखि प्रारम्भ भएको देखिन्छ । यस व्रत अवधि एक महिनाको हुने गर्दछ । पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म अपनाइने यो तपस्या पद्धति आफैँमा मौलिक छ । यस व्रत परम्परामा शाली नदीको क्षेत्रहरूको आफ्नै ऐतिहासिक एवं सांस्कृतिक पक्ष छन् । स्थलगत अवलोकन एवं अध्ययनबाट व्रतसँग सम्वन्धित विविध पृष्ठभूमिहरूबारे अवगत हुने स्थिति आजसम्म कायम छ । जीवित संस्कृतिको रूपमा यस परम्परालाई अध्ययन गर्न सकिन्छ ।

## १.२ समस्याको पहिचान

नेपाली समाजमा श्रीस्वस्थानी व्रतकथालाई महत्वका साथ हेरिए तापनि श्रीस्वस्थानी व्रतकथासम्बन्धी यथेष्ट अध्ययन अनुसन्धान भइसकेको छैन । श्रीस्वस्थानी व्रतपरम्पराबारे ग्रामीणदेखि सहरमा बसोबास गर्ने सबै तहका महिलाले विशेष महत्वका साथ हेर्ने गर्छन् । यो परम्परासित सम्बन्धित शास्त्रीय पक्ष र व्यावहारिक पक्षबारे समाजमा के-कस्तो दृष्टिकोण छ त्यसको एकमुष्ट अध्ययन भइसकेको छैन । श्रीस्वस्थानी व्रतकथाको सम्बन्ध आस्था र इतिहास दुवैमा निहित रहेको छ भन्नेबारे सामाजिक चेतना अवश्य छ । तर यस सम्बन्धमा के-कस्तो रूपले यो व्रत परम्परा लोकप्रिय भयो, यसको मनोवैज्ञानिक, आध्यात्मिक र ऐतिहासिक पक्षको ठोस जानकारी हामीमाझ नरहेको हुँदा यो अध्ययन निम्न विषयप्रति ध्यान केन्द्रित रहने छ ।

- श्रीस्वस्थानी व्रत परम्पराको प्रशस्त जानकारी नहुनु,
- श्रीस्वस्थानी व्रतको विशेष महत्व थाहा नुहुनु,
- श्रीस्वस्थानी परम्परासँग सम्बन्धित सांस्कृतिक स्थल एवं सम्पदाहरू प्रकाशमा नआउनु,
- श्रीस्वस्थानी- भौतिक विज्ञान, विश्व संस्कृति र विश्व भूगोलबिचको बिस्तृत अन्तरसम्बन्ध उजागर नहुनु ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य स्वस्थानी संस्कृति, स्वस्थानी ग्रन्थको कथाको वैज्ञानिक विश्लेषण, शाली नदी तथा साँखु क्षेत्रको स्थलगत सांस्कृतिक अध्ययन र त्यहाँका स्थानीय व्रतालुहरूसँग अनुभव आस्था एवं मनोवैज्ञानिक धारणाको अध्ययन गर्नु हो । प्रस्तुत अध्ययनका उद्देश्यहरू यस प्रकार छन्:

- श्रीस्वस्थानी व्रत परम्पराको विविध पक्ष बारे जानकारी गराउनु,
- श्रीस्वस्थानी व्रतका विशेष महत्व प्रकाश पार्नु,
- श्रीस्वस्थानीसँग सम्बन्धित सांस्कृतिक स्थल एवं सम्पदाको प्रकाश पार्ने,
- श्रीस्वस्थानी- भौतिक विज्ञान, विश्व संस्कृति र विश्व भूगोलबीचको अन्तरसम्बन्ध उजागर गर्ने ।

## १.४ शोध औचित्य

यस अध्ययनले श्रीस्वस्थानी व्रत परम्पराबारे विविध सांस्कृतिक एवं ऐतिहासिक पक्ष उजागर गर्ने छ। शाली नदी क्षेत्र वरपरका सांस्कृतिक भौगोलिक एवं अन्य ऐतिहासिक पक्षबारे प्रकाशमा ल्याउने छ। श्रीस्वस्थानी व्रतालुहरूको व्यावहारिक एवं मनोवैज्ञानिक पक्ष विश्लेषण गरि आस्थाको मूलभूत आधारबारे जानकारी दिलाउने छ। यस अतिरिक्त यस शोधले श्रीस्वस्थानीको वैज्ञानिक पक्ष तथा विश्वका स्थानीय देवीदेवतासम्बन्धी प्रकाश पार्ने छ।

यस अध्ययनले शाली नदी क्षेत्र लगायत साँखुक्षेत्रलाई पनि विशेष सांस्कृतिक महत्व प्रदान गरि आन्तरिक तीर्थ पर्यटनको थप सम्भावनामा टेवा पुग्ने छ। साथै यस व्रत परम्परासँग सम्वन्धित सवै श्रद्धालुहरूलाई विशेष जानकारी प्रदान गरी परम्परा र सम्वन्धित तीर्थको महत्वबोध गराउन महत्वपूर्ण योगदान प्रदान गर्ने छ।

## १.५ पूर्व साहित्य समीक्षा

*(क) ऐश्वर्यधर शर्मा,* ***श्रीस्वस्थानी व्रतकथा,*** *काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान (२०४९)।*

प्रस्तुत पुस्तकभित्र श्रीस्वस्थानीको पुरातात्विक जानकारी थोरै मात्रामा दिइएको छ। यस पुस्तकले हालसम्म पाइएको नेपालको सबैभन्दा पुरानो श्रीस्वस्थानी ग्रन्थ (नेवारी (लिपि) र काठमाडौं तानाबहालस्थित श्रीस्वस्थानीको मूर्तिसम्बन्धी प्रकाश पारेको छ। यस पुस्तकमा श्रीस्वस्थानी संस्कृतिबारे अत्यन्त थोरै जानकारी मात्र छ।

*(ख)* ***श्रीस्वस्थानी व्रतकथा,*** *वाराणसी : बाबु माधवप्रसाद शर्मा, इस्वी २००८ (सं १८)।*

प्रस्तुत ग्रन्थमा श्रीस्वस्थानी व्रतकथाको सम्पूर्ण शास्त्रीय पक्ष वर्णन गरिएको छ। यस ग्रन्थभित्र मूल देवता श्रीस्वस्थानीको पूजाविधि, व्रतकथा मूल संस्कृत श्लोक सम्वादको शैलीमा समावेश गरिएको छ। श्लोक सरल नेपाली भाषामा अनुवाद गरिएको छ।

*(ग)* ***श्रीस्कन्दपुराण,*** *गोरखपुर : गीताप्रेस (इस्वी २०१०)।*

प्रस्तुत ग्रन्थको नेपाल महात्म्य खण्डमा नेपालको पौराणिक महत्वबारे वर्णन गरिएको छ। यस ग्रन्थले शिव-पार्वतीको कथा श्रीस्वस्थानी व्रतकथाको मूल स्रोत पनि स्कन्द पुराण हो

भन्ने संकेत गरेको छ । श्रीस्वस्थानी व्रतकथाको हरेक अध्यायको समापनपछि उल्लिखित "इति स्कन्दपुराणे केदारखण्डे माघमहात्म्ये" वाक्याशंले पनि स्कन्दपुराणमा श्रीस्वस्थानीको महत्वलाई प्रस्टाएको छ । श्रीस्कन्द पुराणमा हिमवत खण्डबारे प्रशस्त वर्णन पाइन्छ । यस क्षेत्रको ऐतिहासिक एवमं धार्मिक महत्वबारे विस्तृत महिमा उल्लेख गरिएको छ । बजारमा उपलब्ध श्रीस्वस्थानीव्रतसम्बन्धी पुस्तकहरूको मूल आधार यसै श्रीस्कन्द पुराणलाई मानिन्छ । यही कारण श्रीस्वस्थानीव्रत कथाका पुस्तकमा रहेका प्रत्येक अध्यायको अन्तमा "श्रीस्कन्दपुराणे केदारखण्डे" उल्लेख गरी अध्याय समापन गरिन्छ । तथापि आधुनिक विज्ञान, मनोविज्ञान, आधुनिक समयसापेक्षता लगायत विविध पक्षबारे यहाँ जानकारी उपलब्ध छैन ।

*(घ) **श्रीलिङ्गपुराण**, गोरखपुर : गिताप्रेस (इस्वी २०११)।*

श्रीलिङ्गपुराण पूर्वभाग, उत्तरभाग, परिशिष्ट र चित्रसूची गरी चार भागमा विभाजित छ । श्रीस्वस्थानी व्रतकथासँग सम्बन्धित शिव-पार्वतीको प्रसंग लिङ्गपुराणको पूर्वभागमा वर्णित रहेको छ । तथापी यस साहित्यमा पौराणीक कथा एवं अन्य घटनाक्रमसम्बन्धी विषयहरू मात्र सीमित रहेको छ । शिवलिङ्गको शास्त्रीय वर्णन मात्र छ । भौतिक विज्ञान एवंम खगोल विज्ञानको आधार यहाँ समावेश गरिएको छैन ।

## १.६ शोध सीमा

यस शोधमा श्रीस्वस्थास्नीको मूल तीर्थ शाली नदी स्थललाई अध्ययनको आधार क्षेत्र मानिएको छ । यो अध्ययन श्रीस्वस्थानी ग्रन्थको कथा र विश्वका केही महत्वपूर्ण स्वस्थानीय देवीदेवताहरूमा केन्द्रित रहने छ । यस अध्ययनको कार्यक्षेत्र काठमाडौंका वर्तालुका साथै विशेषरूपले शाली नदी आसपासको सांस्कृतिक अध्ययन हुने भएकाले श्रीस्वस्थानी व्रतपरम्पराका अन्य भौगोलिक पक्ष यहाँ समावेश हुने छैन । यसकारण नेपाल अधिराज्य भरिका अन्य क्षेत्रमा, विविध जातिमा प्रचलित श्रीस्वस्थानी व्रत परम्परामा सूक्ष्म सांस्कृतिक पृथकता बारे यस अध्ययनमा समावेश हुनेछैन । यो व्रत परम्परा मूलतः शास्त्रीय पद्धतिकै आधारबाट पालन गरिने हुँदा श्रीस्वस्थानी व्रतकथा पुस्तकको रूपमा नेपालभरि उपलब्ध छ ।

## १.७ शोध विधि

### १.७.१ प्राथमिक स्रोत

यसअन्तर्गत स्थलगत सर्वेक्षण, फोटोग्राफी, अन्तर्वार्ता तथा प्रश्नावली बनाई यस क्षेत्रको लोकसंस्कृति अध्ययन गरिएको छ ।

### १.७.२ द्वितीय स्रोत

हालसम्म श्रीवस्थानी व्रतकथा र साली नदी क्षेत्रको सांस्कृतिक गतिविधिसँग सम्बन्धित लेख रचना, तथा पुस्तकहरूको सहयोग लिइएको छ ।

## १.८ शोध रूपरेखा

पहिलो अध्याय : शोध परिचय

दोस्रो अध्याय : श्रीस्वस्थानी व्रतकथा परम्पराको ऐतिहासिक पृष्ठभूमि

तेस्रो अध्याय : नारीप्रधान व्रत परम्परा

चौथो अध्याय : पूर्वीय संस्कृतिको वैज्ञानिक पक्ष

पाँचौं अध्याय : श्रीस्वस्थानी तीर्थ सम्पदा

छैठौं अध्याय : विश्व परिप्रेक्षमा स्थानीय देवीदेवता

सातौं अध्याय : उपसंहार

दोस्रो अध्याय

# श्रीस्वस्थानी व्रतकथा परम्पराको ऐतिहासिक पृष्ठभूमि

श्रीस्वस्थानीका मूल देवता शिव पार्वती हुन् । यिनै शिव शक्तिबाट बिस्तारित अन्य देवी देवतालाई पनि स्थानीय स्तरमा पूजा गरिन्छ । यस कारण सबै देवी देवताका मूल शिव र आदि शक्ति पार्वतीलाई मानिन्छ । श्रीस्वस्थानी (चित्र : १) व्रत परम्परा श्रीस्वस्थानी संस्कृतिको एक अभिन्न अङ्गका रूपमा रहदै आएको छ ।

स्वस्थानी देवताको अर्को अर्थ हुन्छ स्थानीय देवता, जुन गाउँ, समाज वा क्षेत्रसँग सम्बन्धित छन् । कुल देवतालाई पनि स्वस्थानीय देवतासँग तुलना गर्ने गरिन्छ । यसर्थ स्वस्थानी देवता कुल र स्थानीय भूगोलभन्दा भिन्न हुन सक्दैनन् । यस प्रकारका देवतामध्ये केही स्थापना गरेर पूजा गरिन्छ भने अन्य स्थानीय स्थलमै पहिलेदेखि स्वयम् स्थापित वा प्रकट भएका हुन सक्छन् । प्रकृतिका देवता ग्राम देवता अथवा पितृ देवताहरू पनि मुख्य रूपमा स्वस्थानी देवताका अंश हुन् भन्ने मान्यता छ । स्थल, जल, वायुमण्डल, अन्तरिक्ष, स्वर्ग आदि विविध स्थान लोक आदिको शासन गर्ने शक्तिशाली देवताको स्थान (realm) विशेष हुने हुँदा स्वस्थानी संस्कृतिको अत्यन्त व्यापक अर्थ लाग्ने देखिन्छ ।

शब्दको विश्लेषण गर्दा -

स्व - (पुं) आत्मा/आफू

स्थानीय - (विशे) १. रहन योग्य ठाउँ २. स्थानमा रहेको

परमेश्वर - (पुं) १. शिव २. विष्णु (गौतम : २०६१ :३७५-३७८)

परमेश्वरी - आदिशक्ति (प्राणीमात्रको कल्याण गर्नै सम्पूर्ण दिव्यशक्तिको मूल सत्ता अर्थात् प्रमुख शक्ति) ।

एवं प्रकारले **स्व** को अर्थ स्वर्गसँग तुलना गरिएको विविध ग्रन्थमा पाइएको छ । विश्वमा व्याप्त आदिशक्ति (देवी) को पुरुष रूप देवादिदेव महादेव रहेको बुझिन्छ । जसको निर्गुणरूपलाई शिव भनिन्छ । बिजरूपी शिवशक्तिबाट नै विश्वका सम्पूर्ण देवीदेवताहरूको सृष्टि अर्थात् रचना भएको श्रीस्वस्थानी ग्रन्थमा उल्लिखित छ । यसैको आधारमा विश्वका देवीदेवता उपासना गर्ने संस्कृतिको बिस्तार भएको मान्न सकिन्छ । शिव अर्थात् परम्सत्तालाई मुक्त स्वरूप अर्थात् निर्वाण पद भनिन्छ ।

## २.१ पृष्ठभूमि

सत्ययुग देखि नै सुरु भए पनि श्रीस्वस्थानी व्रत परम्परा नेपाली समाजमा १४ औं शताब्दिदेखि विशेष रूपले लिपिबद्ध  भएको बुझिन्छ । यसअघि श्रुति स्मृति परम्परा रहेको थियो । यसको व्रत अवधि एक महिनाको हुने गर्दछ । पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म अपनाइने यो तपस्या पद्धति आफैँमा मौलिक छ । यस व्रत परम्परामा शाली नदीको क्षेत्रहरूको आफ्नै ऐतिहासिक एवम् सांस्कृतिक पक्ष छन् । स्थलगत अवलोकन एवम् अध्ययनबाट व्रतसँग सम्बन्धित विविध पृष्ठभूमिहरूबारे अवगत हुने स्थिति आजसम्म कायम छ । जीवित संस्कृतिको रूपमा यस परम्परालाई अध्ययन गर्न सकिन्छ । नेपालका विभिन्न स्थानमा यो परम्परा प्रचलित छ ।

श्रीस्वस्थानी व्रत परम्परा नेपालको मौलिक परम्परागत साधनाको रूपमा रहिआएको छ । नेपाली नारीहरूमा विशेष रूपले लोकप्रिय यो व्रत आआफ्नो क्षेत्रमा पौषशुक्ल पूर्णिमाका दिनदेखि एक महिनाभरि व्रत पालना गरी माघ शुक्ल पूर्णिमामा सम्पन्न गरिन्छ । सन्यासी, ब्राह्मण तथा क्षेत्री ठकुरी जातिहरूमा अधिक लोकप्रिय रहे तापनि अन्य जातिहरू माझ जस्तै राई, लिम्बू, गुरुङ, मगर, तामाङ, नेवार (विशेषगरी काठमाडौं उपत्यकाका नेवार समुदाय) ले पनि  यो व्रत निष्ठाले पालना गर्ने गरेको पाइन्छ । व्रत बस्ने व्रतालुले व्रत र पूजाको सम्पूर्ण प्रक्रिया आफ्नै घरमा अथवा स्थानीय मन्दिर वा अन्य कुनै क्षेत्रमा समापन गर्ने गरे तापनि काठमाडौको पूर्व शङ्खरापुरस्थित शाली नदीमा भने व्रतको प्रक्रिया केही भिन्न छ । व्रतको स्वरूप अन्य ठाउँको भन्दा यहाँ निकै कठिन देखिन्छ । व्रतालुहरू घर परिवारबाट अलग रही पूरै एक महिनासम्म शाली नदीमा स्वस्थानी व्रतको विधि अनुरूप दिनचर्यामै  प्रत्येक दिन

बिताइएको पाइन्छ । नेपालको अन्य ठाउँमा भन्दा यस क्षेत्रमा व्रतको प्रक्रियामा केही भिन्नता देखिए तापनि सैद्धान्तिक रूपमा समानता रहेको छ । स्वस्थानी व्रतको मूल आधार सनातन वैदिक ग्रन्थ जस्तै शिवपुराण, स्कन्दपुराण, लिङ्गपुराण आदि स्रोतबाट व्रतको पृष्ठभूमि तयार भएको बुझिन्छ । स्वस्थानी व्रतसँग सम्बन्धित पुस्तकमा शिवपुराण, स्कन्दपुराण, लिङ्गपुराणबाट साभार गरिएका सामग्रीहरू (पुस्तक) बजारमा पाइन्छन् । जुन मूल शास्त्रबाटै सम्बन्धित विषयको सङ्क्षिप्त स्वरूप रहेको छ ।

श्रीस्वस्थानी व्रत आफैँमा एक विशेषतायुक्त साधना पद्धति भए तापनि यससँग तीज पर्व पनि मुख्य रूपले सम्बन्धित छ । शिव पार्वती मिलनको रूपमा तीज मनाउने गरिन्छ । पार्वतीलाई तीजमाताको रूपमा तीजमा पूजा गरिन्छ । यथार्थमा यो शिवशक्ति मिलन अर्थात् आत्माको परम्‌ात्मासँगको मिलन (योग) हो । यसलाई अष्टाङ्ग योगको भक्ति सूत्र मान्न सकिन्छ । परम् पुरुष शिव मानिन्छ । तिजमा व्रत बस्ने परम्परा भगवान् शिवको प्राप्ती नै मूल लक्ष्य हो । तर आजभोलिको सांस्कृतिक विचलनले गर्दा यो पर्व विकृत र भड्किलो बनेको छ । श्रीमानको लागि व्रत बस्ने विश्वास पछि मात्र विकसित भएको हो । परम् मुक्ति नै मुख्य लक्ष्य हो । यस अलवा शिवरात्री पर्व र श्रावण महिनामा बोलबम यात्रा पनि महत्वपूर्ण शैव परम्परा हुन् ।

## २.२ पौराणिक इतिहास

श्रीस्वस्थानी व्रतकथाको विश्लेषण गर्दा पौराणिक घटनाक्रमसँग यो कथा सम्बन्धित हुँदै वर्तमानसम्म लोक व्यवहारमा जोडिएको हामी पाउँछौँ । यही कारण कथाको काल्पनिक र व्यावहारिक दुवै खाले अनुभव पाठक र उपासकलाई जाग्न सक्छ । प्राचीन अभिलेखद्वारा हामीलाई प्राप्त ऐतिहासिक जानकारीलाई इतिहासको रूपमा हेर्छौं । तर इतिहासका प्रमाणहरू यस क्षण भङ्गुर र अनित्य जगत्मा सदा रहिरहन नसक्ने कटु सत्यलाई आत्मसात् गर्नुपर्ने हुँदा पौराणिक ग्रन्थ तथा लोक परम्परालाई पनि इतिहास अध्ययन एवम् प्रमाणका रूपमा व्यवहार गर्नुपर्ने हुन्छ ।

**न माधवसमो माससो न कृतेन युगं समम् ।**

**न च वेदसमं शास्त्रं न तीर्थ गङ्गया समम् ॥**

- *स्कन्दपुराण*

**येनास्य पितरो याता येन याता पितांमहाः**

**तेन यायात्सतां मार्ग तेन गच्छन्न रिष्यते ।**

- *मनुःस्मृति*

स्कन्दपुराणको उक्त श्लोकले हामीले मान्दै आएको नववर्षको महत्व बताउँछ । श्रुतिस्मृतिका रूपमा चलेको हाम्रो धर्म-संस्कृति मनुःस्मृतिको उक्त श्लोकले हाम्रा पूर्वजले हिँडेको बाटोबारे महत्वबोध गराउँदछ (संरक्षण समिति, २०६८ : ३४/३५)। हाम्रा शास्त्रहरूले इतिहास मात्र होइन विज्ञान, भूगोल, मनोविज्ञान र भाषा पनि हो । तसर्थ, स्वस्थानी व्रतकथामा जोडिएका अनेकौँ प्रसङ्ग इतिहास र सम्बन्धित समयको विज्ञान, व्यवहार, संस्कार र संस्कृतिका भाषा बोलिरहेको छ भनी हामीले स्वीकार गर्नुपर्ने हुन्छ । श्रीस्वस्थानी व्रत परम्पराको मुख्य विशेषता के छ भने "गागरमा सागर" को रूपमा तपलाई जनसाधारणमाझ सरल ढङ्गले रोचक कथा मार्फत बुझाइएको छ । कल्पौँ अघिका घटना (Legendary Past) लाई पनि कथाको प्रसङ्गले वर्तमानको सरल मानसिकताले बुझ्ने भाषामा रोचक एवम् व्यावहारिक ढङ्गले प्रस्तुत गरिएको छ ।

## २.३ नेपालको परिप्रेक्षमा श्रीस्वस्थानी व्रतपरम्पराको प्राचीनता

श्रीस्वस्थानी व्रतकथा परम्परा नेपालको प्राचीन मौलिक संस्कृति हो । यस व्रतलाई सर्वप्रथम आदिशक्ति पार्वतीद्वारा शिवत्व(मोक्ष) प्राप्तिका लागि सम्पन्न गरिको कुरा विभिन्न पुराणहरूमा उल्लेख छ । जस्तै शिव पुराण, स्कन्द पुराण, लिङ्ग पुराण आदि । समयको कालक्रमसँगै वर्तमानसम्म पनि यो एक तपस्या परम्परा अवशेषका रूपमा चल्दै आएको छ । मनमो शुद्धि, भौतिक आशक्तिको त्याग र परम् तत्व मुक्तिको प्राप्तिका लागि निवृत मार्ग

आत्मसाथ गर्ने परम्परा आज भौतिक, आर्थिक एवं अन्य संसारी अभिलाषा राखी सकाम भावका कारण परम्परा दूषित भएको छ । निष्काम भक्ति एवं तपद्वारा आत्मोन्नीतर्फ यस परम्परालाई पुनशोधन गरी स्थापित गर्नुपर्ने आवश्यकता देखिन्छ । अन्यथा कोरा कर्मकाण्ड र परम्परामा सिमित रहने छ । वि.सं. १६२३ (नेपाल सम्वत ६९३) को अहिलेसम्म प्राप्त सबैभन्दा प्राचीनतम् ताडपत्र नै श्रीस्वस्थानीको पुरातात्विक सामग्री मान्न सकिन्छ । यो ताडपत्र राष्ट्रिय अभिलेखालय पुरातत्व विभागसँग सुरक्षित रहेको छ । राष्ट्रिय अभिलेखालयमा श्रीस्वस्थानी व्रतकथाको सवैभन्दा पुरानो ग्रन्थको माइक्रो फिल्म नेपाल सम्वत् ४४३ को रहेको छ । जयन्तदेव भन्ने व्यक्तिले सुन्दर नेवारी लिपिमा सारेको प्राचीनतम् त्यस ताडपत्रमा स्वस्थानी महादेवीको मूलकथा मात्र छ । यो संस्कृत पद्यमा लेखिएको छ । तर त्यस संस्कृति भाषामा भने भरमार त्रुटि छ । उक्त मूलप्रतीको अन्त्यमा लेखिएको छ-

**इति श्रीरिङ्ग पराणे स्वस्थानपरमे्श्वर्या व्रतकथा समाप्तम् ॥**

**सम्वत् ६९३ फाल्गुण शुक्ल ५ बृहस्पतिबार सिद्धि ॥**

**श्री जयन्त देवस्य लिषितम् ॥ शुभ ॥**

प्रस्तुत वाक्याकांशमा पुस्तकको मूल पाठ परको छ । अहिलेसम्म पाइएकोमा सबैभन्दा पुरानो प्रति यही नै हो । नेपाल शक्तिप्रधान मुलुक हो । यहाँ प्राचीनकालदेखि शक्ति पूजा गर्ने परम्परा चल्दै आएको छ । कान्तिपुरका प्रतापी राजा प्रताप मल्लले सो परम्परा अनुसार नेपाल सम्वत् ७९४ (वि.सं. १७३१) मा माघ महिनाको शुक्ल पक्ष पञ्चमीको पावन दिन पारी तानाबहालमा आयुध आसनसहित शिवका साथ श्रीस्वस्थानी महादेवीको मूर्ति (चित्र नं. ५) स्थापना गरेका हुन् । नेवारी लिपिमा लेखिएको श्रीस्वस्थानी व्रत विधिको पुरानो ठयासफूमा उल्लेखित स्वस्थानी यन्त्रमा केही मन्त्राक्षरहरू छन् । त्यस मन्त्रमा 'ॐॐह्रीं सुठायै नमः' भन्ने सप्ताक्षरी मन्त्रको मात्र विश्लेषण गर्दा यहाँ 'ॐ' ब्रह्मबिजात्मक र 'ह्रीं' माया बिजात्मक मन्त्राक्षर हुन् । तर यहाँ प्रयुक्त 'सुठा' शब्द सम्भवतः स्वस्था (स्वस्था देवी ) शब्दकै अपभ्रंश रूप हुनसक्छ (शर्मा, २०४९ : ७१)।

## २.४ श्रीस्वस्थानी व्रतकथाको सारसंक्षेप

स्वस्थानी व्रतकथाको प्रारम्भ प्रथम अध्यायबाट हुन्छ जुन सन्दर्भ स्कन्दकुमारले अगस्त्यमुनिलाई घटनाको वृतान्त सुनाएको शृङ्खला हो । उक्त वर्णन शिवपुराण, लिङ्गपुराण र स्कन्दपुराणमा रहेको छ । यद्यपि प्रचलित स्वस्थानी ग्रन्थहरूमा स्कन्दपुराण नै बढी उल्लेख गरिएको पाउँछौँ । श्रीस्वस्थानी व्रतकथा पुस्तकको प्रत्येक अध्यायको समापनपछि "इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमहात्म्ये कुमाराऽगस्त्य-संवादे" भनी स्पष्टरूपमा उल्लेख गरिएको पाइन्छ (शर्मा, २००८ : ८४)।

श्रीस्वस्थानी व्रत कथामा मुख्य पात्र शिव र पार्वतीलाई बनाइएको छ । सनातन हिन्दु धर्ममा शिवलाई अर्धनारीश्वर अर्थात् शिवशक्ति भनी वर्णन गरिएको हुँदा ईश्वरको नर र नारी स्वरूपको एकात्मक अभिव्यक्ति गरिएको पाउँछौँ । कथामा रहेका विविध देवीदेवता सम्पूर्ण रूपले शिवशक्ति कै सृष्टि हुन् भन्ने देखाइएको छ । यसप्रकार ईश्वरको एकात्मक अस्तित्वबाट अनेक सृष्टि भई अन्ततः प्रलयकालमा ईश्वरमै समेटिने घटनाक्रमको बीच अनेक रोचक एवम् ज्ञानवर्द्धक शृङ्खलाले जीव र जगत्को अन्तर्सम्बन्धलाई बोध गराउने हुँदा कथाले प्रशस्त व्यावहारिक उपलब्धि दिनेबारे महसुस हुन्छ । सम्पूर्ण स्वस्थानी कथा प्रसङ्ग निम्न बमोजिमको अध्यायमा विभक्त गरिएका छन् ।

### (क) प्रथम अध्याय

प्रथम अध्यायमा शिवको उत्पत्ति र आत्माको अस्तित्वबारे वर्णन छ । यहाँ प्रकृतिलाई अव्यक्त स्वरूप र जीवलाई आत्माको रूपमा प्रस्तुत गरिएको छ । ईश्वर (शिव) को सृष्टिमा सत्व, रजो, तमो यी तिनै गुण सृष्टिमा रहने, व्याप्त हुने हुँदा आपसी अन्तर्क्रियाको भरमा सृष्टिमा गति उत्पन्न हुन्छ । प्राणीको अस्तित्व बुद्धि, अहंकार, ११ इन्द्रिय, ५ तनमात्रा, ५ महाभूतबाट निर्मित सत्यलाई प्रकाशित गरिएको छ । सृष्टि, पालना र संहारमय जगत्मा (Generator Operator Destroyer) ब्रह्म, विष्णु र रुद्रको स्वरूप गतिशील रहेकोबारे प्रष्ट्याइएको छ । सम्पूर्ण भौतिक सृष्टि पञ्चमहाभूत - पृथ्वी, जल, वायु, आकाश र अग्निद्वारा निर्मित सत्यको अभिव्यक्त गरिएको छ । सुवर्णमय सुमेरु पर्वतलाई परमात्माको गर्भाशय भनिएको छ । यस खण्डमा सम्पूर्ण लोक (चन्द्रमा, सूर्य, ग्रह, वायु, नक्षत्र) स्थिर रहेका छन् भनी

बताइएको छ । यसप्रकार सृष्टिको विविध अस्तित्व ब्रह्मको सङ्कल्पले उत्पन्न हुनेबारे बोध प्रथम अध्यायले गराउँदछ ।

### (ख) द्वितीय अध्याय

द्वितीय अध्याय जलमय पद्मकल्पको वर्णन रहेको छ । विष्णुको नाभिबाट हजारपाते कमल उत्पन्न भई सोही कमलबाट ब्रह्मको उत्पत्तिसँगै सृष्टिको रचना हुन पुगेको बारे व्याख्या छ (श्रीलिङ्ग महापुराण, २०६८ : १७२/१७३)। विष्णुको कानेगुजीबाट दुई पराक्रमी दैव्य मधु र कैटभ उत्पन्न हुन्छन् (यो प्रतीकात्मक बुझिन्छ) । यी दैत्यहरूले ब्रह्मको आसनलाई हल्लाउन खोज्दा त्रसित (विचलित) भई ब्रह्मले योगमायाको आराधना गर्दछन् । कालान्तरमा योगमायाद्वारा विष्णुको उत्पत्ति गराई दिव्य पाँचहजार वर्षसम्म युद्ध भई अन्ततः दैत्यहरूलाई विष्णुले काखमा राखेर मार्दछन् । यिनै दैत्यहरूको बोसोबाट समुद्रमाथि पृथ्वी भयो, मासुले पर्वत र हाडले पत्थर भयो । त्यसपछि मात्र ब्रह्मले चौध लोक सृष्टि गरे भनी वर्णन छ । ब्रह्माण्डको स्वरांशोधन (Self correcting, Self-recycling nature), प्रकृतिको वर्णन यहाँ पाउँछौं ।

**(अ) माथिका लोक**

भूर्लोक, भुवर्लोक, स्वर्गलोक, महर्लोक, जनलोक, तपोलोक र सत्यलोक ।

**(ख) तलका लोक**

अतल, वितल, सुतल, तलातल, महातल, रसातल र पाताल आदि सृष्टि भएको बताइन्छ ।

| द्विपहरू | निम्न योजन बिस्तार |
|---|---|
| जम्बूद्वीप | १००००० |
| लक्षदीप | २००००० |
| शातमलीद्वीप | ४००००० |
| कुशद्वीप | ८००००० |
| क्रौञ्चद्वीप | १६००००० |
| शाकद्वीप | ३२००००० |
| पुष्करद्वीप | ६४००००० |

आदि सात द्विप (Continents) पनि सृष्टि गरिए र प्रत्येक द्वीपमा राजा पनि निर्धारित गरिए (शर्मा, २००८ : ७)। जम्बुद्विपले सुमेरु पर्वतलाई चारैतिरबाट घेरेको छ । तत्पश्चात् सृष्टिकर्ता ब्रह्म, महादेवकहाँ गई दिव्य बाह्र हजार वर्षसम्म तपस्या गरी विविध प्राणी, कश्यम

आदि लगायत सूर्य, चन्द्र आदि सहित तेत्तीसकोटि देवताको जन्म भयो । एवम् प्रकारले दिकपाल, प्रजापति तथा उनका स्त्रीको पनि सृष्टि भयो । सतीदेवीको जन्म यही अध्यायबाट प्रारम्भ हुन्छ । यही अध्यायमा अष्टपर्वतको सृष्टिबारे प्रसङ्ग पाउँछौँ । ती हुन् : (१) गन्धमादन पर्वत, (२) कैलाश पर्वत, (३) हिमालय पर्वत, (४) त्रिकुट पर्वत, (४) चित्रकूट पर्वत, (६) चन्द्रकूट पर्वत, (७) चन्द्रान्तक पर्वत, (८) सुमेरु पर्वत । भूगर्भीय दृष्टिकोण अनुरूप यी द्वीपहरूको बिस्तार (Continental drift) पहिलेको सत्ययुगीन एकात्मक (Pangea) अवस्थाबाट पछिमात्र भएको हुनुपर्छ ।

### (ग) तृतीय अध्याय

तेत्तीसकोटि देवता लगायत ऋषि, यक्ष,  गन्धर्व, किन्नर, अष्टवसु, दश दिकपाल आदि सबैको विवाह दक्ष प्रजापतिका तेत्तीसकोटि कन्यासँग विवाह सम्पन्न हुन्छ । यो प्रसङ्ग द्वैतभावभित्र एकात्मक ब्रह्मभावको अवस्था बुझिन्छ । यस कुराको जानकारी भए पछि महादेव दक्ष प्रजापतिको घरमा जेष्ठ कन्या सतीदेवी प्राप्त गर्ने मनसायले पुग्दछन् (श्रीलिंगपुराण, २०६८ : १७२/१७३)। यो प्रसङ्ग विश्वब्रह्माण्डको ऐक्यबद्ध नियम अर्थात् Unifying evolution of universal law को विकासक्रम बोधक देखिन्छ जुन परम् पुरुषमा लागु हुन्छ । महादेवको कुरूपता आदिको कारण देखाई दक्ष प्रजापतिले कन्या दिन इन्कार गर्दछन् साथै महादेवको निकै अपमान गरिन्छ । पछि विष्णुद्वारा महादेवलाई कुनै उपायद्वारा सो विवाह सम्पन्न गराइदिने आश्वासन प्राप्त हुन्छ ।

### (घ) चतुर्थ अध्याय

विष्णुले छल गरी दक्ष प्रजापतिद्वारा कन्यादान हुने अवसरमा महादेवलाई सतीदेवी हस्तान्तरण गरिन्छ । तत्पश्चात् महादेव र सतीदेवीको कैलाश सवारीबारे यस चतुर्थ अध्यायमा वर्णन छ (ऐजन)। यहाँ वर्णित शिवले भाङ धतुरो खाई लठ्ठिने प्रसङ्ग अपव्याख्या भएको बुझिन्छ । अन्तर्मुखी भई आत्माको निर्विकारीपनमा (कैवल्यभाव/निर्वाणपद), एक रस आनन्दको सन्देश नशालिप्त जनसमाजमाझ सम्प्रेषण गर्ने प्रयासमा भाङ, गाँजा, धतुरो अनावश्यक रूपमा पछि जोडिएका शब्दहरूका रूपमा बुझ्न सकिन्छ ।

**(ङ) पञ्चम अध्याय**

मय नामक दैत्यले अन्य दुई सहयोगी 'तारकाक्ष' र 'विद्युत्प्रभ' नामक दुई साथीको साथमा अघोर तपस्या गर्दा ब्रह्मद्वारा अमरत्व वरदान प्राप्त गर्दछन् । पछि यिनै दानवद्वारा अन्तरिक्षमा त्रिपुर (Satellite Cities) निर्माण गर्दछन् (हालको Space station सरह) । कालान्तरमा त्रिपुरबासी दानव र पृथ्वीका मनुष्य तथा देवगणबीच लगातार युद्ध हुन्छ । इन्द्रलगायत सम्पूर्ण देवता कमजोर हुनाले युद्धमा हार्दछन् । यस्तो निराशाजनक स्थितिमा ब्रह्म आदिद्वारा त्रिपुर ध्वंश गर्नु पर्ने भन्दै याचना शिवसँग गर्दछन् । शिवले एउटा धनुषबाणद्वारा उक्त त्रिपुरलाई दसहजार दिव्य वर्षपछि आधा निमेषमा ती पुरहरू जोडिएको (Axial Position) अवस्थामा योगबलद्वारा (धनुषवाण) प्रहार गरी विनाश गरिएको बताइएको छ (ऐजन)। उक्त त्रिपुरको भग्नावशेषपछि समुद्रमा खसेर विलुप्त हुन्छ । शिवको नाम यस कारण त्रिपुरेश्वर रहन पुग्यो भनिन्छ ।

**(च) षष्ठम् अध्याय**

दक्ष प्रजापति र विरणीको आपसी सल्लाहअनुसार अश्वमेघ यज्ञ गर्ने सङ्कल्प गर्छन् । उक्त यज्ञमा अन्य सबै देवताहरू आमन्त्रित थिए, मात्र शिवलाई निमन्त्रणा गरिएको थिएन । सतीदेवीको तीव्र इच्छाका कारण महादेवले रोक्दा रोक्दै पनि माइत अर्थात् दक्ष प्रजापतिको घरमा बिना निमन्त्रणा पुगेको बारे वर्णन छ । त्यहाँ आफ्नो पतिको अपमान खप्न नसकी सतीदेवीले आफ्नो प्राण उक्त हवनकुण्डमै त्यागेको घटनासँगै षष्ठम् अध्याय समाप्त हुन्छ । यस्तो घटनाको सूचना महादेवले पाएपछि क्रोधित भई आफ्नो सेना लिएर उक्त घटनास्थलमा पुगेको घटना वर्णन छ (ऐजन)। यतिकैमा महादेवका गण र दक्ष प्रजापतिका सेनाबीच ठूलो सङ्ग्राम हुन्छ ।

**(छ) सप्तम् अध्याय**

यस अध्यायमा नारदद्वारा महादेवलाई गरिएको युद्धको वर्णन समावेश छ । हवनकुण्डमा सतीको मृत्यु भएको खबरले महादेव रुष्ठ भै आफ्नो जटा भूँइमा पछारेर वीरभद्र र महाकाली उत्पन्नगराएको बारे यहाँ बताइएको छ ।

**(ज) अष्टम् अध्याय**

शिवका सेनाद्वारा क्रोधवश दक्षप्रजापतिको शिर अग्नी कुण्डमा फालेको प्रसङ्ग यहाँ वर्णित छ । यस घटनाका कारण दक्षप्रजापतिलाई पत्नी विरणी मुर्छित हुन्छिन् । पछि होसमा आएपछि उनको विन्ति अनुसार दक्षप्रजापतिलाई जीवनदान दिइएको छ । बोकाको शिर जोडेको प्रसङ्ग यही अध्यायमा वर्णित छ ।

**(झ) नवम् अध्याय**

महादेवले मृतक सतीदेवीलाई पिठ्यूँमा राखी विक्षिप्त (सती अभाव अवस्था) जस्तो भई पृथ्वी भ्रमण गरेको वर्णन छ । यस क्रममा सतीदेवीको विभिन्न अङ्गपतन भएका स्थानमा सम्बन्धित पीठहरूको उत्पत्तिबारे प्रसङ्ग नवम् अध्यायमा पाउँछौँ । यो सन्दर्भ ब्रह्माण्डीय ऊर्जा (Cosmic Energy) को आलय (भङ्ग ज्ञान) हो भनी बुझ्नु पर्छ । विश्वमा दिव्य शक्तिपीठहरू centres of divinity) को उत्पत्तिको विकासक्रम यस अध्यायबाट प्रष्ट हुन्छ ।

**(ञ) दशम् अध्याय**

यस अध्यायभित्र ग्रसन-वध, मथन-वध, महिषासुर-पराजय, शुम्भ-पराजय, गजासुर-संहार, निमि-पराजय, जम्भ-जम्भारि-संग्राम, जम्भासुर-वध, तारकासुरको संग्राम, देवता-ब्रह्मा संवाद आदि दिइएको छ ।

**(ट) एकादश अध्याय**

महादेव यस क्रमले हिँड्दै गरेको स्थितिको अवसर पारेर तार्कासुरले देवगणमाथि युद्ध गर्ने योजना बनाउँदछ । प्रतीकूल परिस्थितिका कारण कमजोर भएका देवता परास्त हुन्छन् । साथै दैत्यद्वारा स्वर्ग, मर्त्य र पातालसहित दिव्य अमरावती (वर्तमान नेपालको काठमाडौँ) पनि आफ्नो अधीनमा पार्दछन् । पृथ्वी भ्रमण गरी मृगस्थलीमा आएका महादेवलाई देवगणहरूले आफ्नो पराजयबारे विवरण सुनाउँदछन् । उसबेला पशुपति क्षेत्रमा दिव्य मणिमाणक्य, सुन, चाँदी आदिले निर्मित महेशवरपुरी नामक भव्य सहर (Divine Metropolis City ) थियो (Forbes & Chaube, 2000 : 61)। द्वापर युगको अन्यमा देवताहरू आ-आफ्नो लोकमा फिर्ता गइसकेपछि दिव्यता लोप भई यो सहर, काठ र ढुङ्गामा परिणत भई काष्ठमण्डप नाम रहन गएको भन्ने मान्यता छ ।

**(ठ) द्वादश अध्याय**

एकसय वर्षसम्म पृथ्वी भ्रमण गरिसकेपछि एक दिन महादेवको होस खुल्छ । होस जागेपछि महादेवले तपस्या गर्न उत्तरापन्थ प्रस्थान गर्नुहुन्छ । यसै क्रममा हिमालय पुत्रीको जन्म मेनकाको गर्भबाट हुन्छ । बाल्यावस्थादेखि नै हिमालय पुत्री पार्वती शिवका भक्त थिइन् । यस अध्यायमा पार्वतीलाई शिव प्राप्त गर्ने उपाय विष्णुद्वारा बताइएको प्रसङ्ग छ । यस क्रममा विष्णुद्वारा स्वस्थानी व्रतको विधिको सम्पूर्ण व्याख्या भएको पाउँछौं । सो अनुरूप पार्वतीले विष्णु (माधव नारायण) लाई गुरूपूजा गरी शिवलाई प्राप्त गर्ने स्वस्थानी व्रतको कठोर तप सम्पन्न गरेको प्रसङ्गबारे यस अध्यायमा व्याख्या छ । शिवलाई पार्वती कन्यादान भएको प्रसङ्ग पनि यसै अध्यायमा वर्णन गरिएको छ । शिव पार्वतीको मिलनलाई तीजपर्वले स्मरण गराउँछ । नेपालमा मात्र तीज अधिक लोकप्रिय छ ।

**(ड) त्रयोदशम् अध्याय**

यस अध्यायमा सतीदेवीलाई शिवले पार्वतीको रूपमा प्राप्त गरेको एवं शिव-पार्वतीको विवाह प्रसंगबारे उल्लेख छ । यस अध्यायमा शिव-पार्वतीका दाम्पत्य जीवनका थुप्रै कुराहरु समावेश छन् ।

**(ढ) चतुर्दशम् अध्याय**

यस अध्यायमा शिवलाई पार्वतीले लोककल्याणका लागि अभिप्रेरित गरिएका प्रसङ्ग वर्णित छन् । शिवपार्वती श्लेष्मान्तक वनमा किराँत किराँतिनी भेषमा दिन बिताएको प्रसंग छ ।

**(ण) पञ्चदशो अध्याय**

यस अध्यायमा गणेशको जन्मबारे वर्णन रहेको छ । अग्नि, गणेश, तारकासुरको तपस्याबारे वर्णन लगायत तारकासुरद्वारा अमरावतीको आक्रमणसँग यस अध्याय सम्बन्धित छ । कालान्तरमा शिवको मद्दतले इन्द्र आदि देवताले अमरावती पुनः प्राप्त गर्दछन् ।

**(त) षोडशोऽध्याय**

श्लेषमान्तक वनमा सुनौलो वर्ण, तीन नेत्र र एक सिङ्ग भएको मृगको रूपमा शिवले रमण गरेको वर्णन यस अध्यायमा पाउँछौं । रावण, जलन्धर तथा वृन्दाको प्रसङ्ग पनि यही अध्यायबाट प्रारम्भ हुन्छ ।

**(थ) सप्तदशोऽध्याय**

यस अध्यायमा जलन्धरको र वृन्दाको वृतान्तको वृहत् वर्णन छ । युद्धमा जलन्धरको मृत्यु र वृन्दाको वैकुण्ठगमनको प्रसङ्गसँगै अध्याय समापन हुन्छ ।

**(ध) अष्टादशोऽध्याय**

वृन्दाको श्रापले विष्णुलाई तुलसी, कुश, पिपल र शालीग्राम हुनु परेको प्रसङ्गलगायत अश्वत्थामा ऋषिद्वारा नागिनीहरूको कल्याणका लागि स्वस्थानी व्रत गराएको प्रसङ्ग छ ।

**(न) एकोनविशोऽध्याय**

यस पूर्व अध्यायको वर्णन पाताल लोकसँग सम्बन्धित छ । यस अध्याय मर्त्यमण्डलका बारेमा रहेको छ । यस अध्यायमा विपन्न शिवभट्ट दम्पतिले सिद्धि गणेशको पूजा गरी सम्पन्न भई सन्तानलाभी भएको प्रसङ्ग छ । गोबरबाट उत्पन्न भएकी गोमाद्वारा भिक्षुक भेषधारी शिवलाई भिक्षा दिन विलम्ब भएको हुँदा बूढोसँग विवाह हुनु पर्ने श्राप लाग्छ । सत्तरी वर्षे शिव शर्मा नामक ब्राह्मणसँग सोह्र वर्षीय गोमाको विवाह सम्पन्न हुन्छ । शिव शर्माको मृत्यु पश्चात् कैलाश आवगमन हुन्छ । उता गोमाबाट नवराज नामक पुत्रको जन्म हुन्छ । वियोगका कारण पितालाई खोज्न आफ्नी स्त्री चन्द्रावतीलाई आमासँगै छोडेर नवराज परदेश लागेको प्रसङ्ग छ । (हिन्दु नारीप्रति मुसलमानको अत्याचारको समयमा मनुस्मृति लेखिएको थियो । बालविवाह प्रसङ्ग यहीँबाट प्रारम्भ थियो । यद्यपि विवाहपश्चात् बालिका आफ्नै जन्मघर बस्थिन्, उमेर पुगेपछि मात्र केटाको घर जाने चलन थियो । आफ्नो संस्कृति र संस्कार जोगाउने अभिप्रायले प्रारम्भ गरिएको  प्रचलन थियो यो । वैदिक कालमा बूढा ऋषिहरूले आफ्नो तपस्याकालमा सेवा लिन कलिला उमेरका स्त्री विवाह गरी पुत्रीभावको व्यवहार रहन्थे । यसको उदाहरण च्यवन ऋषिसँग मिल्छ । मनुस्मृति र स्वस्थानीको खण्डन पाश्चात्य शिक्षाको प्रभावका कारण हुन थालेको देखिन्छ ।

**(प) विशोऽध्याय**

पार्वतीले मयलबाट गणेशको मूर्ति बनाई द्वारमा राखेको प्रसङ्गलगायत शिवले गणेशको शिर छेदन गरेको घटना यहाँ रहेको छ । गणेश र कुमारद्वारा सुमेरु पर्वतको परिक्रमा लगायत गङ्गालाई श्रीस्वस्थानी पूजाको उपदेश प्रदान गरेको बारे यसै अध्यायमा वर्णित छ ।

**(फ) एकविशोऽध्याय**

महादेव राजहंसको रूपमा मानसरोबरमा अन्य राजहंसहरूसँगको जल क्रिडाबारे यहाँ चर्चा गरिएको छ । विष्णु महादेवको संवाद र दैत्यमाथिको युद्धप्रसङ्ग यहाँ समावेश गरिएको छ ।

**(ब) द्वादशोऽध्याय**

ब्रह्मपुर नामक मृत्यु मण्डलको प्रसङ्ग यहाँ उल्लेख छ । सिद्धि गणेशको भक्ति उपासनाबारे पनि यहाँ उल्लेख छ । शिवभट्ट ब्राह्मण दम्पतिको दरिद्रताबाट पाएको मुक्ति लगायत गोमाको जन्मबारे यस अध्यायमा वर्णन छ ।

**(भ) त्रयोविशोऽध्याय**

पुत्र, पति र बुहारी (माइत गएको अवस्था) को वियोगका कारण दुःखी भएकी गोमा ब्राह्मणीप्रति सद्भाव राख्दै ऋषिहरूद्वारा श्रीस्वस्थानीको विधिपूर्वक व्रत गराउन आदिशक्ति पार्वतीले अह्राएको वर्णन पाउँछौँ । गोमा र गोठालाहरूमा स्वस्थानी कथाको प्रभावले भएको पुत्रलाभ इत्यादि यहाँ वर्णन छ ।

**(म) चतुर्विशोऽध्याय**

यस अध्यायमा नवराजले गंगास्नान गर्दा हरि-हरको दर्शन पाई नवराजले स्तुति गरेको कुरा उल्लेख छ ।

**(य) पञ्चविंशोऽध्याय**

लावण्य देशमा राजाविहीन अवस्था भएको हुँदा अलङ्कृत हात्तीद्वारा राजाको चयन गर्न उत्सव गरिएको थियो । सोही क्रममा नवराजलाई हात्तीद्वारा (हरिहरको प्रभावले) राजा चयन गरिएको प्रसङ्ग लगायत गोमा नवराज आदिको राजमहल प्रवेश यहाँ वर्णन छ ।

**(य) षड्विंशोऽध्याय**

राजमहलबाट चन्द्रावतीलाई लिन डोलेहरू पठाइन्छ । डोलीमा सवार भई आउँदै गर्दा बाटोको जङ्गलमा अप्सराहरू स्वस्थानीको पूजा लगाइरहेको अवस्था थियो (अप्सराहरूलाई पनि मुक्ति आवश्यक पर्ने हुन्छ) । डोली भुइँमा राखेर डोलेहरू पनि उक्त पूजामा सरिक हुन्छन् । यिनै प्रसङ्गहरू यहाँ उल्लेख छन् ।

**(ल) सप्तविंशोऽध्याय**

डोलेहरूद्वारा स्वस्थानीको प्रसाद दिन खोज्दा चन्द्रावतीले डोलेहरूद्वारा विलम्ब भएको भन्दै क्रोधित मुद्रामा उक्त प्रसाद त्यागेको र यसै पापका कारण शाली नदीमा आएको बाढीले डोलेसहित बगी चन्द्रावतीलाई नदी किनारामा कुष्ठरोगको कष्टकर अवस्था भोग्नु परेको बारे वर्णन छ ।

**(र) अष्टविंशोऽध्याय**

चन्द्रावतीद्वारा अप्सराहरूसँगै शाली नदीमा स्वस्थानी व्रत समापन गरी कायाशुद्धि र सौन्दर्य अवस्था प्राप्तिबारे यहाँ उल्लेख छ ।

**(व) एकोनत्रिंशोऽध्याय**

शाली नदीमा स्वस्थानी व्रत पूरा गरी प्रसादरूपी बगाइएको रोटी नागिनीहरूले प्राप्त गरेको हुँदा सोको प्रतापले बिछोड भएको नाग नागिनीहरू भेट हुन्छन् । चन्द्रावतीको खबर पाई राजकीय सम्मानका साथ उनीलाई राजभवनमा भित्र्याइन्छ ।

**(स) त्रिशोऽध्याय**

राजमहलमा गोमा र नवराजलाई चन्द्रावतीले आफ्नो विगतका पाँच वर्षको दुःखको अनुभवको वर्णन यहाँ समावेश छ ।

**(ष) एकत्रिंशोऽध्याय**

गोमा ब्राह्मणी, लावण्यवती रानी र चन्द्रावतीले विगतका दुःखका दिन र स्वस्थानीको पूजाको प्रभावले आएको जीवनमा सुख र सम्पन्नताबारे अनुभवको आदानप्रदानबारे यहाँ उल्लेख छ । साथै स्वस्थानी व्रतको महात्मेयबारेको वर्णनसँगै कथाको सम्पूर्ण भाग समापन हुन्छ ।

## २.५ ॐकाररूपी विन्दुबाट सिन्धुरूप

पराशक्तिमा नै शिवशक्तिको समागमन छ । बीजबाट अङ्कुर र अङ्कुरबाट बीजको उत्पत्ति जस्तै शिवबाट शक्ति, शक्तिबाट शिवको अस्तित्व समाहित हुने मानिन्छ । बीज (Seed) भित्र अङ्कुर (Embryo) भएझैँ दुई नै एक शिवशक्तिको प्रतीक हुन् । शिव बीज सङ्कल्प ज्ञानशक्ति र क्रियाशक्ति पार्वती हुन् । त्यसैबाट अस्तित्वको अभिव्यक्ति हुन्छ । त्यसो हुँदा वर्ण, पद, मन्त्र यी तीन शब्दावली तथा भुवन, कला, तत्व यी तीन अर्थाध्व हुन् । यी छ अध्व (मार्ग) बाट नै समस्त विश्व प्रपञ्चको उत्पत्ति हुन्छ । सृष्टि योग हो । प्रलय वियोग हो । शक्ति आराधना पूजा र साधनाको सन्दर्भमा स्वस्थानी परमेश्वरीको वर्णन अष्टमातृकासँग जोडिनुको अर्को अर्थ देवशक्तिको क्रमिक विकासक्रम (Evolution of godhead/divinity) पनि हो । कमलको अष्टदलमा देखाएको मातृका वर्णन दिव्यशक्तिको तह (Layer) भन्न सकिन्छ जुन मानसको अर्द्धचेतन (Semi-consciouness) र सुषुप्ति (Dormant/unconscious) मनको बोधक हो । विश्वब्रह्माण्डको विकास पुष्पको दलझैँ क्रमिक रूपमा फक्रने (Unfolding universe) प्रक्रिया हो । यही प्रक्रिया मानसको चैतन्य (यत् पिण्डे तत् बह्माण्डे) विकाससँग मेल खान्छ । विश्वब्रह्माण्ड, मानव चैतन्यमा र प्रकृतिमा हुने घटनाक्रम एकसाथ समन्वयपूर्वक हुने गर्दछ । तन्त्रविज्ञानले शक्तिको स्फोटलाई यान्त्रिक भावले बुझाउने प्रयास स्वरूप श्रीयन्त्रको व्याख्या खुल्छ । श्रीयन्त्र, क्रिया र पूजाबोधक हो र साधनाबोधक पनि । श्रीचक्रमा त्रिकोण हुन्छन् जसमा चार त्रिकोण शिवका र पाँच त्रिकोण शक्तिको हुन्छन् । शिवको त्रिकोण माथितिर र शक्तिका त्रिकोण तलतिर भएका हुन्छन् । त्रिकोण, अष्टकोण आदिशक्तिका र अष्टदल कमल, षोडशदल कमल भुपुर शिवका चक्र हुन् । तीनकुने परेको आकृतिलाई 'धर्मोदय' मान्ने संस्कृति छ ( बज्राचार्य, २०६६ : १२८-१३२)। किनकि यो तीन कुने परेको आकृतिले नै सबै प्रकारको धर्म प्रस्फुटित हुने मान्यता छ । तीनकुने आकृति नै भग हो । हेवज्र तन्त्रमा यस्तो लेखिएको छ :

**भगो अस्यास्तीति बुद्धस्य भगवान् इति कथ्यते ।**

**अथवा क्लेशमारणम् भञ्जनाद् भगवान् इति ॥**

संवर तन्त्रमा- **"सर्वयोगो हि भगवान् वज्रसत्व"**

शान्तरक्षित रचित तत्वसिद्धि ग्रन्थमा भगवान्लाई योगसँग नजिक्याइएको छ :

**"सर्वोयोगो हि भगवान् वज्रसत्वस्तथागत"**

## २.६ स्वस्थानीको साधनात्मक पक्ष

स्वस्थानी व्रत परम्परा हाल पूजा र कथाको रूपमा रहे तापनि यो अत्यन्त विशिष्ट एवम् गहिरो साधना पद्धति हो । यस साधनालाई कर्मकाण्ड, न्यास, भक्ति, ज्ञान, ध्यान, तन्त्र, आराधना, विपश्यना, मन्त्रजप, योग, ब्रह्मचार्य, प्राणायाम, राजयोग, क्रियायोग, योगनिद्रा, भावातित ध्यान आदि अनेक साधनाका पक्ष यहाँ प्रतिबिम्बित छन् । मूल रूपमा भक्ति, ज्ञान र चित्तशुद्धिका उपाय नै महामार्ग नै स्वस्थानी साधनाको राजमार्ग देखिन्छ । शिवत्वसँगको अन्तर्मुखी मिलनक्रिया चित्तशुद्धि, भक्ति, सात्विक आहार र योग प्राणायामबाट सहज हुन्छ (गिरी, २०६४ : ३८)। प्राणायामबाट बाहिरी चित्त शुद्ध गरी सूक्ष्म प्राणायामले कुण्डलिनी शक्तिमार्गको विघ्न सफाई गर्दै मेरुदण्डभित्र रहेको सुषुम्ना पूर्णरूपले शोधन भएपछि चित्तानुपश्यना गर्न सहज हुने गर्दछ । चित्तानुपश्यनाले भक्ति जगाउँछ । सम्पूर्ण लोक यही शरीरभित्र छन् जसलाई मेरुदण्डरूपी सुमेरु पर्वतले अड्याएको मान्यता छ । बुद्धले निर्देश गरेअनुरूप चित्तानुपश्यना, कायानुपश्यना, धम्मानुपश्यना, वेदानानूपश्यनामार्फत सूक्ष्म स्तरमा चित्त शुद्धि गर्न हो । सगुण भावबाट निर्गुण भावतर्फ जाने योगीले मन तपाउने कार्य गर्दछ । (Diong : 1970:88) आनापानासति देखि समप्रज्ञान समाधि, असमप्रज्ञान समाधि प्राप्त गर्दै कैवल्य अर्थात् निर्वाणपद पनि यही समेटिएको छ । निरन्तर प्राणायाम मार्फत क्रियायोगद्वारा सदाशिवभावमा विलययोग प्राप्त गर्नु अथवा विन्दुयोगमार्फत (आजभोलि ब्रह्मकुमारीको राजयोग परम्पराअनुरूप) शिवभावमा स्थित हुनु पनि स्वस्थानी साधना सम्मत देखिन्छ । तन्त्रोत्त पद्धतिबाट पनि सम्भव छ । यद्यपि तन्त्रमा पाँच मकारलाई अपभ्रंस गरिएको छ । तन्त्रको अपव्याख्या गरिएको छ । तन्त्रमा मासु सेवन गरिन्न आफ्नै शरीर मासु बराबर हो यसलाई विलीन गराउनु पर्छ । यस पिण्डलाई जित्नु नै मासु खानु बराबर हो । मदिराको नशाको अर्थ हो समाधिको नशामा आनन्दित हुनु जसरी मीरा भइन् । प्रचलित मदिरापान गर्नु भनेको कदापि हैन् । ब्रह्मचर्यको बलबाट चित्त रोमाञ्चित भई परम् आनन्द गति प्राप्त हुन्छ । मैथुनको अर्थ हुन्छ, जब आफूभित्रको शिव र शक्तिको मेल (योग) हुन्छ तब सहस्रारचक्र भेदन भई पूर्ण ज्ञान/मुक्ति (Enlightment) प्राप्त हुन्छ । तसर्थ बाहिरका व्यक्ति विघ्न र बाधा मात्र मानिन्छन् । आफैँभित्रको शिवत्वलाई प्राप्त गर्न निरन्तर सिंहझैँ एकान्त तप अनिवार्य हुन्छ । मनुष्यको झुण्डबाट अलग रही एकान्त साधना गर्नु भनिएको छ । अनि मात्र आफूभित्रको विराटशक्तिसँग

योग लाग्दछ । अर्थात् शिवशक्ति स्वरूप प्राप्त हुन्छ । यस योग नै परम् आनन्द समाधि मानिन्छ । मत्स्य भनेको माछा खानु होइन । माछाझैँ चञ्चल मनलाई दबाएर परमात्मामा ल्याउनु हो । (जवरा : २०४६: १७) एकाग्रताबिना चित्तशुद्धि सम्भव छैन । बाहिरका क्षणभङ्गुर विषयवस्तुबाट अलग रही अपरिग्रह गर्नु हो, स्थिर ध्यान गर्नु हो । मुद्रा आसन हो, ध्यान अवस्था हो ।

अन्तर्मुखी अवस्था प्राप्त गर्दै अन्तर्यात्रामा लीन भई चित्तभित्र विधेर संस्कार र विकारको विशोधन गर्नु र गहिराइमा पुगी भवाङ्ग (पूर्वजन्म संस्कारको सङ्ग्रह भण्डार) मा पुगी त्यहाँ पनि पूर्ण विशोधन गर्दै पूर्वजन्मको संस्कार निखार्नु नै षडषदल, अष्टदल कमल फक्रिनु हो । यो उचाइ, अर्थात् यो गहिराइमा साधक पुगेपछि उसमा अष्टसिद्धि उदय हुन्छ, अणिमा, लघिमा आदि । ऊ अणुभन्दा सानो अदृश्य बन्न सक्छ, विशाल पर्वतजत्रो काया बन्न सक्छ (हनुमान जस्तै), हावामा उडेर (वायु सिद्धि) आकाश मार्गमा यात्रा गर्न सक्छ । यसप्रकारका सिद्धिलाई पनि त्याग गर्दै परम् मुक्तस्वरूपमा स्थित हुनु नै स्वस्थानीव्रत साधनाको अन्तिम लक्ष्य मानिएको छ । आफ्नो वर (शिवत्व अर्थात् मुक्ति) प्राप्त नहोउञ्जेल तप्नु नै आफ्नो स्वः (आत्मा) भित्रको मण्डलामा अघि बढ्नु र स्व स्थानविन्दुमा स्थित हुनु नै स्वस्थानी व्रत हो भन्ने विद्धान एवं भक्तहरूको बुझाइरहेको पाउँछौं ।

### २.७ श्रीस्वस्थानी व्रतको मूल लक्ष्य

स्वस्थानी व्रत लोकप्रिय हुनुमा यस व्रतसँग सम्बन्धित मनोवैज्ञानिक एवम् व्यावहारिक पक्षको जनसमुदायद्वारा पहिचान एवम् अनुभव प्राप्त गर्नु हो । परम्पराबाट उपलब्धि हासिल हुनाले नै यसको संरक्षण समाजले गरेको छ । यद्यपि हाल नेपालमा जीवित रहेको स्वस्थानी व्रत साधना मूल रूपमा गुरूपूजा प्रतिबिम्बित छ । शिवद्वारा विष्णु रूपमा प्रकट भई साधनाविधि पार्वतीलाई बताउनु स्वस्थानीको गोप्य विधि हस्तान्तरण गर्नु हो । प्रचलित हालको विधिमा भक्ति र गुरूपूजा प्रष्ट देखिन्छ तर ब्रह्मज्ञान र कुण्डलिनी शक्ति जागरण तथा एकान्त अन्तर्मुखी  साधना (तपस्या)को पक्ष चाहिँ छुटेको अवस्था छ । यद्यपि स्वस्थानी व्रतद्वारा भक्ति र मुक्ति दुवै प्राप्त हुने हुँदा यो व्रत आफैँमा अति विशष्टि छ, अद्वितीय एवम् अनुपम छ । व्रतालुको मुख्य लक्ष्य प्रारब्ध संस्कार एवम् जन्म मृत्युको दुःखदायी चक्करबाट मुक्ति प्राप्त गरी परम् अवस्था (शिव) प्राप्त गर्नु नै स्वस्थानी व्रतको मूल लक्ष्य देखिन्छ ।

हालसम्म पनि हरिसिद्धिमा स्वस्थानी-अष्टमातृका नाच नचाउने चलन छ । माघे संक्रान्ति, माघे जात्रा आदि पर्वहरू नेपालमा प्रख्यात छन् । एक महिनाभरि घरघरमा श्रीस्वस्थानी कथा कथने प्रचलन आजसम्म पनि जीवन्त छ ।

समग्रमा स्वस्थानी व्रतका व्यावहारिक पक्षहरू के-के हुन् र के-के होइनन् भन्ने कुरामा व्रत बस्ने श्रद्धालुले प्रष्ट रूपमा जान्नुपर्ने कुराहरू तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

**मूल लक्ष्य : तालिका**

| क्र. सं. | **के हो (आध्यात्मिक मान्यता)** | **के होइन (जनमनोविज्ञान)** |
|---|---|---|
| १ | आफूभित्र विराजमान शिवसँगको आध्यात्मिक एवम् आत्मिक विवाह । | बाहिरी संसारी व्यक्तिसँग भौतिक विवाह । |
| २ | भौतिक आवश्यकता अथवा व्यावहारिक आवश्यकताको चाहना नगर्नु । | भौतिक चाहना गर्नु व्यक्ति अथवा भविष्यको कामना गर्नु । |
| ३ | प्रत्येक क्षण सजग र सती भावमा चित्त शुद्ध राख्नु, अन्तर्मुखी भावले वर्तमानको साक्षात्कार गर्नु । | पूजा गर्दैमा, व्रत बस्दैमा भाग्य आफैँ बनिहाल्छ र मुक्त भइन्छ भन्ने आशामा बस्नु । |
| ४ | आफूभित्र आत्माको स्वस्थानमा रहनु नै व्रतको मुख्य उद्देश्य हो । | स्वस्थानी देवताको भौतिक पूजा गरी फेरि बिर्सनु र सामान्य बन्नु । |
| ५ | आफ्नै स्वःसँगको योग । | संसार र संसारी प्रवृत्तिसँग योग । |
| ६ | गुरुभाव एवम् शिवतत्वमा एकरस रहिरहनु । | आफ्नो पक्षबाट थप आध्यात्मिक पुरुषार्थ गर्न नपर्ने सम्झनु । |
| ७ | माघ महिनामा प्रारम्भ गरी अन्तिम लक्ष्य ( | एक महिना बस्दैमा मुक्ति पाइयो भन्ठान्नु । |

| | | |
|---|---|---|
| | शिवत्व) प्राप्त नभइञ्जेल आजीवन वा जन्म जन्मान्तर व्रत बस्नु, जसरी पार्वतीद्वारा सम्पन्न गरियो । | अरु समय संसारी प्रवृत्तिमा बिताउनु । |
| ८ | धार्मिक प्रवृत्तिको छोरी पनि छोरा सरह हुन, आजीवन जन्मघर बसी धर्मकर्म साधना गर्न सक्षम छन् र आध्यात्मिक पुरुषार्थ गरी पुरुष सरह शौर्यवान बन्न सक्छन् । पुरुषार्थ गर्न असक्षम प्रवृत्तिका पुरुष पनि नारी बराबर । | अधार्मिक, विधर्मी, नास्तिक एवम् भौतिकवादी प्रवृत्तिका छोरा हुँदैमा पनि तर्न तार्न सक्छन् भनी सोच लिनु । छोराले काज किरिया गर्दैमा आफू तरिन्छ भन्ने भ्रामक सोच राख्नु । |
| ९ | मातापिताको काजकिरिया, अविवाहित र कुलाचारमा रहेकी छोरीले पनि गर्न सक्ने । तपस्वी छोरी पनि योगी हो । | मातापिताको काजकिरिया छोराले मात्र गरे सफल हुने भन्ने लोक विश्वास पाल्नु । छोरा संसारी प्रवृत्तिको छ भने पनि मातापिताले धर्म पुण्य नगर्नु । |
| १० | नारीले धार्मिक ग्रन्थ पढ्न, पढाउन सक्ने, साथै यो क्षेत्रमा महिलाको  पूर्ण जिम्मेवारी र अधिकार छ । | महिलाले धार्मिक शिक्षा लिन र आध्यात्मिक अनुष्ठान गर्न नपाउने अथवा विवादास्पद स्थितिको सामना गर्नुपर्ने । अर्थात् नारीलाई भौतिक अधिकार मात्र दिनु सांस्कृतिक अधिकार नदिनु । |
| ११ | भगवान्को अस्तित्व अर्द्धनारीस्वरूपले शिवशक्ति रूप अर्थात् बराबर हिस्सा उजागर गर्दछ । दुवैको समान जिम्मेवारी छ । | पाश्चात्य दर्शलने भनेझैँ नारी पापको प्रतीक हो । पुरुष नै श्रेष्ठ हो भन्ने विचार पाल्नु । नारीको धार्मिक अनुष्ठानलाई परिपूर्ण नठान्नु । |
| १२ | नारीलाई अध्यात्म उन्मुख गराउनु | नारीलाई भौतिक र संसारी मार्गमा सीमित पार्नु । |

*स्रोत : श्रीस्वस्थानी व्रत परम्परासँग सम्बन्धित पण्डित, पूजारी तथा विज्ञको राय एवं विचारअनुसार ।*

## २.८ श्रीस्वस्थानी पूजा

वैज्ञानिक दृष्टिकोणमा स्वस्थानी पूजाविधि मूलतः स्वस्थानी साधना परम् आध्यात्मिक स्थिति एवम् योगसमाधिको उच्चतम् उपलब्धि हो । तथापि स्वस्थानी साधनाको प्रारम्भ अवस्थामा पूजा तथा कर्मकाण्ड विधिबाट आरम्भ गर्न उचित मानिन्छ । कर्मकाण्डसँग मनको क्रिया पनि जोडिने हुँदा प्रकृतिवादी कर्मको प्रभाव आत्मासम्म र आत्माको प्रभाव कर्मसम्म पुऱ्याउने अभिप्रायले पूजा गरिन्छ । कर्मकाण्डको मूल रहस्य यही हो । पञ्चतत्वसँग सम्बन्धित सबै देवतालाई समावेश गरी पूजा पूर्ण हुने गर्दछ । यसबाट साधना जैविक बन्दछ र निर्जीव र जड हुनुबाट सुरक्षित गर्दछ । गुरु पूजामा पनि पूजा सामग्री प्रयोग गरिनु उचित हुन्छ । यद्यपि भाव पूजाबाट पनि गुरूपूजा सम्पन्न गरिन्छ । तर दुवै अवस्था जुटेको अवस्था अति उत्तम मानिन्छ ।

शब्द, रस, स्पर्श, गन्ध, रङ्ग, र मण्डला चिन्ह आदिले देवीदेवताका विशेषतालाई संयोजन गर्दछ । (Allan Miller, 19:31) पूजा गर्नुको अर्थ श्रद्धाभाव चढाउनु हो । शरीर, मन र आत्मा चढाउनु नै पूजा पूर्ण हुनु हो । सामान्यतया गरिने पूजामा विशेष सामग्रीहरू प्रयोग गरिन्छ (श्रीलिङ्गपुराण, २०१२ : ४२२/४२३)। यसो गर्नुको पछाडि गहिरा रहस्यहरू छन् । पूजा गर्दा चन्दन, पुष्प, दीपक, नैवेद्य, धूप आदि सामग्रीहरू प्रयोग गरिनुमा कोरा कर्मकाण्ड मात्र नभई यसभित्र सूक्ष्म विज्ञान छ । प्रत्येक पूजा कर्म, मन्त्र र सामग्रीको प्रभाव पञ्चतत्वमा सङ्कल्पले समेटिएको गरिएको कार्य सिद्ध पार्दछ । श्रीस्वस्थानीमाताको पूजा गर्दा १०८ संख्याको आधारमा पूजा गरिन्छ । निम्न श्लोकले पूजाको अर्थ खुलाएका छन् ।

१) ॐ लं पृथ्वीव्यात्मकं गन्धं परिकल्पयामि ।
(प्रभो ! म पृथ्वीरूपी गन्ध (चन्दन) हजुरलाई अर्पण गर्दछु)

२) ॐ हं आकाशात्मकं पुष्पं परिकल्पयामि ।
(प्रभो ! म आकाशरूपी पुष्प हजुरलाई अर्पण गर्दछु)

३) ॐ यं वाटवात्मकं धूपं परिकल्पयामि ।
(प्रभो ! म वायुदेवको रूपमा धूप हजुरलाई प्रदान गर्दछु)

४) ॐ रं बाह्नयात्मकं दीपं दर्शयामि ।
(प्रभो ! म अग्निदेवको रूपमा दीपक हजुरलाई प्रदान गर्दछु)

५) ॐ वं अमृतात्मकं नैवेद्य दर्शयामि ।
(प्रभो ! म अमृतरूपी नैवेद्य हजुरलाई अर्पण गर्दछु)

६)	ऊँ सौ सर्वात्मकं सर्वोपचारं समर्पयामि ।
(प्रभो ! म सर्वात्माको रूपमा संसारको सबै उपचारहरू हजुरको चरणमा समर्पित गर्दछु)

उपर्युक्त श्लोकबाट पञ्चतत्वको उपासनाका साथ व्यक्तिको सूक्ष्म शरीरसँग सम्बन्धित चक्रहरूको बीजमन्त्रभावलाई तरङ्गित गराउने उद्देश्यसहितको प्रकृतिवादी संस्कार उजागर भएको पाउँछौँ । पञ्चतत्वले युक्त शरीरलाई शुद्धि गराउन पञ्चतत्वकै शुद्धि हुनु पर्दछ । प्रकृति र प्राणी पूरक हुन् । यसप्रकार पूजा सम्पन्न गरिने कार्य अत्यन्त वैज्ञानिक देखिन्छ । जब पञ्चतत्वकै प्रयोगसहित देवताको उपासना गरिँदा भौतिक समन्वय पनि जुटेको हुन्छ । भौतिक र अध्यात्मको सन्तुलनबाट उपासना सहज हुने गर्दछ । बुद्धको मध्यममार्ग पनि आध्यात्मिक उपलब्धिको लागि थियो । वर्तमान युग भौतिकताप्रधान भएको हुँदा सामग्री सम्पन्न छन् तर श्रद्धा छैन, ग्रन्थ, मार्ग आदि उपलब्ध छन् तर मार्गी छैनन् । कलियुगमा भक्तिमार्गलाई यसर्थ महापुरुषहरूले जोड दिएको पाइन्छ ।

## २.९ पूजा एवम् कर्मकाण्ड विज्ञान

आधुनिक युगमा पूजा एवम् कर्मकाण्डलाई पाखण्ड, रुढिवाद एवम् अन्धविश्वासका रूपमा लिन थालिएको छ । यो गलत दृष्टिकोण हो । पूजा र कर्मकाण्डको आफ्नै आध्यात्मिक एवम् वैज्ञानिक कारण पाइन्छ । कर्मकाण्ड साध्य होइन साधन मात्र हो । अधिकांशले कर्मकाण्डलाई साध्य बनाई बसेका हुनाले यो व्यवसाय पनि भएको छ । साध्य प्राप्त गर्नका लागि कर्मकाण्डलाई साधनका रूपमा सही उपयोग गर्न सके व्यक्तिको उन्नति र मोक्ष प्राप्तिको सफल साधन बन्न सक्छ । हिन्दु वैदिक धर्म प्रकृतिवादी धर्म भएको हुँदा प्रकृतिपूजक हुनुमा सामान्य प्रक्रिया मानिन्छ । मानिसको अन्नदाता, पालनकर्ता सबै प्रकृति हो । प्रकृतिमा रहेका देवताको पूजा हुनु तसर्थ वैज्ञानिक छः साम्प्रदायिक नभई नितान्त सरल छ । वैदिक धर्म वैज्ञानिक एवम् व्यावहारिक छ । यो धर्म साम्प्रदायिक छैन, मानवतावादी छ र सम्पूर्ण प्राणीको लागि कल्याणकारी छ । पहाड, पर्वत, नदी, सूर्य, चन्द्र, वनस्पति, प्राणी, मनुष्य, पितृ, देवता, नाग, यक्ष, भूत, प्रेत, पञ्च तत्वका देवता आदि सबैप्रति सहिष्णुताको भाव राख्नु अत्यन्त उच्च आध्यात्मिक सोच र पूर्ण ज्ञानको प्रारम्भिक अवस्था (Near enlightment state) हो (गिरी, २०६४

: ४१)। चारैतिर दिव्यभाव एवम् अपनत्वको दृष्टिले हेर्न सक्नु व्यक्ति आफैँमा शुद्ध एवम् पूर्ण बन्दै जानु हो भन्ने बुझिन्छ । कर्मकाण्ड र पूजा गरेरै मुक्त भइहालिन्छ भन्ने कुरा सत्य हैन । यसले व्यक्तिलाई शुद्ध, सिद्ध र मुक्त गराउन मद्दत मात्र गरेको हुन्छ । वैज्ञानिक चिन्तन र ब्रह्मज्ञानमा स्थापित व्यक्तिलाई नगराएको पनि हुन सक्छ । उदाहरणका लागि पूजामा प्रयोग हुने रातो अबीर शक्तिको प्रतीक हो । यसद्वारा देवीदेवताको आकर्षण बढ्छ । पहेंलो रङ्गप्रति पितृहरू आकर्षित हुन्छन् । पूजा गर्ने हातमा कुशको औँठी लगाउनु उचित हुन्छ किनकि कुशमा रहने अधिक मात्राको नाइट्रोजन ($N_2$) तत्व शून्यताको गुणले युक्त रहेको हुन्छ । त्यसैले कर्मकाण्डबाट उत्पन्न ऊर्जाको प्रतिक्रिया (Reaction) लाई निस्तेज गरी सही र शुद्ध गति (Action for result) प्रदान गर्दछ । एवम् रूपले गन्ध (धुप) रस (नैवेद्य) रूप (फूल, मूर्ति) तथा ध्वनि (घण्टीले, त्यो पनि (असल धातुको) आदिले देवता एवम् अन्य दिव्य तत्वलाई आकर्षित गर्दछन् । यसप्रकार मन, पञ्चेन्द्रिय र कर्मको भावतरङ्गलाई समन्वय (Frequency tuning) गर्न सहज हुने गर्दछ । यस अतिरिक्त यसबाट वातावरणको शक्तिशुद्धि (Empowerment and purification) गर्न सहज हुने गर्दछ । एवम् स्तरबाट कर्मकाण्ड र पूजाले वातावरण र व्यक्तिको आध्यात्मिक उन्नति गराउन सहजता प्रदान गर्दछ । यसभित्र सूक्ष्म विज्ञान छ, त्यसको खोजी गर्नु पर्ने देखिन्छ । सो विज्ञानलाई जगाउने अभिप्रायले कर्मकाण्ड गर्नुपर्दछ न कि कोरा अन्धविश्वास (श्राद्धको बिरालो जस्तै) र अन्धश्रद्धा राखेर । कर्मकाण्डमा मनको शुद्ध सङ्कल्प जोडिएको छ भने वाञ्चित परिणाम प्राप्त हुन्छ भनिएको छ । अन्यथा परिणाम शून्य हुन्छ । हिन्दु समाजमा हाल यसबारे खासै अनुसन्धान भएको छैन । मनको गति र कर्मको गतिसँगै आपसमा समायोजन भएको खण्डमा कर्मकाण्डको परिणाम प्राप्त हुने कर्मकाण्ड मूल रूपमा भौतिक र पराभौतिक कर्मको संयोजन हो भन्ने शास्त्रीय मत छ ।

यस प्रकार श्रीस्वस्थानी व्रतकथाको शास्त्रीय पृष्ठभूमि, व्रतको लक्ष्य, ऐतिहासिक पक्षबारे यहाँ प्रकाश पारिएको छ । श्रीस्वस्थानी व्रतको साधानात्मक पक्ष एवं पूजासम्बन्धी विज्ञानको जानकारी पनि उजागर गरी स्वस्थानी संस्कृतिको समग्र पृष्ठभूमि प्रस्तुत गरिएको छ ।

**तेस्रो अध्याय**

# नारीप्रधान व्रत परम्परा

श्रीस्वस्थानी व्रत परम्पराको थालनी सत्य युगदेखि पार्वतीबाट प्रारम्भ भएको शास्त्रीय मान्यता छ । भगवान् शिवलाई पतिका रूपमा प्राप्त गर्न पार्वतीले घोर तपस्या गरेको उक्त समयबाट स्वस्थानी व्रतको परम्परा चलेको देखिन्छ । पछिल्लो समयमा पृथक् भूगोल एवम् समयमा अन्य नारीले गरेको तपस्यालाई शास्त्रले उल्लेख गरेको हुँदा हालको समयसम्म यो परम्परा नेपालमा अर्थात् नेपाली नारीमा जीवित छ । अन्य व्रतभन्दा यो व्रत यस अर्थ भिन्न छ कि यो एक महिना लामो अवधिभरि पालना गरिन्छ र अन्य प्रकारका व्रत भन्दा यो केही कठिन छ । लामो समयसम्मको व्रत भएका कारण यसबाट व्रतालुले परिणाममुखी उपलब्धि हासिल गर्न सफल हुन्छन् । व्रतालुलाई यसबाट मानसिक शान्ति, आत्मिक आनन्द, मनोवाञ्चित फल, शारीरिक लाभ, कूसंघ, विकृति, त्याग एवम् सामाजिक सद्भावमा वृद्धिजस्ता विविध पक्षको उन्नति भएको पाउँछौं । यस व्रत परम्पराले नारीवर्गमा धर्म अध्यात्म तथा संस्कृतिको क्षेत्रमा विशेष योगदान पुऱ्याउन सफल रहेको देखिन्छ ।

## ३.१ श्रीस्वस्थानी परमश्वरी

श्रीस्वस्थानी मातालाई आदिशक्ति मानिन्छ । पार्वती नै श्रीस्वस्थानी माताको रूपधारण गरी विश्व कल्याण भावले विश्वलाई आलोकित गर्ने गरेको बारे शास्त्रीय मान्यता छ । श्रीस्वस्थानी शक्तिसँग आठ अतिरिक्त दिव्य शक्तिद्वारा रक्षात्मक मण्डला निर्माण हुनेबारे परम्परागत मान्यता छ ।

**सुवर्णवर्ण दीप्ताभां त्रिनेत्रां कमलानाम्,**
**सिंहासनमासीनां सर्वालङ्कारभूषिताम् ।**
**चर्मखड्गधरां चाथ वामदक्षिणयोः क्रमात् ॥**
**चतुर्भुजं तु तत्रैव पूजयेद् वृषकेतुन ।**
**नीलोत्पलाभये वामे वरशुले च दक्षिणे ॥** (शर्मा, २००८ : १५)।

उक्त श्लोकअनुसार स्वस्थानी परमे्श्वरी गरगहनाले सम्पन्न दिव्य अग्निज्वालासरह दीप्त त्रिनेत्रले युक्त सिंहासनमा विराजमान भनी चित्रण गरिएको छ । माथि पट्टिको दाहिने हातमा त्रिमूर्तिबोधक त्रिशूल छ । दाहिने तल्लो हातमा छिन्नमस्ताको भावमा शिरोछेदन, समाधिभाव, अहंकारशून्य, वीरभावले युक्त एवम् भावातीत मुद्राबोधक खड्ग प्रतीकको रूपमा छ । देब्रे माथिल्लो हातमा ब्रह्मचार्य, पवित्रता एवम् शक्ति सम्पन्न नीलकमल प्रतीकको रूपमा छ । देब्रे तल्लो हातमा चर्म अर्थात् गैँडाको छालाले निर्मित ढाल (Shield) छ जुन विकार, प्रहार, दुर्गुण, अपवित्रताबाट प्रतिरोधात्मक सुरक्षा कवचको रूपमा प्रतीक मानिन्छ । सिंहासनमा आसीन, शिरमा सुनको मुकुटले सिद्ध, सार्वभौम एवम् स्वामित्वको बोध गराउँछ । त्रिनेत्रसहित विन्दुरूपमा स्थिर, सम्पन्न र साक्षी शक्ति (Pure awareness) का रूपमा विराजमान स्वस्थानीको स्थान बोध साधना पद्धतिअनुरूप भवाङ्कको केन्द्रको मध्य आकाश स्थान हो, जहाँ सम्पूर्ण विश्व ब्रह्माण्डको शक्ति केन्द्र भनिन्छ । भौतिक पराभौतिक सृष्टि, ब्रह्माण्डको आदि, अनादि कारण नै स्वस्थानी शक्ति मानिन्छ । शिव विजरूपमा स्वस्थानी शक्तिको मध्यमा निर्गुण (Pure) रूपले स्थित रहेका हुन्छन् ।

श्रीस्वस्थानी परमे्श्वरीलाई आदि शक्ति मानिन्छ । आदिशक्ति नै कालान्तरमा विभिन्न सगुण स्वरूपमा रूपान्तरित हुने गर्दछ । यद्यपि आदि शक्तिको मूल स्वरूप अपरिवर्तनशील छ, शाश्वत छ भनी मान्यता छ । देश, काल, परिस्थितिअनुसार धर्मको स्थापना गर्न र लोकको कल्याण गर्न विभिन्न समयमा विभिन्न स्थानमा स्थानीय प्रभुत्व रहेको ईश्वरत्व र देवताको रूपमा योगमायाद्वारा प्रकट हुने गर्दछ । सृष्टि गरिएको प्रकृतिमा पालनामा धर्मका कारण विभिन्न देवताहरू हुन्छन् । शक्तिको मद्दतले शिवद्वारा सृष्टि गरिए तापनि ती सम्पूर्ण देवताको हृदयविन्दुमा शिव विराजमान छन् । जसरी शक्तिमा शिव विराजमान छन् । विश्व ब्रह्माण्डमा यस प्रकृतिपुरुष स्वरूपलाई शिवशक्ति भनिन्छ । प्रत्येक जीवभित्र शिव विराजमान हुने हुँदा सम्पूर्ण जीव पूर्ण छन् केवल बोध हुन बाँकी रहेको रहस्य स्वस्थानी व्रतले खुलाउँदछ । शक्ति (नारी) भित्र शिवत्वसँगै रहने हुँदा पूर्ववत् विवाह सम्पन्न भइसकेको र केवल त्यस परम्तत्वलाई तपस्याद्वारा आफूमा धारण गर्नुपर्ने बारे बुझाउँछ । महायान परम्परा अनुसार सबै प्राणीमा बोधीबीज (Seed of enlightment) पहिलेदेखि नै हुने मान्यता छ जुन यता स्वस्थानी परम्पराबाट पनि पुष्टि हुन्छ । शिवत्वको सर्वज्ञाता पनि (स्व) स्थानीय देवताहरूको भूमिकाद्वारा

पुष्टि हुन्छ । ईश्वर प्रकृतिदेखि अलग नरही समग्रतामा समाहित (Intact) हुनेबारे स्वस्थानी संस्कृतिले पुष्टि गर्दछ । सृष्टि, पालना र प्रलयकालमा स्वस्थानी शक्तिकै भूमिका रहनेहुँदा कथामा प्रलयका प्रसङ्ग जोडिन्छन् । समग्र देवीदेवता, संसार-सृष्टि र घटनाक्रममा स्वस्थानी शक्ति नै सम्बन्धित हुने हुँदा कथामा विविध प्रसङ्ग जोडिन्छन् । तान्त्रिक पक्षबाट विश्लेषण गर्दा स्वस्थानी त्रिकोण उर्ध्वमुख र शिव त्रिकोण अधोमुख हुन्छन् । बीचमा रहेको विन्दुयोग हो । प्रत्येक नारी पुरुष शिवशक्ति स्वरूपमा छन् र पूर्ण छन् । सम्पूर्ण मानव सृष्टि गरिएको हुँदा ती स्त्री हुन् । तसर्थ, परम्पुरुष मात्र शिव हुन् जो आफूभित्रै विन्दुभावमा विराजमान छन् तर सर्वव्यापी, सर्वज्ञता, सर्वशक्तिमान् गुणले सम्पन्न छन् । यही परम् शिवसँगको योग नै स्वस्थानी कथामा वर्णित विवाह (शिव-पार्वती) हो । तसर्थ, स्वस्थानी व्रत मूलतः एक महिनाको मात्र होइन, सम्पूर्ण जीवनभरि बसिने व्रत, तपस्या हो । पार्वतीले झैँ जन्म जन्मान्तरसम्म गरिने तप हो । तर प्रत्येक तप आसुफलदायी र दीर्घफलदायी दुवै सँगसँगै हुन्छ । यसप्रकारको तपले अन्तिम लक्ष्य भेदन नगरेसम्म रिद्धि, सिद्धि, भक्ति, आनन्द, सौन्दर्य, स्वास्थ्य, स्फूर्ति, बौद्धिकता, साहस, पराक्रम, दिव्यता, सुरक्षा, शुभ, शान्ति, कान्ति, करुणा, वैराग्य, पुरुषार्थ, समृद्धि आदि गुण प्रत्येक तपसँग सम्बन्धित हुने हुँदा सामान्य नारीबाट दिव्य लक्ष्मी रूप प्राप्त हुन्छ नै । यस्ता नारीको वाक सिद्धि, सङ्कल्प (वरदान) सिद्धी हुन्छन् । कुमारीको हातको टिका लगाई पृथ्वीनारायण शाहले सजिलै काठमाडौँ उपत्यका जितेको (बिना युद्ध) कारण पनि यहाँ खुल्छ । ब्रह्मचर्यको प्रतापले दिव्यमान स्वस्थानी परमे्श्वरीमा अथाह शक्ति हुन्छ । अष्टमातृका उनका गण हुन । कुमारी पुज्ने परम्परामा पनि मूल रूपमा स्वस्थानी संस्कृतिको निरन्तरता देखिन्छ । कुमारीलाई पार्वती  कै रूप मानिन्छ ।

## ३.२ अष्टमातृका

अष्टमातृकालाई अष्टदल कमलमा विराजमान देखाइन्छ । यो प्रतीक (Linear) वास्तुविज्ञान अनुरूप आठ दिशाका देवता भनी कसैकसैले बुझे पनि यथार्थमा यो आठ दिशामा सदा फैलने फक्रने कमलको फूलसरह भवङ्गको स्फोट हो जुन फक्रँदै गरेको विश्वब्रह्माण्ड (Unfolding universe) हो । चार दिशा, तल, माथि, मध्य र बाह्य सम्पूर्ण आठ दिशामा फक्रने,

फैलने अनन्त चैतन्यशक्ति (Eternal consciousness/unfolding sphere) का रूपमा अष्टमातृकाको गुण हुन्छ । यद्यपि प्रत्येकमा आयूध वर्णन पृथक् हुन्छन् ।

**(क) ब्राह्मी (ब्रह्माणी)**

ब्रह्मको शक्तिको रूपमा ब्राह्मी भनिन्छ । ब्राह्मीलाई पहेंलो वर्ण र चार शिरसहित देखाइन्छ । ब्रह्मजस्तै उनको हातमा अक्षयमाला, कमण्डलू, पुस्तक, पद्म आदि धारण गरेको देखाइन्छ । वाहनको रूपमा हंस तथा आसनको रूपमा कमलासनमा विराजमान ब्राह्मीलाई गरगहना तथा मुकुटमा सजिएको देखाइन्छ ।

**(ख) वैष्णवी**

पालनकर्ता देवता विष्णुका शक्तिको रूपमा वैष्णवीको वाहन गरुडसहित चार भुजामा देखाइन्छ । चार हातमा शङ्ख, चक्र, गदा र पद्म धारण गरेको अवस्थामा चित्रण गरिन्छ । यस अतिरिक्त अभय मुद्रा, धनुषवाणमा पनि देखाउने गरेको पाइन्छ ।

**(ग) महेश्वरी**

रुद्र अर्थात् महेशको शक्तिको रूपमा महेश्वरी भनिन्छ । नन्दीमाथि सवार महेश्वरीको पहिरन सेतो रहने मान्या छ । चार हातमा क्रमशः त्रिशूल, डमरु, अक्षयमाला तथा बञ्चरो अथवा कपाल (खप्पर) रहने गर्दछ । कतिपय अवस्थामा सर्प तथा कमण्डलू पनि रहने मान्यता पाइन्छ । महेश्वरकिो जटामुकुटमा चन्द्रमा पनि देखाइने प्रचलन छ । तीज आदि पर्वमा श्रृगार आदि गर्दा महिलाले शिरमा लगाउने चन्द्रमा शिवजीको जटामुकुटमा रहने चन्द्रमा हो । यथार्थ श्रृगार तपको शितलता हो ।

**(घ) इन्द्रायाणी**

स्वर्गका राजा इन्द्रका शक्तिका रूपमा इन्द्राणी मानिन्छ । श्याम वर्ण, चार भुजाले युक्त इन्द्राणीको वाहन हात्तीमा आसीन देखाइन्छ । इन्द्राणीको हातमा वज्र, अंकुश, पद्म एवम् वरमुद्रा प्रतिष्ठित छन् । शरीरमा गरगहनाको प्रशस्त सज्जा पनि रहने गर्दछ ।

### (ङ) कौमारी

युद्धका देवता कार्तिकेयको शक्ति कौमारीको वाहन मयूर देखाइन्छ । कौमारीका चारदेखि बाह्रवटा भुजा हुने गर्छ जसमा भाला, वञ्चरो, शक्ति, धनुष-वाण आदि रहने गर्दछ ।

### (च) वाराही

वराहको शक्तिका रूपमा वाराही भनिन्छ । वाराहीका भुजामा दण्ड हलो, अङ्कुश, वज्र तथा तरवार आदिले सज्जित भएको देखाइन्छ । यीबाहेक घण्टा, चमर, चक्र एवम् धनुष पनि अङ्कित भएको देखिन्छ ।

### (छ) चामुण्डा

चामुण्डालाई चण्डी अथवा काली पनि भन्ने गरिन्छ । श्याम वर्णकी चामुण्डाले दैत्यका शिरको माला (मुण्डमाला) पहिरिएको अवस्थामा चित्रण गरिन्छ । अत्यन्त भयङ्कर मुद्रामा बेहोशीका कारण चामुण्डा शिव माथि उभिएको मुद्रामा पाउँछौँ ।

### (ज) नरसिंही

आधा शरीर सिंह (सिर तर्फ) आधा शरीर नर (गर्धनदेखि तल) भएको नरसिंहको शक्तिका रूपमा नरसिंहीलाई बिखरिएको केश एवम् छरिएका नक्षत्र एवम् तारागणहरूको पृष्ठभूमिमा चित्रण गरिन्छ ।

उपर्युक्त वर्णनमाथि विश्लेषण गर्दा अष्टमातृका युद्धरत शक्तिका रूपमा लिइन्छ । अन्तर्मुखी भावमा तपस्यारत अर्थात् साधनारत अवस्थामा मनका विकार जस्तै काम, क्रोध, लोभ, मोह, अहङ्कार, मद, मत्स्र्य आदिमाथि युद्ध गरी विजय हासिल गर्ने मातृगणका रूपमा लिइन्छ । बहिर्मुखी भावमा मातृका गण रणसङ्ग्रामी शक्तिका रूपमा पराक्रमी हुन्छन् र दानव एवम् अधार्मिक तत्वसँग युद्ध गर्ने शक्तिका रूपमा लिइन्छ । यस अर्थले हेर्दा नारी कमजोर र निर्बल हुन्छिन् भनी आधुनिक सोचको विपरीत अष्टमातृका शिवकै शक्तिस्वरूपा भएका हुँदा अत्यन्त पराक्रमी, धर्मअनुरागी र पुरुषार्थी हुने मान्यता छ । प्रत्येक शक्तिमा शिवत्व रहने हुँदा यी शक्तिहरूमा स्त्रीत्व मात्र नभई पुरुषत्व पनि विद्यमान हुने हुँदा पौरष्य अर्थात् वीरता हुनु स्वाभाविक हो । सम्पूर्ण अष्टामातृ गणमा ब्रह्मचर्यभाव स्थापित हुने गर्दछ जसको प्रभावले पराक्रम, शिवत्व साथै भक्तिमुक्ति आदि महाउपलब्धि दिलाउने हुन्छ । काठमाडौँको उपत्यकाको

संस्कृतिमा कुमारी राख्ने परम्परा पनि स्वस्थानीव्रतझैँ शक्ति साधना र उपासना गर्ने प्रचलन अत्यन्त प्राचीन परम्परा हो । अष्टमातृका अष्टदिकपालका देवीहरू (दिशाविशेषका देवता) (Cardinal Guardian Gods) का रूपमा पनि मानिने चलन छ । यद्यपि मूल तथ्य के हो भने मातृकागण स्वस्थानी परमेश्वरीका सहायक शक्तिहरू हुन् जो मध्यमा अवस्थित विजरूपी शिवसँग सदा समन्वय भावमा रहन्छन् । अर्को अर्थमा जति सामर्थ्य सम्पूर्ण अष्टमातृकामा छ सो शक्ति सम्पूर्ण रूपले स्वस्थानी मातामै विद्यमान छ भन्ने चित्रण हो । अर्द्धनारीश्वर शिवबाट सिङ्गो देवगण तथा शक्ति (आदि) बाट सम्पूर्ण शक्ति गण उत्पन्न भएको तथ्यलाई बुझ्न महत्वपूर्ण हुन्छ । सम्पूर्ण व्याख्या यहीँ विन्दुमा आई टुङ्गिन्छ ।

अध्याय १ मा वर्णित देवीदेवता आदिको सृष्टिको मूल कारण नै शिव हुन् । ब्रह्म, विष्णु र महेश पनि शिवबाटै उत्पन्न (सृष्टि) भएका हुन् त्यसैले शिवलाई त्रिमूर्ति भनिन्छ । सृष्टि, पालन र संहारजस्ता कार्य शिवबाटै हुने गर्दछ । यस क्रममा सृष्टि प्रलयको चक्र संसारमा चलिनै रहन्छ । यसैबीच मुक्तिको मार्ग पनि छ । यही मार्गको प्रतिपादन स्वयम् शिवले विष्णु रूप लिई गर्ने प्रक्रियालाई स्वस्थानी प्रष्ट पार्दछ । यो कार्य देश, काल परिस्थितिअनुसार निरन्तर भइरहन्छन्, जसबाट जीवले शिवभाव प्राप्त गर्न अवसर प्राप्त गर्दछन्

## ३.३ अष्टमातृकाका अन्य बिस्तारित स्वरूप

अस्त्रपूजामा  छुरा, धनु, चर्म, त्राण, भाला, खड्ग, त्रिशुल, मादल, दमाहा, निशान, कुण्डल, चम्मर, छत्र, शंख, घण्टी पूजा गरिन्छ । (निरौला : ३५) उक्त नवदुर्गासँग सम्बन्धित अस्त्र र अष्टमातृका भुजामा हुने अस्त्रहरूमा धेरै समानता पाइने हुँदा अस्टमातृका पनि दुर्गा शक्तिसरह पराक्रमी र रणसँग्रमी रक्षक देवी मान्न सकिन्छ ।

त्रिकोण शक्ति हुन् र यसभित्र रहने विन्दु शिव हुन् । यस प्रकार श्रीयन्त्रमा शिवशक्तिस्वरूपका चक्रहरू अविनाशी रूपमा रहेका छन् । यी दुई शिव र शक्तिलाई काम र कला भनिन्छ । यिनको योग अवस्था ब्रह्मचर्य पालनाद्वारा सम्भव छ । यही कारण वैदिक शास्त्र, साधना पद्धति, बुद्ध, बोधिसत्वहरू, ब्रह्मचार्य पालना र शिलमा जोड दिन्छन् । जीवनमा शक्तिको प्रादुर्भाव श्रीयन्त्रशैलीमा हुने गर्दछ । श्रीयन्त्रमा विविध शक्तिका स्वरूपको व्याख्या

पाइन्छ । तृतीयावरण अष्टदलचक्र (ज्यो.पं. दण्डपाणि अर्ज्याल, २०६२) को विस्तृत व्याख्या यस्तै घरमा हुने गर्दछ । अष्टमातृकाका नामहरू पूर्वउल्लिखित छन् । यद्यपि तन्त्रमा कायचक्रस्थित योगिनीहरू तथा चित्तचक्रस्थित योगिनीहरूको सङ्ख्या पनि आठ रहेको उल्लेख छ ।

**(क) चित्तचक्रस्थित योगिनीहरू**

| | | |
|---|---|---|
| १) | प्रचण्डा | पुरुष - खण्डकपाल |
| २) | प्रचण्डाक्षी | पुरुष - महाकाल |
| ३) | प्रभावती | पुरुष - कंकाल |
| ४) | महानासा | पुरुष - विकटदष्ट्र |
| ५) | वीरमती | पुरुष - शुरावैरी |
| ६) | खर्वरी | पुरुष - अमिताभ |
| ७) | लङ्केश्वरी | पुरुष - वज्रप्रभ |
| ८) | द्रमछाया | पुरुष - वज्रदेह |

**(ख) भागर्व शब्दकोशअनुसार (बज्राचार्य : २०६६ : १२८-१३६)**

१) शैलपुत्री

२) चन्द्रघण्टा

३) स्कन्दमाता

४) कालरात्री

५) भद्रिका

६) उल्का

७) सिद्धा

८) सङ्कटा

योगिनीहरूको विभिन्न रस जस्तै हास्यरस, वीभत्सरस, शान्तरस, रौद्र रस, भयानक रस, करुण रस, वीर रस, अद्भुत रस आदि अष्टमातृकासँग पनि मेल खान्छ । यस्ता रस र मुद्राद्वारा दानव, अधर्मी, विधर्मीहरूको वध गरी धर्म स्थापनामा अन्तर्मुखी अथवा बहिर्मुखी पराक्रम ( कला) अभिव्यक्त भएको देखिन्छ ।

**(ग) तेस्रो पुटमा- वैरोचन (ऐजन)**

१)	तारिणी	- पूर्व

२)	भीमदर्शिनी	- उत्तर

३)	सुदर्शना	- पश्चिम

४)	अजया	- दक्षिण

५)	शुभा	- इशान

६)	ताडका	- आग्नेय

७)	कालरात्री	- नैसृत्य

८)	महानासा	- वायण्य

**(घ) ज्योतिषशास्त्र अनुसार अष्टयोगिनि गण** (बज्रचार्य, २०६६ : १३७)

१)	मङ्गला

२)	पिङ्गला

३)	धान्या

४)	भ्रामरी

५)	भद्रिका

६)	उल्का

७)	सिद्धा

८)	सङ्कटा

## ३.४ वैदिककालीन तपस्या परम्परा

प्राचीन वैदिक युगमा ऋषि परम्परा मात्र नभई ऋषिका परम्परा पनि रहँदै आएको थियो । यद्यपि यस दक्षिण एसियाली क्षेत्रमा मध्यपूर्वबाट मुस्लिमहरूको आक्रमण र तत्पश्चात् इसाई एवम् अङ्ग्रेजहरूको आक्रमण र अतिक्रमणका कारण नारीवर्ग धार्मिक शिक्षा र साधनाको सुविधाबाट वञ्चित हुनु परेको र घरभित्र सिमित हुनु परेको थियो । यो अवस्थाले हालसम्म ओझेल पारेको पाइन्छ । तर प्राचीन समयमा नारीलाई धार्मिक, आध्यात्मिक शिक्षाबाट वञ्चित गरिँदैनथ्यो । गुरुकुल सञ्चालनमा पनि नारीको प्रमुख भूमिका रहन्थ्यो । समाजमा नारीले दर्शन

र नीति शिक्षा दिने गरेको पनि पाउँछौ । त्यसै गरी साधनाको क्षेत्रमा पनि नारीको अहम् भूमिका रहने गर्दथ्यो ।

आज भन्दा २५०० वर्ष पूर्व भगवान् बुद्धले पनि नारीलाई संघमा प्रवेश दिई मुक्तिको साधनामा नारीलाई प्रोत्साहन गरेको पाउँछौँ ।

**आतुर असुचिं पूर्ति पस्म नन्दे समुस्सेय ।**

**असुभाय चित्त भावही, एकग्य सुसमाहितं ।**

*-भगवान् बुद्ध*

अर्थात् हे नन्दा तिमी यो फोहोरको डंगुर शरीरलाई हेर । अशुद्ध, दुर्गन्धमय र व्याधिको समूह सिङ्गै शरीरलाई ध्यान लगाएर हेर, एकाग्रतापूर्वक तिम्रो चित्तलाई अशुभ शरीरलाई हेरेर ( निर्लिप्त भई) ध्यान गर ।

यस उपदेशबाट प्रष्ट हुन्छ कि उसवेलाका नारी एकान्त तप गर्न योग्य थिए । शरीरको सौन्दर्य र भौतिक सुखमा अहिलेका नारीझैँ आशक्ति हुँदैनथे । उस बेलाका नारीमा कठिन तप गर्ने सामर्थ र रुचि दुवै पाइन्थ्यो ।

समग्रमा हेर्दा श्रीस्वस्थानी व्रत परम्परा नेपाली समाजमा मात्र नभई समस्त हिन्दु नारीको तपस्या परम्परालाई प्रतिनिधित्व गर्दछ । श्रीस्वस्थानी व्रत परम्परा मार्फत समाजमा धर्म, अध्यात्म र साधना पद्धतिको पुनर्जागृति गर्न मार्ग खुलाएको पाइन्छ । मानवको अर्ध नारीस्वरूप अर्थात् शिवशक्तिमय अस्तित्वको योगलाई श्रीस्वस्थानीव्रत साधनाले सिद्ध गराई नारीको मुक्तिपथ प्रदर्शन गरेको पाउछौ ।

आफूभित्र रहेको शिवतत्वसँग आफू (आफै भित्र) मा रहेको शक्ति अर्थात् चैतन्यलाई अध्यात्मिक स्तरमा विवाह गर्नु नै शिव पार्वती विवाह बुझिन्छ । श्रीस्वस्थानी साधनाले यही विवाहलाई मात्र मान्यता प्रदान गरेको पाइन्छ । यस परम्पराले नारीको संसारिक पक्ष नभई लोकोत्तर पथ र आध्यात्मिक पुरुषार्थ इङ्गित गर्दछ । स्वस्थानी साधनाको यथार्थ विज्ञान एवम् सिद्धान्त यही देखिन्छ ।

### ३.५ वैदिक कालीन तपस्वीणी (ऋषिका) हरू

विभिन्न कालखण्डमा समाजमा आध्यात्मिक योगदान पुऱ्याएका ऋषिकाहरू आजको समाजमा विस्मृत छन् । तथापि प्राचीनकालमा धार्मिक क्षेत्रमा ठूलो योगदान पुऱ्याएका ऋषिकाहरूको पनि नाम सम्झनु त्यत्तिकै आवश्यक छ तपोनिष्ठ जीवन बिताएर परम् मुक्ति प्राप्त गर्ने गराउने कार्यमा प्राचीन युगका नारीहरूको जीवन अत्यन्त प्रेरणादायी थियो (Mumukshananda, 1993:152 -155)। केहि प्राचीन तपस्वीणी (ऋषिका) हरू को नाम देहाय अनुरूप प्रस्तुत गरिएको छ ।

१) विश्ववर अत्रेयी
२) अदिति
३) अपला अत्रेयी
४) शशावती अंगिरसी
५) अगस्त्य स्वसा
६) इन्द्र स्नूशवासुक्रपत्नि
७) इन्द्राणी (शची)
८) गोद्य
९) द्योश काकशिवति
१०) मैत्रिय
११) सविता
१२) सुनिति
१३) रोमश
१४) रात्रि
१५) विश्ववर
१६) अपल
१७) कश्यिप
१८) सुनिति
१९) सूर्य सावित्री
२०) रात्री भारद्वाज आदि (प्रसुन एण्ड ऋषिस, २००९ : १५०-१६०)।

एवम् प्रकारले वैदिक धर्म, संस्कृतिमा मातृशक्ति तथा देवीहरू जस्तै काली, दुर्गा, लक्ष्मी, चण्डी, चामुण्डा, उग्रतारा, छिन्नमस्ता, बङ्गलामुखी, सरस्वती, वज्रयोगिनी, गौरी, भुवनेश्वरी, चन्द्रघण्टा, धुँवावती, वैष्णवी, वाराही आदिको विशेष स्थान हुनु नारीशक्तिको पहिचान स्पष्ट रूपमा स्थापित हुनु हो । यद्यपि वर्तमान नारीलाई तीन प्रकारमा विभाजन गर्न सकिन्छ : (१) धर्मनिष्ठ, (२) मध्यम र (३) धर्मविमुख । तीन प्रकारका नारीमध्ये धर्मनिष्ठ नारी उत्तम मानिन्छन् । यिनै नारीले धर्म रक्षा गरेका हुन्छन् । दुर्गा, लक्ष्मी, सरस्वती, महाकाली, गौरी आदि जस्ता पूजनीय नाम हिन्दु संस्कृतिमा पाउँछौं तर पाश्चात्य संस्कृतिमा नारी पापको मूल भनी

घृणा गरिएको छ । वर्तमानमा हिन्दु धर्मलाई अनावश्यक गाली गरिएको छ । प्राचीन समयमा पुत्र मोह थिएन धर्ममोह बढी थियो । धार्मिक प्रवृतिका नारी नै पुजनीय थिए (मुमुक्षानन्द, १९९३ : १५१-१६०)। धार्मिक प्रवृत्तिको छोरीको पनि विशेष महत्व हुने गर्दथे ।

**तत्रश्रद्धा मनोपत्नी होतार समयाचत्त ।**

**दुहित्र्यर्थमुपागम्य प्रणिपत्य पर्यावृता ।**

*-१।१।१४, भागवत्*

भागवत्को यस श्लोकले भन्छ : हे होता ! तपाईंहरूले छोरी प्राप्त गर्ने मन्त्र पढिदिनुहोस्

यसैगरी बौधसम्प्रदायमा थेरीगाथा यस्तो भनिएको छ :

**वीर वीरेही धम्मेही, भिक्खुनी भावितिन्द्रिया ।**

**धारेहि अन्तिमं देहं, जेत्वा मारं सवाहनं ति ॥**

अर्थात् (भगवान् बुद्ध भन्नुहुन्छ) - *हे भिक्षुणी विरा तिमीले आफ्नो दृढ साधनाद्वारा श्रद्धादि आध्यात्मिक शक्ति विकास गऱ्यौ । अब तिमी मार (काल) र उसको सेना (मनोविकारहरू) लाई पराजित गरी यो अन्तिम शरीर (अर्हन्त अवस्था) धारण गरेकी छौ ।*

यस प्रकार नारी शूरवीरता, वैदिककाल बुद्धकालदेखि रही आएको प्रमाणित छ । रानी लक्ष्मीबाई, मीराबाई आदि लगायत नेपाल-अङ्ग्रेज युद्धमा नालीपानी किल्लामा काखमा नानी च्यापेर भोजन पानी बिना अङ्ग्रेजका तोपगोला अगाडि भाला, धनुषवाण, ढुङ्गा र मुढाले लडेर पानी नेपाललाई सुरक्षित, सार्वभौम राखेका साहसी नेपाली मतृशक्ति वृत्तान्त प्रशस्तै छन् । तर तिनलाई आज सबैले बिर्सेको देखिन्छ ।

## ३.६ श्रीस्वस्थानी व्रत र नारी सन्दर्भ

नारीको स्थान, अधिकार र सम्मानमा विश्वमै एकमात्र वैदिक धर्म संस्कृतिले सुरक्षित गरेको छ । सीता-राम, लक्ष्मी-नारायण, राधाकृष्ण आदि नाममा नारीको भाग अग्रस्थानमा छ । कन्याको पूजा, कुमारीको पूजा गरी हिन्दु वैदिक संस्कृतिले नारीलाई निकै ठूलो सम्मान दिएको

छ । वैदिक सनातन संस्कृतिमा मात्र नारीको पूजा हुने गर्दछ । यस अर्थमा दक्षिण एसियाली राष्ट्रको लोक संस्कृति पाश्चात्य संस्कृतिभन्दा धेरै विकसित देखिन्छ । प्राचीनकालमा युरोपका अनेकौँ देशमा स्थानीय देवता (ग्राम देवता), पितृपूजा, प्रकृतिपूजा, मूर्ति पूजा आदि गरिन्थ्यो, जुन कार्यमा विशेषगरी नारीलाई बढी अधिकार सुम्पिएको हुन्थ्यो । तर सन् १४८४ देखि १८८४ सम्मको तीव्र ईसाईकरण अभियानका कारण युरोपमा मात्र ९०००००० (नब्बे लाख) नारीलाई बोक्सीको आरोप लगाई स्थानीय आदिवासी संस्कृति मान्ने नारीहरू मारिए (अधिकारी, : १९)। युरोपमा आदिवासी लोक संस्कृतिको लोप गराई ईसाईकरणको संस्कृति स्थापना भएको पाइन्छ । नारीको आत्मा हुँदैन, नारी पाप र नर्कको कारण हो जस्तो इसाई मान्यता सनातन वैदिक धर्ममा पाइदैन । तथापि अधार्मिक नारीको तिरस्कार पनि यहाँ भएको पाइन्छ । स्वस्थानी साधना नारीप्रधान साधना हो । यस साधनाको देवता श्रीस्वस्थानी परमेश्वरी नारीकै रूप हुन् । स्वस्थानी शक्ति अष्टमातृकाको मध्यमा देखाइन्छ । प्राचीन वैदिक संस्कृति मातृप्रधान थियो भन्ने तथ्य हाम्रा धर्मग्रन्थ एवम् यस्ता अनेक परम्पराबाट पुष्टि हुन्छ । भूमिलाई यही कारण माता पनि भनिन्छ ।

## ३.७ सती भाव

आदिशक्ति पार्वतीको नामकरण हिमालयपुत्री अर्थात् पर्वतराज हिमालकी पुत्री भएकी हुँदा पार्वती रहन गयो । जबदेखि हिमालयको अस्तित्व उदय भयो तबदेखि पार्वतीको नामको अस्तित्व जोडिएको पाउँछौँ । पार्वतीको अर्को नाम सतीदेवी रहनुमा सत्य सनातन धर्ममा अटल रही सत्य (अर्थात् शिवमा सदा समर्पित) रहेकी हुँदा सत्यकी देवी सत्यदेवी रहन गएको देखिन्छ । तसर्थ, यो दिव्य आध्यात्मिक प्रेमको परम् उत्कर्ष हो । सतीको अर्थ पाली भाषामा ( सतिसमप्रज्ञान) जागरुक (introvert mental awaress) सजग, साक्षीस्वरूप, सदा जागृत (awake state) भन्ने बुझिन्छ । सतीको अर्थ सजगभाव (Alertness) तथा स्थिरपना (Stillness) हो । यो विशेषता पार्वतीको हुने बुझिन्छ- सदा एकरस, शान्त, सजग, स्थिर र साक्षीभाव । सतीमा पर्वतको जस्तो गुण विद्यमान हुने बारे बोध गराउदछ । तसर्थ यो गुण ध्यान र तपस्यासँग सम्बन्धित छ । अन्तर्मुर्खताको स्थितिमा भित्री एकाग्रताको निम्ति सतीभाव अत्यन्त अपरिहार्य छ । यही सती शब्द बुद्धले गहिरो ध्यान अवस्थाको अभ्यासबारे धर्म देशना गर्नु हुँदा सती सम्प्रज्ञान

शब्दको प्रयोग गरेका थिए अर्थात् सम्प्रज्ञान समाधिमा (सतिपस्टान सुत्र) सदा सतीभावको समुपस्थितिबिना अनित्यबोध जगाउन नसकिने बारे बुझाइन्छ । जसरी सनातन वैदिक मार्गमा शिव र पार्वतीको प्रसङ्ग आउँछ, बज्रयान तथा महायान बौद्ध परम्परामा देखिने बुद्धसँगैको तारा अर्द्धनारी स्वरूप अर्थात् शिवशक्ति स्वरूपकै अस्तित्वबोध बारे प्रतिबिम्बित हुने गरेको पाउँछौं ।

## ३.८ वैदिककालीन नारीप्रधान संस्कृति

वैदिककालीन संस्कृति मातृप्रधान थियो । यही कारण यस समय मातृकादेवी आदिको स्थान महत्वपूर्ण रूपले स्थापित भएको पाइन्छ । सिन्धु घाटी सभ्यता (Indus Valley Civilization) मा पनि मातृका पूजाको प्रचलन (Mohenjodaro, Harappa) पुरातात्विक रूपमा प्रमाणित छन् । यस समयमा नारीले पनि वेद आदि शास्त्र पढ्दथे र पढाउँथे (मुमुक्षानन्द, १९९३ : १२९-१३४)। तपस्यामा पनि नारीको अग्रणी स्थान थियो । पार्वतीले उग्ररूपमा तपेको हुँदा उनकी आमाद्वारा उ मा ! उद्गार गरिएको हुँदा ‘उमा’ नाम रहन गयो । २५०० वर्ष अघि बुद्धले महिलालाई सङ्घमा स्थान दिएको सबैलाई थाहा छ । यद्यपि यसका लागि नारीले सङ्घर्ष निकै गर्नु परेको थियो । सङ्घलाई नेतृत्व गर्ने बुद्ध मात्र थिए । नारीको लागि अलग नेतृत्व नरहेको हुँदा पुरुष भिक्षुहरूको सङ्घमा नारीको प्रवेशले भिक्षु सङ्घको ध्यानाकर्षण महिलापट्टि हुने हुँदा बुद्धले इन्कार गरेका थिए । तर पछि गएर बुद्धले स्त्रीलाई पुरुषदेखि अलग (Segregation) वातावरण बनाई साधनामा दीक्षित गराएको प्रसङ्ग छ । एउटै सङ्घमा स्त्री पुरुषलाई राख्न नहुने मतमा बुद्ध हुनुहुन्थ्यो । तर नारीहरू साधनातर्फ अत्यन्त हठ गरिएको हुँदा मात्र नारी कल्याणका लागि प्रवेश गरिएको थियो । यही कारण बौद्ध धर्म १००० वर्षको सट्टा ५०० वर्ष सम्म शुद्ध रह्यो भन्ने मान्यता छ

## ३.९ नारीप्रधान पूर्वीय संस्कृतिमा पाश्चात्य विकृति

हिन्दु वैदिक सनातन धर्ममा विवाहको महत्व तथा अर्थ व्यक्तिको अर्धनारी स्वरूपसँग सम्बन्धित गराई व्याख्या हुन्छ । तर यो महान् संस्कृति र सोच आज लोप भइसकेको अवस्थामा छ । घरमा कन्याको जन्म हुनु शुभ हो । केटाको पूजा हुँदैन तर कन्याको पूजा हुन्छ । पुरुषमा भन्दा नारीमा धार्मिक आस्था बढी हुन्छ । आफ्ना सन्तानले गरेको धर्म र पुण्यले माता पिताको

कल्याण हुन्छ । छोरा धनी हुँदैमा र छोरीको विवाह हुँदैमा मातापिताको कल्याण कदापि हुँदैन । उल्टो आफ्नो सन्तानलाई संसारी दुःख र व्यावहारिक जनजालमा फसाएकाले भोग र दुःखको कष्टकर सञ्जाल वृद्धि गराएकोमा थप धर्मग्लानिको स्थिति पैदा हुन्छ ।

मातापिताको प्रथम दायित्व आफ्ना सन्तनलाई धनमुखी होइन धर्ममुखी बनाउनु पर्छ । छोरीलाई धर्म, अध्यात्म र साधनामा पारङ्गत बनाइ मुक्तिको बाटो खुलाइदिनु पर्ने दायित्वबाट पन्छिएर केटा खोजी विवाह गराई घरबाट निष्कासित गराई जिम्मेवारीबाट पन्छिने सिवाय हाम्रो समाजमा अहिले केही हुन सकेको छैन । छोरी भएको कारण भ्रूण हत्या बढ्दो छ । भारतमा करोडौँको संख्यामा भ्रूण हत्या भएको छ । दाइजो वा काम भएको कारण अधिकांश नारीको ज्यान जान्छ । नारीलाई विवाह गरी अन्यत्र पठाउनै पर्ने सोचका कारण यो दुर्दसा छ । छोरा प्रतीको माया मातापितालाई सुख र सम्पन्नताको लोभ हुने हो । मुक्ति त धर्ममा आधारित हुन्छ । छोराले धेरै धनसम्पत्ति कमाएर हामीलाई सुख सयल र भोग विलासमा पालेर राख्ला भनी मीठो भौतिकवादी स्वार्थले पाल्ने, हुर्काउने कार्य धर्मसङ्गत छैन । छोरालाई पहिला असल बनाउनु पर्छ, धार्मिक आध्यात्मिक बनाउनुपर्छ अनि बल्ल असल मान्छे बन्छ । यसैबाट सन्तान, मातापिता र लोकको कल्याण हुन्छ । स्वस्थानी व्रत साधनाको मुख्य लक्ष्य पनि यही हो । लोप उन्मुख यो प्रवृत्तिको पुनर्जागरण ल्याउनु नै स्वस्थानी व्रतको मूल लक्ष्य हुनुपर्दछ । स्वस्थानी व्रतकथाले दिने मूल दर्शन र मार्गचित्र यही हो ।

## ३.१० विवाह सन्दर्भ

शिव र पार्वतीको मिलन (योग) लाई तीजपर्वको रूपमा मनाइन्छ । यथार्थमा यो विवाह व्यक्ति भित्रको अर्धनारी स्वरूपको मिलन हो । यसलाई बौद्ध दर्शनअनुसार निवार्ण साक्षात्कार (Enlightenment) भनिन्छ । भक्ति दर्शनअनुसार आत्माको परम्‌त्मा सँगको मिलन हो । योग दर्शनअनुसार जीवको परम्‌त्मासँगको योग (Union) हो । जसलाई पतञ्जली योग दर्शनले कौवल्यपद भनेको छ । तर आजको विवाह देहधारीसँग तुलना गरिएको हुँदा यस अध्यात्मिक विवाहको अपव्याख्या गरिएको छ । शिवसँग विवाह भैसकेको मान्यताको आधारमा कुमारी

परम्परा चलिआएको हो । अतः पार्वतीको शिवत्व प्राप्ती गर्नुको अर्थ संसारचक्रको बन्धनबाट पूर्ण मुक्त (Enlightened) प्राप्त गर्नु हो ।

वैदिककाल मातृप्रधान थियो भन्ने मान्यता छ । त्यसबेला नारीमा तपप्रधान गुण थियो । तर आजभोलि यो पराक्रम लोपोन्मुख छ । इतिहासमा लगातार मुसलमान र इसाईको आक्रमण तथा वर्तमानमा इसाई साम्राज्यवादले हिन्दु समाजमा षड्यन्त्रमूलक दबावका कारण नारी मात्र नभई पुरुष पनि पीडित छन् । नारी अधिकारका नाममा इसाईद्वारा सञ्चालित गैरसरकारी संस्थाहरूले नारीलाई संस्कृतिविमुख बनाउँदै गएका छन् । नारीलाई धार्मिक, आध्यात्मिक र सांस्कृतिक अधिकार दिन सकिए मात्र सबल बन्नेछन् र राष्ट्रमा नारीले नेतृतवमूलक भूमिका खेल्न सक्नेछन् । आफ्नो संस्कृतिप्रति इमान्दार नभएको नारीलाई यहाँको समाजले मान्यता दिँदैन र दिनु हुँदैन पनि । यस्ता नारी धार्मिक दृष्टिबाट पनि अपहेलित हुने गर्दछन् । आधुनिकता र स्वतन्त्रताको नाममा भड्किलो जीवन, पैसा, सुविधामुखी जीवन, होटल, लज, रेष्टुरेन्ट, पर्यटकको सेवा, विदेशी राष्ट्रमा घरेलु कामदार, बेचबिखन, वेश्यावृत्तिका कारण आजका नारी धेरै गहिरो खाडलमा पुरिएका छन् । यसको मूल कारण हो इसाई साम्राज्यवादको प्रभावले वैदिक मूल्य मान्यतामा आएको ह्रास । त्यसैले धार्मिक, सांस्कृतिक शिक्षा, चेतना र संस्कारको मद्दतले नारीलाई प्राचीनकालमा भए सरहको सम्मान दिलाउन सकिने छ । प्राचीनकालमा ऋषिकाहरूले समाजमा पढाउने, संस्कार दिने र साधना सिकाउने परम्परा थियो जुन आज लोप भइसकेको स्थिति छ (गौतम, २०६६ :२१२)। ऋषि परम्परा मात्र होइन ऋषिका परम्परा पनि वैदिक धर्म संस्कृतिमा थियो । यसको पुनर्स्थापना गर्न आवश्यक छ । नारीलाई विदेशमा जानु दुरुत्साहित गर्नुपर्छ । स्वदेशमै योग्य नारीलाई सम्मानजनक आध्यात्मिक उचाइमा संलग्न गराउनुपर्दछ ।

श्रीस्वस्थानी संस्कृति मूलतः नारी प्रधान देखिन्छ । प्राचीन सत्ययुगको निरन्तरताको रूपमा श्रीस्वस्थानी व्रत परम्परा पहिचान भएको पाइयो । सतीको अध्यात्मिक पक्षबारे यहाँ विश्लेषण गरिएको छ । वैदिक संस्कृति अनुसार विवाहको परिभाषा प्रकृति र पुरुष बीचको अत्यात्मिक मिलन र मुक्ति (Enlightenment) लाई नै योग भनिएको अर्थ खुलेको पाइन्छ । भक्त भगवान्मा समाहित हुँदा अर्थात् आत्माको परमात्मामा लिन हुने प्रकृयाद्वारा जीवको मुक्तिको अवस्थालाई स्मरण गरि तीज पर्व अर्थात् शिव पार्वती विवाह प्रसङ्गको अध्यामित्मक रहस्य खुलेको पाइन्छ ।

## चौंथो अध्याय

# पूर्वीय संस्कृतिको वैज्ञानिक पक्ष

### ४.१ पश्चिमा राष्ट्रमा वेदको अनुसन्धान

वैदिक सनातन धर्मप्रति पाश्चात्य दार्शनिक एवम् लेखकहरू क्रमिक रूपमा पूर्वीय दर्शन संस्कृतिप्रति सहिष्णु बन्दै जानुपर्ने बाध्यता महसुस गरिरहेका छन् । पाइथागोरस, प्लेटो, सुकरात, अरस्तु, एल्बर्ट आइन्स्टाइन, निल्सबोर, बर्नर हेसेन्बर्ग आदिले पूर्वीय साहित्य एवम् धर्म अध्यात्मप्रति उत्साहबर्द्धक रुचि देखाएका थिए, त्यसैगरी अन्यले पनि । उनीहरूले यसबाट निकै बौद्धिक लाभ उठाएका पनि थिए ।

भगवान् बुद्धको शिक्षामा अहंकारको विसर्जन र चित्तशुद्धिको प्रमुख उपदेशझैँ स्वस्थानी व्रतकथामा पनि समानान्तर रूपले अन्तस्करण शुद्धिकै मार्ग बताइएको छ । श्रमण-ब्राह्मण परम्परा प्राचीनकालमा कल्प अघिदेखि नै यस जम्मुदीपमा प्रचलित थियो ।

कल्प अघिका बुद्धहरूले पनि यही हिमवत क्षेत्रमा तप गरी मोक्ष प्राप्त गरेका थिए, बोधिसत्वहरूले भनी बौद्ध साहित्य जातक, त्रिपिटकमा पाउँछौँ (कौसल्यान, १९५४ : १५५)। बौद्ध साहित्यमा कल्प अघिका घटनाक्रमहरू पनि हिन्दु समाज, संस्कृति र परम्पराको धारसँगै चल्दै आएका हुन् (कोवेल, १९५७ : ३२-३४)। स्वस्थानीमा वर्णित पौराणिक घटना देव-असुर सङ्ग्राम आदिलाई काल्पनिक र मिथ्या मान्नेहरूलाई बुद्धको शिक्षा र साहित्यले सत्य साबित गराउन सफल छन् । कल्प अघिका बुद्धहरूको जीवनमा गन्धर्व, किन्नर, भूत, प्रेत, यक्ष, देवता, ब्रह्म आदिसँगको अनुभव गाँसिएको पाउँछौँ । त्यसैले वैदिक दर्शन-साहित्य र बौद्ध दर्शन-साहित्य मूल रूपमा विवादित छैन । एक आपसमा दार्शनिक एवम् सैद्धान्तिक रूपले मिलेजुलेका छन् ।

### ४.२ मनोविज्ञानको दृष्टिमा स्वस्थानी कथा

स्वस्थानी कथा र व्रत परम्परा तपस्या र मुक्तिबोधक हो । तर यस परम्परालाई रोचक कथाप्रसङ्ग मार्फत तथा व्रतको अनुष्ठानका विविध पक्षहरूले मुमुक्षुलाई सहज, रुचिकर र

रमाइलो ढङ्गले पथप्रदर्शन गरेको पाउँछौँ । मानवजातिका गहिरा एवम् जटिल आध्यात्मिक पक्ष एवं चाहनालाई कथाले जीवन्त तुल्याएको छ । इतिहास, भूगोल र विज्ञानलाई कथाको रूपमा प्रस्तुत गरेर एकातर्फ रोचक बनाइएको छ भने अर्कोतर्फ सङ्केत, उपमा र लोक मनोविज्ञानसँग समन्वय गराइएको हुँदा काल्पनिकजस्तो लाग्नु स्वाभाविक हो । तर मानव मस्तिष्कको संवेदनशीलता बढ्दै जाँदा सबै घटनाक्रम प्रत्यक्ष (Timeless and real) हुन सम्भव देखिन्छ र सिद्ध पनि हुन्छ ।

कथा प्रसङ्गले आध्यात्मिक पथलाई जीवन्त मात्र नभई अत्यन्त दृश्यवान् (Powerfully visual) बनाएको हुँदा मस्तिष्कका दृश्यसँग सम्बन्धित भागहरू (Visual lobes of brain) पनि सक्रिय र सबल तुल्याउन सफल छ । कल्पना गर्दा गर्दै $E=mc^2$ शक्तिबोधक यो विश्वप्रसिद्ध सूत्र पत्ता लगाएका भौतिक विज्ञानका प्रतिष्ठित वैज्ञानिक अल्बर्ट आइन्स्टाइन (Albert Einstein) ले कल्पना शक्तिको महत्वबारे यस्तो भनेका थिए- "Imagination is more power than knowledge" अर्थात् ज्ञानभन्दा कल्पना शक्ति अझ शक्तिशाली हुन्छ भन्ने उहाँको भनाइले यथार्थमा आधुनिक भौतिक विज्ञान (Quantum Physics) ले प्रमाणित गरेको Non-local effect जस्ता रहस्यलाई क्रियान्वित गर्न सम्भव देखाउँछ र मुक्तिलाई सहज तुल्याउन मार्ग खोल्न सम्भव प्रमाणीत गर्दछ । स्वस्थानी व्रतमा पिण्ड/व्यक्ति (Microcosm) र विश्वब्रह्माण्ड (Macrocosm) को अन्तर्निहित सम्बन्धबारे बोध गराउन सफल छ । यस्ता महान् पक्ष उद्घाटन गर्न शुद्ध र पराक्रमी भक्तिभावको अवाश्यक हुन्छ । यस प्रसङ्गमा मीराको सन्दर्भ पनि जोडिन्छ । भगवान् र भक्तको प्रसङ्ग “यद् पिण्डे तत् ब्रह्माण्डे” (microcosm-macrosom interrelationship) जस्तो यथार्थलाई स्वस्थानी परम्परामा सरल ढङ्गले प्रस्तुत गरिएको छ ।

अश्रद्धा, पश्चिमी संस्कार, भौतिकवाद र आधुनिकवादले यस महान् मुक्तिदायिनी पथलाई ओझेल पारेको स्थिति छ । यसबारे चिन्तनशील हुन आवश्यक देखिन्छ । असल शिक्षा, संस्कार, ब्रह्मचर्य, तप, सात्विक खानपान आदि पूर्वीय मूल्य मान्यता आजको समाजमा अभाव महसुस गरिन्छ । बह्मचर्यद्वारा नै ब्रह्म चिन्तन सम्भव हुनेबारे पूर्वीय दर्शनले बताएको छ (प्रधान, २०५९ : ५२/५३)।

## ४.३ मौसम परिवर्तन सन्दर्भ

आजको विश्वमा केन्द्रीकृत अधिनायकवाद, केन्द्रीकृत औद्योगीकरण, केन्द्रीकृत शासन, अर्थ, स्वास्थ्य आदि प्रणालीका कारण प्रकृतिका विविध पक्ष असन्तुलनतर्फ गति लिइरहेको अवस्था छ । बढ्दो युद्ध एवम् आणविक परीक्षण, वनजङ्गल विनाश, नदी नालामा प्रदूषण पृथ्वीको गर्भमा रहेका खानी र प्राकृतिक सम्पदाको अधिकतम उपयोग, चरम मुनाफावादी बजार प्रणाली, आधुनिकता, भौतिकवाद, यान्त्रिकीकरण जस्ता विश्व संस्कृतिले पृथ्वीका अनेक प्राकृतिक दिव्य थलोमा प्रहार भई ग्रामदेवता, पितृदेवता, नागदेवता, इष्टदेवता, कूलदेवता, वायुदेवता, जलदेवता, पृथ्वी र अन्तरिक्षका देवताको स्थानीय वातावरण खलबलिएको हुँदा आज विश्वमा मौसम परिवर्तन (Climate change) देखि विश्व आणविक युद्धको त्रास (Threat) उब्जेको छ । यी सबै मानव विकृतिका कारण भइरहेको छ । सादा जीवन उच्च विचारको सट्टा, भोगवादी आधुनिक जीवन मूर्ख, लोभी, महत्वाकांक्षी र नास्तिक विचारले गर्दा वातावरण पुजित हुनको सट्टा प्रदूषित भएको छ । यही कारण प्रलयका सङ्केत देखिएका हुन् । अत्यन्त पवित्र तपोभूमि गण्डक क्षेत्रमा आधुनिकता पर्यटन नाममा अनास्था र पाश्चात्यकरणको विकृति बढेको र प्रकृतिप्रति भोगवादी संस्कारका कारण सेतीमा बाढी आउनु अध्यात्मिक कारण पनि रहेको ठहर गर्न सकिन्छ । नागदेवता, वरुणदेवता आदिको श्रद्धा पूजा गर्दा स्थानीय वातावरण सात्विक भई दैविक प्रकोप र मौसम परिवर्तनमा सुधार ल्याउन सकिनेछ । तर अब यो सम्भव देखिँदैन किनकि मानिसले यसो गर्न छाडिसकेका छन् । गरे पनि तुरुन्त परिणामको चाहना राख्ने प्रवृत्ति बढ्दो छ । ओझेलमा परेका यस्ता पक्षको सूक्ष्म विश्लेषण गर्ने समय भै सकेको छ ।

**स्थानीय देवता कमजोर भई वातावरण खलबलिनुका कारणहरू :**

(१) लोकमा असुरक्षाको अनुभव हुनु,

(२) देवता रुष्ट हुनु,

(३) देवताले प्रकृतिको सुरक्षा गर्न छोड्नु वा असमर्थ हुनु,

(४) देवताको सट्टा भूत, प्रेत, वायु, पिशाच आदि नकारात्मक शक्तिले स्थान ओगट्नु,

(५) देवतालाई आवश्यक श्रद्धा, शुद्धि, भोग (नैवेद्य), धूप, जल प्राप्त नहुँदा मानव र उसको वातावरणलाई असहज तुल्याउनु (मानवले सम्पूर्ण प्रकृतिलाई विनाश गरेको हुँदा),

(६) देवताहरू (देवशक्ति) आपसमा सङ्गठित भई मानव कल्याणको विरुद्ध लाग्नु,

(७) प्रकृति र पञ्चतत्व एवम् धर्मीय प्रक्रिया तमोप्रधान र अशुद्ध बन्न गई धर्मचक्रले विपरीत कार्य गर्नु वा यस्तो स्वभाव देखाउनु ।

साँखुमा स्थित विभिन्न देवता एवम् देवस्थलको पूजा, साष्टाङ्ग दण्डवत सहित स्वस्थानी देवताको श्रद्धा गर्नाले स्थानीय क्षेत्रको, जनताको कल्याण हुन्छ भन्ने मान्यता छ । यस परम्परासँग सम्बन्धित विशिष्ट व्यक्तिहरूको पनि धारणा यस्तै रहेको छ । देवस्थान एवम् देवताप्रति उपहास र असुरक्षाका कारण प्रकृतिमा शक्तिको असन्तुलन हुने गर्दछ र अन्ततः यस्तो प्रदूषणकारी ऊर्जा सूक्ष्म अणुको तह (अणु धर्म) सम्म पुगी प्रकृतिमा रहेका पञ्चतत्व तथा अणु परम्‌ाणुको धर्मलाई कलूषित गरी सूक्ष्म नियममा असन्तुलन पैदा गरी मानवको अहित हुने गर्दछ । यसप्रकार स्वस्ति चक्र उल्टो दिशा चल्न गई प्रकृतिमा विनाशकारी स्थिति पैदा हुने गर्दछ । यसको निदान आध्यात्मिक स्तरबाट हुनुपर्दछ र हुन्छ पनि । विश्वमा मौसम परिवर्तनबारे जति सुकै आवाज उठाए पनि वैदिक धर्म संस्कृतिले निर्देश गरेको प्रकृतिवादी विधि विधानलाई श्रद्धापूर्वक पालना (Santity of Nature) नगरेसम्म सङ्कटको समाधान सम्भव छैन । वैदिक सिद्धान्तले यसलाई श्रृत् (Universal Laws) भन्दछ । यिनै नियमलाई मानव उपयोगी, जीवन उपयोगी बनाउन जल, पहाड, शीला, वनस्पति, पृथ्वीरूपी पवित्र पशु (गाई) प्राणी आदिको पूजा गरिन्छ । यो अविकसित संस्कृति होइन न त अन्धविश्वास हो, न कोरा कर्मकाण्ड, अपितु अत्यन्त विकसित सोच हो । यस्ता संस्कारले मानव चेतनामा सहिष्णुता, ज्ञान, प्रकृतिप्रेम, अहिंसा, त्याग, सेवा, धर्म र गहिरो आध्यात्मिकताको भावना पैदा गर्दछ । यस्तो भावले बोधीज्ञानको नजिक (Near enlightment) मा पुर्‍याउँदछ । किनभने 'बोध' हुनु भनेको प्रकृति र प्राणीमा दिव्यता र मुक्तिको दर्शन गर्नु हो भन्ने मान्यता छ ।

वैदिक परम्पराले परम्‌ज्ञान प्राप्त गर्न नसकिने अवस्थामा पनि बढो सृजनात्मक र सहज ढङ्गले दुर्लभ यो ज्ञान सहज र सरल रूपमा दिने चेष्टा गर्दछ । भौतिकवादको दौडमा मानवले यो सत्य बिर्सिंदै गएको छ । यसैको परिणाम पृथ्वीमा भयानक परिवर्तन हुने स्थितिको सम्भावना सदा रहिरहन्छ ।

## ४.४ प्रलयचक्र विश्लेषण

स्वस्थानी कथामा वर्णन गरिएका प्रलय र संसारमा भइरहने गरेका विनाश शृङ्खला प्रसङ्ग आपसमा मेल खाएको देखिन्छ । पुराणमा वर्णन हुने गरेका प्रलयहरू आधुनिक विज्ञानले मान्यता राख्ने Polar shift, lithographic change, deluge, climate change आदि अन्तर्सम्बन्धित छन् । प्रत्येक प्रलयकालमा पृथक् महेश (शङ्कर) को प्रभाव रहन्छ (अर्थात् कल्प अनुसारका महेश) । प्रत्येक सृष्टिमा पृथक् ब्रह्म उत्पन्न हुन्छन् । यसैगरी प्रत्येक सृष्टि पालनक्रममा पृथक् विष्णुको आवश्यक पर्छ जुन सदाशिवबाटै उत्पन्न हुन्छन् । यही क्रमले प्राचीन समयका विष्णुको उत्पत्तिसँग आधुनिक भौगर्भिक विज्ञानले पत्ता लगाएको शालिग्राम (Trilobite) को समय (Geological date) ले शास्त्रमा वर्णित विष्णुको समयबारे बोध गराउन सम्भव तुल्याएको हुन्छ । विज्ञानले यस अवशेष (Fossil) लाई Trilobite नामकरण गरे तापनि हिन्दु सनातनीहरूले यसलाई विष्णुको चक्र मानी पूजा गर्दछन् । विष्णु सुवर्ण सहित उत्पन्न हुने हुँदा उनका गरगहना र वर्ण मात्र नभई हातहतियारमा पनि सुनको मात्रा रहने गर्दछ । शालीग्राम भित्र सुनको मात्रा पाइन्छ । यो एक रोचक पक्ष हो । विष्णुको चक्र हुन्छ । शालीग्रामहरू पनि चक्र आकारमै पाइन्छन् ।

नेपालको काली गण्डकीमा प्रशस्त शालीग्राम पाइने गर्दछ । पौराणिक पक्षबाट मात्र नभई भौगोलिक र भौगर्भिक पक्षबाट पनि नेपाल अत्यन्त महत्वपूर्ण क्षेत्र हो । अत्यन्त पुरानो मानव अवशेष हालसालै नेपालमा पाइनुलगायत विश्वका विविध जातिहरूको बिस्तार विश्लेषण (Anthropological Analysis) गर्दा, वैदिक विज्ञान दर्शन र संस्कृत भाषा विश्व सभ्यतामा प्रथम आधार रहेको तथ्याङ्क आदि विविध कारणले गर्दा यस हिमवतखण्ड विश्व सभ्यताको मुहान मान्न सकिने प्रशस्त भौतिक आधारहरू छन् । विश्वको मौसम चक्रलाई यस क्षेत्रमा अवस्थित विशाल हिमशृङ्खलाले प्रभाव पारेझैँ विश्वको आध्यात्मिक गतिशीलता पनि यही क्षेत्रले प्रभावित गर्ने मान्यता स्वीकारोक्ति बनिरहेको अवस्था छ ।

### ४.४.१ प्रलयबारे शास्त्रीय मान्यता

पुराण र वैदिक मान्यता अनुरूप प्रलयचक्र तीन गुण - सतोगुण, रजोगुण र तमोगुणका कारण पदार्थमा आउने परिवर्तनका कारण हुने बारे विज्ञानसम्मत तर्क रहेको देखिन्छ । यस्ता गुणहरूलाई प्रभाव पार्ने धर्म हो । धर्म भनेको प्रकृतिको नियम (Natural law) हो जसलाई

आत्माको शुद्धि अशुद्धिले प्रभाव पारेको हुन्छ । दृष्टिअनुसारको सृष्टि उपनिषद्को दर्शन हो । वैदिककालीन देवताहरूमा सन्तुलन र शक्तिसम्पन्न देखिन्छन् । तसर्थ सत्ययुग सतोप्रधान, शान्त, समृद्ध र दिव्य छ । कलिकाल (आधुनिक भौतिकवाद) मा देवता कमजोर हुन्छन्, मानव श्रद्धा पूजा र तपरहित हुन्छन् । त्यसैले आजको अतिभोगवादी समयमा सृष्टि असन्तुलित भई भोक, रोग, अशान्ति, हिंसा, अधर्म, विधर्म, पाप, अहङ्कार र संसारी भोगादिका कारण पञ्चतत्वमा अशुद्धि हुन गई देवता, ब्रह्मा, पितृ, मानव, पशु, नाग, असुर नर्कका प्राणी आदिसम्म सामूहिक अधर्म अर्थात् धर्मग्लानिका कारण सृष्टि विनाश हुन्छ, प्रलय हुन्छ भन्ने मान्यता छ । धर्मविपरीत तत्वहरू यस समय बढी बलवान् हुन्छन् र अधर्मको प्रवर्धन गर्छन् । यद्यपि यसलाई समाधान गर्न सहज नभए पनि सम्भव अवश्य छ ।

प्रकृतिमा जबजब असन्तुलन पैदा हुन्छ तब तब प्रलय हुने गर्दछ । पञ्चतत्वका देवताले विद्रोह गरी विकृत सृष्टिलाई संहार गरेका हन्छन् र सत्वगुण सम्पन्न नयाँ सृष्टि बारबार गरिरहेका हुन्छन् । हिन्दु सनातन धर्म प्रकृतिपूजन यसर्थ अत्यन्त वैज्ञानिक प्रमाणित छ । किनकि पदार्थ प्राणीको भावनाअनुरूप गुणसम्पन्न हुन्छ भन्ने आधुनिक Quantum Physics (Partical dynamics) ले पनि प्रमाणित गरिसकेको छ ।

### ४.४.२ प्रलयबारे बुद्धको व्याख्या (जलद्वारा प्रलय र सृष्टि)

अग्निप्रलयमा दोस्रो सूर्य हुन्छ । यसरी यहाँ कल्पलाई विनाश गर्ने नुनिलो पानीको मधामेघ उठ्दछ । यहाँ प्रारम्भदेखि सूक्ष्म-सूक्ष्म वर्षा हुँदै क्रमशः महाधाराहरूले दश खरब चक्रवालहरूलाई (Hundred Trillion world system) चूर्ण गर्दै वर्षिने गर्छ । नुनिलो पानीले स्पर्श गरेको स्थान पृथ्वी, पर्वत आदि धूलो हुँदै पग्लिन्छन् । पानी चारैतिर वायुले धारण गर्दछ । पृथ्वीदेखि द्वितीय ध्यानभूमिसम्म (ध्यानको स्तर/अवस्थाले प्राणीले लोकमा गति पाउने हुँदा) जान्छ । त्यहाँ तिनै परित्ताभा, अप्पमाणाभा, आभास्सर ब्रह्मलोकहरूलाई पनि पगालेर शुभकण्हामा गएर रोकिन्छ । त्यो जबसम्म अणुमात्र पनि संस्कारगत हुन्छ, तबसम्म शान्त हुँदैन । पानीमा गएको सबै संस्कारहरूको नाश गरी सहसा शान्त हुन्छ, अन्तर्ध्यान हुन्छ । तलको आकाशदेखि लिएर माथिको आकाशसम्म अन्धकार हुन्छ । त्यहाँ कल्पको विनाश गर्ने महामेघदेखि लिएर कल्पको विनाश गर्ने वर्षा बन्द भएसम्म यो एक असङ्ख्य कल्प हो । वर्षा बन्द भएदेखि लिएर महामेघको आउनेसम्म यो दोस्रो असङ्ख्य कल्प हो । महामेघ आउनेदेखि

लिएर यी चार असङ्ख्य कल्पहरूको एक महाकल्प हुन्छ । यसप्रकार जलद्वारा प्रलय र सृष्टिलाई जान्नु पर्छ एवम् रीतले अग्नि, वायु आदिद्वारा प्रलयक्रम स्थिति अनुरूप चलिरहने गर्दछ, जहाँ देवताको पनि भूमिका हुन्छ । अकुशलमूलका (धर्मग्लानि) का कारण प्रलय हुने गर्दछ । प्रलय दुःखका अलावा प्राणी भूत, प्रेत, राक्षस, पशु तथा विभिन्न तहका नरकमा कल्पसम्म भट्किएर पिल्सिएर दुःख कष्ट भोग्न सक्छ । दशपारमिता (दश प्रकारका पुण्य) को कारण जीवले क्रमशः आफ्नो गति सुधार्ने गर्दछ । यसप्रकार बुद्धको सूक्ष्म विश्लेषण अन्तर्मुखी प्रज्ञा दृष्टिबाट प्रस्फुटित यो व्याख्या निकै पनि वैज्ञानिक छ । यो अभिधम्मदृष्टि आधुनिक Quantum Physics सँग पनि मेल खान्छ । प्रयुक्त समुत्पादको व्याख्या पनि यसै आधारबाट खुल्छ । वर्तमान बुद्ध अर्थात् सिद्धार्थले चार लाख एक असख्य कल्प सम्म दशपारमिता (पुण्य) सञ्चय गरी अन्तिम पल्ट कपिलवस्तुमा उत्पन्न भई निर्वाणपद प्राप्त गरी मुक्त हुनुहुन्छ । पूर्व सम्यक समबुद्धसँग भेट हुनु अधि वहाँ ऋषि भेषमा सुमेध नामको संन्यासी हुनुहुन्थ्यो । तत्कालीन अवस्थामा उहाँलाई अष्टसिद्धि प्राप्त भइसकेको थियो ।

### ४.४.३ प्रयलबारे वैज्ञानिक विश्लेषण

विज्ञानको मतअनुरूप पदार्थहरू अणु-परमाणुले बनेका हुन्छन् । धनात्मक र ऋणात्मक कणद्वारा अणुको आकर्षण-विकर्षणद्वारा सृष्टिमा गति दिन्छन् । प्रत्येक आणविक गति-स्थितिको परिणाम हुन्छ । अणु (Atom) तथा कण (Particles) ले प्रकृतिलाई गुणसम्पन्न बनाउँदछन् । यदि कुनै कारणवश अणु तथा कणमा कुनै प्रकारको विशेष परिवर्तन आएमा (जस्तो कि Particle मा Spin) उक्त असर समग्र प्रकृतिमा हुने गर्दछ । प्रकृतिका सबै पदार्थ र प्रक्रियाहरू एक आपसमा अन्तर्सम्बन्धित हुने हुँदा आपसी सङ्क्रमणको स्थिति रहन्छ । प्रलयकालमा यस्तै सङ्क्रमित नियमहरू (धर्म) का कारण शृङ्खलाबद्ध प्रतिक्रिया (Chain reaction) द्वारा संरचनाहरू ध्वंश हुने गर्दछ । पदार्थको सूक्ष्म गुण प्राणीको चित्त (मन) बाट पैदा हुने तरङ्ग (धर्म) ले प्रभावित गर्ने हुँदा प्रकृतिमा सात्विक, तामसिक वा राजसिक गुण पृष्ठपोषण हुने गर्दछ । यसैको आधारले जीवनचक्रमा, दुःख, सुख र मुक्तिको सम्भावना उदय हुन्छ । यही कारण सदाचार र तपको भूमिकालाई लोकमा विशेष महत्व दिइन्छ । वर्तमान समयमा ब्रह्मकुमारी समुदायमा (राजयोग अभ्यासी) पनि यो विश्वास पाउँछौं । वैदिक धर्मग्रन्थ त्रिगुण आदिको प्रभाव चित्त र प्रकृतिमा पूरक रूपले प्रभाव देखाउँदछ भन्ने घोषणा गर्दछ जुन यथार्थमा सत्य साबित छ । अनकौ

पश्चिमा वैज्ञानिकहरूले पूर्वीय दर्शनलाई आधार मानी आफ्नो खोज अघि बढाएको विदितै छ । CERN को भूमिगत प्रयोगशालामा शिवको ताण्डवमूर्ति राखिनु पनि पूर्वीय दर्शनको वैज्ञानिक पुष्टि हो । अणु परम्‍णुको सुक्षम नृत्यलाई शिवको ताण्डव नृत्यसँग तुलना गरी हेर्दा पूर्वीय आध्यात्मिक चिन्तन अत्यन्तै वैज्ञानिक रहेको पुष्टि आजको क्वान्टम विज्ञानले प्रमाणित गर्दछ ( कप्र, १९७४ : २४२-२४५)।

## ४.५ स्वस्थानी दर्शन विज्ञानको दृष्टिकोणमा

**"हामीले अनुभव गर्ने सबैभन्दा सुन्दर चिज नै रहस्य हो । सम्पूर्ण सत्य, कला र विज्ञानको मूल स्रोत यही नै हो । जो यो भावनादेखि पृथक् भई अहोभावको आनन्दमा समाधिष्ठ भई आश्चर्यचकित हुँदैन त्यो मृतक सरह हो । उसको आँखा बन्द छ ....... जो हामीलाई छिचोल्न गाह्रो छ सो अस्तित्वमा छ, उच्चतम ज्ञानको रूपमा उत्पन्न भई, हाम्रो इन्द्रियले पुरातन स्वरूपमा परम् दिव्यमान सुन्दरता देख्न सामर्थवान् छ - यो ज्ञान, यो भाव नै धार्मिकताको केन्द्र हो (स्थान) । यही मानेमा, यही अर्थमा म श्रद्धालु धार्मिक व्यक्तिहरूको श्रेणीमा पर्दछु ।"**

*-एल्बर्ट आइन्स्टाइन (हवाट आई विलिभ, १९३०)।*

एल्बर्ट आइन्स्टाइनको उक्त दृष्टिकोणले पूर्वीय सभ्यता विशेष गरी स्वस्थानी दर्शनप्रति ज्ञात अज्ञात रूपले इङ्गित गरेको आभास हुन्छ ।

## ४.६ ज्योतिर विज्ञानको गणना

यस कथामा भौगर्भिक आयु (Geological Age) एवम् पराभौतिक समयक्रम (Meta physical Time Cycle) लाई सरल रूपले प्रस्तुत गरिएको छ । यद्यपि कतिपय प्रसङ्ग अश्लील एवम् अनौठा देखिए पनि स्वस्थानी व्रत कथाभित्र लुकेको ज्ञान भने कञ्चन र निर्मल छ । अपत्यारिलो र नकारात्मक पक्ष वास्तवमा मनुष्य जातिको सिमान्तकृत चिन्तन, सामर्थ्यको उपयोग गरी महान् दार्शनिक एवम् आध्यात्मिक पक्षलाई बुझाउने प्रयास गरिएको हो । यहाँ बताइएका कतिपय घटनाहरू वास्तवमा साङ्केतिक छन् र कतिपय सापेक्षिक (Relative) पनि । कतिपय घटना धेरै अघि घटेको हुँदा हामीलाई कपोकल्पित र मिथ्या लाग्नु स्वाभाविक पनि हो । आजको विज्ञानले पृथ्वीको उत्पत्ति करोडौँ वर्ष भयो भन्छ तर ज्योतिर्विज्ञानको गणना

(Astronomical Science and Calculation) को पक्षबाट हेर्दा यो समय  मेल खान्छ । तर हाम्रो लागि यो काल्पनिक गणना लाग्छ । मिथ्या हो जस्तै मान्नु स्वाभाविक हो । पुराणको युग पनि यसैगरी काल्पनिक लाग्नु स्वाभाविक हो ।

**युग गणना** : एक युगलाई १२५० वर्षको विभक्ति गर्दा युगले एक चक्र काट्दा १२५०×४=५००० वर्ष पूरा हुन्छ (संरक्षण समिति, २०६८ : ३५)। यही क्रमसँगै १२५० वर्षको कलियुगको विश्लेषण गर्ने हो भने अबको समय कलियुगको अन्तिम र सत्ययुगको प्रारम्भ भन्न सकिने अवस्था छ । यो गणना वर्तमान ब्रह्मकुमारी राजयोगी पन्थीको गणनासँग पनि मेल खान्छ । यद्यपि परम्परागत मान्यताअनुरूप कलियुग लाखौं वर्ष अझै चल्छ भन्ने मान्यता पनि छ । तर राम्रोसँग विश्लेषण गर्ने हो भने राम, कृष्ण र बुद्धको अवतार (जन्म) मा ठूलो अन्तर छैन । तसर्थ, यी युगपुरुषको जन्ममा १२५० वर्षको अन्तराल हाराहारीतिरै भएको देखिएको हुँदा लाखौं वर्ष अघिको युग भन्न मिल्दैन । लाखौं वर्षअघि भन्नुपर्दा युगको सट्टा कल्पको कुरा व्यावहारिक हुन्छ । युग जस्तै कल्प पनि काल्पनिक नभई सत्य एवम् व्यावहारिक हो तर अलि बढी जटिल गणना हो । पृथ्वीको आयु चार करोड वर्ष रहेको मान्यता आजका भूगर्भविज्ञानको मान्यता छ । यसकारण यस पृथ्वीमा अनेक पल्ट प्राणीको सृष्टि र प्रलय घटिसकेको हुनुपर्दछ । पशुपतिनाथको मन्दिरको उत्तरपूर्वमा देखिएको चट्टान (Outcrop of Rock) को आयु भौगर्भिक विज्ञानले करिव ४ करोड वर्ष पुरानो रहेको मान्यता राख्दछ । यही चट्टान (Bed Rock) को बिस्तार पनौती र चोभारसम्म फैलिएको छ । सांस्कृतिक रूपले हेर्दा पशुपतिको सांस्कृतिक सम्बन्ध पनौतीसम्म पुग्नु प्राचीन भौगर्भिक एकताको प्रमाण प्रदर्शित छ र उपन्यकाको संस्कृति अति प्राचीन देखिन्छ । तसर्थ स्वस्थानीको पूजा क्रममा विदेश यात्राको नामले शाली नदीबाट पशुपति र पनौतीसम्मको यात्राले भौगर्भिक सत्य र एकरूपतालाई परम्परागत, व्यावहारिक रूपले पनि पुष्टि गरेको प्रष्ट छ । धार्मिक आध्यात्मिक प्रक्रिया मिथ्या हो भन्नु गलत हो । प्रमाण सहजै फेला पर्दैन । ढुङ्गालाई पुज्नु भनेको आकृति र पदार्थलाई मात्र नभई त्यससँग सम्बन्धित भौगर्भिक आयुसापेक्ष ऊर्जा (Geological Energy) को पहिचान दिव्य घटना एवम् अन्तर्सम्बन्धको खोजी गर्नु हो । उत्पत्ति र व्ययधर्मचक्रले व्याप्त यस प्रकृतिमा ढुङ्गा नै सबैभन्दा स्थिर वस्तु हो जसले सबैभन्दा प्राचीन गुण र इतिहास बोकेको हुन्छ । अस्थिर संसारमा शीलाले

स्थिरभावद्वारा अटल सन्देश मानवजातिलाई दिइरहेका हुन्छन् । शाश्वत सत्य मानवलई बुझाउन मूर्तिपूजा यसर्थ श्रेष्ठतम आध्यात्मिक पूर्वाधारका साधन हुन् ।

वर्तमान विज्ञानको गणनाभन्दा शास्त्रीय गणना अझ विकसित एवम् जटिल रहेको प्रमाण निम्न तालिकाले जनाउँदछ । शास्त्रमा अणुदेखि त्रसणु - त्रुटि - वेध - लव - निमेष - क्षण - काष्ठा - लघु - नाडी - मुहूर्त - दिन - सप्ताह - पत्र - मास - ऋतु - अयन - अहोरात्र - युग - कल्प इत्यादि समय विभाजन गरिएको छ (स्वतन्त्र संचार, २०६७ : चार्ट)।

स्वस्थानी कथामा वर्णित घटनाक्रममा समय विभक्तिको स्वरूप निमेषदेखि कल्पसम्म रहेको छ ।

निमेष (त्रिपुरदहको लघु क्षण)

दिव्य वर्ष (तपस्याको समय - युद्धको समय)

युग

कल्प

प्रलय

आदि उल्लेख छन् । यसप्रकारको काल विभाजन निम्न तालिकाले थप बोध गराउन सहयोग पुऱ्याउँछ ।

## ४.७ नेपालका जातजातिमा स्वस्थानी संस्कृतिको प्रभाव

नेपालको भूगोलमा छरिएर बसेका एकसय भन्दा बढी जाति छन् । यी आदिवासीमध्ये केही दुर्गम र विकट भूगोलसँग सम्बन्धित छन् । कोही अझै पनि जनावर सिकार गरी खान्छन् त अन्य खेती पातीमा संलग्न छन् । कोही जङ्गलमै बस्छन् त कोही गाउँ, बस्ती र सहरमा बस्दछन् । जुनसुकै अवस्थामा बसोबास गरे तापनि सबैले प्रकृति, कुल देवता, इष्टदेवता तथा पितृको नाममा पूजा गरिरहेका हुन्छन् । यसप्रकारको पूजा, श्रद्धा र विश्वासको आधारलाई पछ्याउँदै जाने हो भने सबैमा आदिशक्तिप्रतीको विश्वास कुनै न कुनै आयामबाट जुडेको पाउँछौ । मानव जातिमा भौतिक पक्ष बाहेक आध्यात्मिक पक्षमा जुट्नुको अर्थ आफूभित्रको

पराभौतिक शक्तिको धेरै थोरै परिचय, अनुभव र चिन्तन प्रस्फुटित हुनु हो । आध्यात्मिक स्तर सात चक्रमध्ये जुन चक्र बढी जागृत छ सो अनुरूपको आध्यात्मिक चेतना उदय हुनु हो । यही आधारमा व्यक्ति र समुदायको आध्यात्मिक र सांस्कृतिक स्तर निर्धारण हुने गर्दछ । योग दर्शन अनुसार शरीरका निम्न स्थानमा शक्तिको जागरण हुने गर्दछ जसलाई चक्र भनिन्छ ।

(१) ब्रह्म रन्ध
(२) आज्ञा
(३) विशुद्धि
(४) अनाहत
(५) मणिपुर
(६) स्वाधिष्ठान
(७) मूलाधार

मानिसभित्र रहने यी शक्ति केन्द्रको प्रस्फुटन कुण्डलिनी शक्तिको जागरणले हुने गर्दछ । आजभोलि स्वास्थ्य क्षेत्रको प्रतीक चिन्ह पनि इडा, पिङगला र सुसुम्नाद्वारा देखाइन्छ जुन बेरिएका सर्पाकारमा हुन्छन् । यही आकारमा DNA को संरचना प्राप्त भएको छ । यसप्रकार मानिसले शक्तिको पूजा गरे नगरे पनि ऊ आदि शक्तिको अधीनमा रहने मान्यता रहिआएको छ । सामूहिक रूपले पूजा गरिने ग्राम देवता पनि सम्बन्धित समूहको आध्यात्मिक स्तर अनुरूप निर्धारित हुन्छन् । ग्राम देवताले महामारी, हैजा, आगजनी, खडेरी, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, अनिकाल आदि सङ्कटबाट स्थानीय जनतालाई सुरक्षित राख्ने मान्यता कोरा अन्धविश्वास होइने यथार्थ हो । उपनिवेशकालीन समयमा आफ्नो संस्कृतिको नाश हुँदा विभिन्न जातिले विभिन्न प्रकारका पराभौतिक समस्याहरू जेल्नु परेको मुख्य कारण तत्कालीन अवस्थामा आफ्ना स्थानीय देवता रुष्ठ हुनु र कमजोर हुनु हो । इसाई धर्मको मूल लक्ष्य स्थानीय देवतालाई विस्थापित गर्नु देखिन्छ । जसकारण मनुष्य र प्रकृतिमा नकारात्मक स्थिति उत्पन्न हुने गर्छ । समाजमा आध्यात्मिक जागरण वा पतनको सामूहिक स्थितिले समूहको भाग्य निर्देश गर्दछ । त्रिपिटक पल्टाएर हेरियो भने पूर्वकालमा वर्तमान बुद्ध पनि ग्राम देवताका रूपमा अन्य जनको हित रक्षा गरेको प्रमाणलगायत अनेक प्रसङ्ग भेट्टाउँछौँ (चाल्मर्स, १९५७ : २४४)। प्रायः दुर्गम लोक संस्कृतिमा ग्राम देवता पूजा गर्ने परम्परा बढी प्रचलित भए पनि यो संस्कृति सहरसम्म उत्तिकै महत्वपूर्ण छ । शिवलाई विश्वकै पिता (Lord Father) माने पनि नेपालका

लागि स्थानीय देवताका रूपमा पशुपतिनाथ नामले पूजा गरिन्छ । एवम् प्रकारले विभिन्न जाति आदि सत्ता र शक्तिको पूजा विविध रीति रिवाजका साथ पूजा गरिन्छ, नेपालका अनेक स्थानमा पूजा गरिन्छ ।

### ४.७.२ धिमाल लोक संस्कृतिमा खगोल विज्ञान

वैदिक दर्शन साहित्यभित्र गहिरा वैज्ञानिक पक्ष हुनु सामान्य विषय हो । किनभने वेद मूलतः विज्ञान हो तर लोक विश्वास एवम् लोक परम्परालाई आजभोलि अविकसित, पुरातन र अन्धा विश्वास भनी उपेक्षा, अपहेलना गरिन्छ । आधुनिक विकासे प्रचलनसँगै यस्तो प्रवृत्ति बढेको पाइन्छ । पश्चिमा राष्ट्रले वेदकै विज्ञान सापट लिएर विज्ञानको पुनर्खोज गरेका हुन्, यसमा दुईमत छैन । हाम्रा प्राचीन साहित्य अत्यन्त गम्भीर एवम् वैज्ञानिक अवश्य छन् । सामान्य गाउँले जीवन जिउने विकट क्षेत्रमा बसोबास गर्ने गाई, भैंसी चराउने अविकसित भनिएका सोझा सरल जातिको लोक परम्परामा पनि आधुनिक NASA स्तरको वैज्ञानिक मान्यतामा बाँचिरहेका छन् भन्दा आश्चर्य लाग्नु अस्वाभाविक होइन । धिमाल जातिमा प्रचलित थरहरूमध्ये दिङ, तेग्रे, नूनिया, राथूम, तालिपा आदिको आफ्नै व्याख्या छ । यी मध्ये “ताली” शब्द चन्द्रमाबोधक मानिन्छ । सृष्टि पछिका समयमा अन्धकार बढ्दै गएको हुँदा चन्द्रमा टिप्न बाँसको लिङ्गो थप्दै आकाशतिर माथि चढेको प्राचीन घटनाको आधारमा ती जातिको थर ‘तालिपा’ रहन गएको मान्यता छ ।

हामीलाई आवश्यक छ कथाको प्रारम्भिक स्वरूपमात्र- “धेरै अघिको कुरा हो । उसबेला आकाश पृथ्वीबाट टाढा थिएन । नजिक थियो । रात-साँझमा मान्छेलाई बत्ती बालिरहन पर्ने आवश्यकता पनि थिएन । तारा र जूनहरू नजिकै भएकाले उनीहरूबाटै बत्तिको काम लिन्थे तर एकजना धिमाली बूढी सधैं ओखलीमा धान कुट्ने गर्थी । प्रतिदिन उसले चलाएको मुसलीको धक्काले आकाश पृथ्वीबाट बिस्तारै बिस्तारै टाढा हुँदै गयो । ताराहरू र जून पनि आकाशसँगै टाढिएर गए र रातमा स्पष्ट रूपले देख्न नसकिने भयो । त्यसैले केही धिमालहरू मिलेर उज्यालोको लागि जून टिपेर ल्याउने सल्लाह गरे” (दिवस, २०३९ : ३३)।

यो सामान्य धिमाल लोककथाभित्र अत्यन्त गहिरो ब्रह्माण्डीय सत्य लुकेर बसेको छ । आजभोलि विकसित खगोल विज्ञान (Astronomy) को वर्षौंपछिको खोज र अनुसन्धानबाट विश्व

ब्रह्माण्डको उत्पत्तिबारे केही रोचक तथ्य प्रकाशमा आएका छन् । ब्रह्माण्ड उत्पत्तिको केही क्षण अघि जब समय निमेष (Nano second) भन्दा पनि कम थियो सो अवस्थामा ब्रह्माण्ड तोरीको गेडा जत्रो आकारमा (Singularity of high density) खाँदिएको अवस्थामा थियो । कालान्तर त्यो बढ्दै बढ्दै (Ever expansion) गएर वर्तमान ब्रह्माण्डको स्थिति प्राप्त गरेको छ । करोडौं वर्षअघि ग्रह, नक्षत्र सबै खाँदिएर रहेको अवस्थाबाट चौतर्फी फैलने क्रममा सम्पूर्ण ग्रह, नक्षत्र, आकाश गङ्गाहरू (Galaxies) एक आपसबाट टाढा हुँदै गए र अन्धकार पनि बढ्दै गयो । यस सिद्धान्तलाई Big Bang Theory भनिन्छ । प्रारम्भिक चरणमा यो ब्रह्माण्ड अत्यन्त उज्यालो (Luminous) थियो । फैलँदै जाने क्रममा आकाश गङ्गाहरू, ग्रह, नक्षत्र, उपग्रह आदि एक अर्कादेखि टाढिँदै गएका हुनाले प्रकाश र ताप दुवैमा कमी हुँदै गएको छ । जसलाई ब्रह्माण्डीय शीतकरण (Cooling of Universe) भनिन्छ । सैद्धान्तिक रूपमा सृष्टिको प्रारम्भिक चरणमा दिन र रात हुन नसक्ने र यदि भइहाले पनि राति उज्यालो हुने मान्यता तसर्थ अत्यन्त वैज्ञानिक एवम् सत्य छ । यो ब्रह्माण्ड एकै गतिमा फैलिएको थिएन । मुसलोको प्रयोग गर्दा जसप्रकारको लय वा स्पन्दन (Pulse) उत्पन्न हुन्छ सोही अनुरूप ब्रह्माण्डको फैलाव निरन्तर स्पन्दन (Resonance) सँग भएको छ । यहाँसम्म आधुनिक विज्ञानले प्रमाणित गरेको छ । तर यो ब्रह्माण्ड अनन्त कालसम्म फैलन्छ (Infinite expansion) वा गुजमुच्च (Crunch) हुन्छ । अथवा त्यसै हराउँदछ (End in whimper) भन्ने विषयमा वैज्ञानिकहरूमाझ अझ अन्योलता छ । जेहोस् आजका NASA का वैज्ञानिकहरूले चेतनाको स्तर जति छ त्यतिकै नेपालका दुर्गम धिमाल जातिको संस्कृतिमा रहेको पाउँछौं । यो अत्यन्त घतलाग्दो विषय हो । वैदिकशास्त्रहरू जस्तै पुराण, उपनिषद्, तन्त्र, स्वस्थानी आदिमा वर्णित ब्रह्माण्ड तथा सृष्टिसम्बन्धी ज्ञानको लोक संस्कृतिमा प्रसारण भइरहने परम्पराका कारण यहाँको लोक संस्कृति अन्धविश्वासमा होइन विज्ञानको परम् उत्कर्षमा बाँचिरहेका छन् भनी प्रमाणित छन् । एवम् प्रकारका जटिल वैज्ञानिक पक्षहरू गुरुङ, मगर, राई, लिम्बू, तामाङ, नेवार आदि लोक संस्कृतिमा विद्यमान छन् । जस्तै : ग्रहण लाग्दा गुप्तवास बस्नु, उपवास बस्नु, यसको वैज्ञानिक कारण छ । ब्रह्माण्डबाट नकारात्मक विकिरण (Harmful radiations) बाट बचाउ आदिका कारण ।

पिपल, तुलसीको छेउमा बस्नु, पूजा गर्नु, संरक्षण गर्नु जस्ता परम्पराभित्र अर्को वैज्ञानिक कारण छ । यस्ता वनस्पतिले वातावरणमा सर्वाधिक प्राणवायु (Oxygen) दिइरहेका

हुन्छन् साथै वरपरको वातावरणलाई ऊर्जायुक्त (Energize) गरिरहेका हुन्छन् (घिमिरे, २०६६ : १००-१०५)। शिकार गरेपछि वनदेवतालाई चढाउनु अर्को व्यावहारिक एवम् वैज्ञानिक पक्ष हो । ज्योतिष विज्ञान अनुरूप कार्यको थालनी गर्नुपर्छ भन्ने मान्यता पनि आधुनिक Astronomy र Astrophysics ले प्रमाणित गरेका छन् । यस धर्तीमा भीमकाय शरीरधारी जीव Dinasaur को लोप हुनुमा नक्षत्रको प्रभाव (Cosmic Influence) पनि एक अर्को कारण हो भन्ने मान्यता छ । एवम् प्रकारले स्वस्थानीको व्रत थालनी माघ शुक्ल पूर्णिमाको मुहूर्त ब्रह्माण्डकीय नक्सा (Astronomical map) र ग्रह नक्षत्रको अवस्था (Planetary Position) को महत्वबोध गराउँछ । स्वस्थानीय देवता (Local and native gods) को पूजासँग आदिशक्ति (Primodial Goddess) सँगको मूल सम्बन्ध तथा आफूभित्रको स्व (Self) मूल रूपमा आत्मासँग सम्बन्धित हुनाले मुक्ति (Liberation) का लागि यस्ता पक्ष अत्यन्त महत्वपूर्ण मानिनु परम् वैज्ञानिक कारण हुन् । तसर्थ, स्वस्थानी व्रत खगोलीय विज्ञानको आधारबाट पनि वैज्ञानिक छ भन्न सकिने अवस्था छ । पृथ्वीका प्राणीहरूमा जैविक लय (Bio rhythm) को असर हुन्छ भन्ने विश्वव्यापी मान्यता हामीबाट छिपेको छैन ।

### ४.७.२ धिमाल लोक संस्कृति र स्थानीय देवस्थान

नेपाली लोक संस्कृति र अध्यात्मको सम्बन्ध बुझ्न धिमाल जातिको संस्कृति बुझौं हरेक ठूलासाना धिमाल गाउँमा एक न एक गाउँका देवताहरूको सामूहिक देवस्थान हुन्छ । यसलाई धिमालहरू ग्रामस्थान या महाराजको थान या थान मात्र पनि भन्दछन् । केही धिमाल-समुदाय बस्ने ग्रामीण क्षेत्र मात्र नभएर, त्यस क्षेत्रमा पूजा गरिने देवताहरूको क्षेत्र पनि हो । यस्ता स्थानको जग्गालाई सरकारले ऐलानी घोषित गरी मालपोत नलिने गरेको कुरा धिमालहरू बताउँछन् । ग्रामस्थान वरपर कतै वर पीपल, कतै बाँसका झ्याङ त कतै सिमलका रुखहरू भेटिन्छन् । ग्राम स्थानको क्षेत्रभित्र ३ देखि ५ सङ्ख्यासम्म अनेक स-साना थानहरू हुन्छन् ।

**ग्राम देवताको पूजा-** धिमाल गाउँमा ग्राम देवताको पूजा वर्षको दुई पल्ट अनिवार्य रूपले हुन्छ - एकपल्ट असारे पूजाको समयमा अक्सर मेला लगाएर ग्रामथानमा र अर्को पल्ट कार्तिकमा पर्वको बेला अस्थायी थान बनाएर घरको आँगनको एक छेउमा । असारे पूजामा ग्रामदेवताहरू सारा गाउँलेहरूबाट सामूहिक रूपले प्रशस्त खर्च गरी पुजिन्छन् भने पर्वमा घर-

घरमा तर केवल पारिवारिक रूपमा व्यक्ति-विशेषबाट पुजिन्छन् । विविध स्थानमा पुजिने तथा मानिने धिमालहरूका ग्रामीण देवीदेवताहरू निम्न प्रकारका छन् (दिवस, २०३९ : ७४-१०२)।

(१) चौमाझी
(२) बुढा सुब्बा (ठाकुर)
(३) रा धम्पाल
(४) राधरम
(५) कनकाई
(६) मेची
(७) तिष्ठा
(८) राजा रुमाल
(९) जाउरा (कुल-कुल्यान)
(१०) रणकाली
(११) कोशी महाकाली
(१२) देवी देउराली
(१३) महादेव
(१४) गौरा पार्वती
(१५) जलकुमारी आदि ।

यसप्रकारका देवीदेवताहरूमध्ये केही महादेव तथा आदिशक्ति पार्वतीसँग सम्बन्धित छन् त केही प्रकृतिका देवता र अन्य चाहिँ आफ्ना पूर्वज तथा राजाहरूसँग सम्बन्धित पितृ देवता, ईष्ट देवता, ग्राम देवता आदि छन् (ऐजन)। यसप्रकारको जटिल सम्मिश्रण रहे तापनि स्थानीय देवताकै रूपमा पूजा गरिने यी सम्पूर्ण देवतालाई एकमुष्ठ स्वस्थानी देवताकै रूप व्यवहार गर्न र बुझ्न सकिन्छ । क्षेत्रीय, राष्ट्रिय स्तरका विविध देवीदेवताहरूको यसप्रकारको पूजा परम्परा यथार्थमा जानी नजानी रूपमा स्वस्थानी पूजा गरिएको हो भन्न सकिन्छ । गोरखा जिल्लाको मनकामना, ताप्लेजुङ्ग जिल्लाको पाथीभरा माई, कास्की जिल्लाको बिन्ध्यावासिनी माई, तालबाराही, पशुपतिको गुहेश्वरी, भारतको असम राज्य स्थित कामाख्यापीठ आदि लगायत जम्मूद्वीपका अनेक ज्ञात अज्ञात स्थानमा हालसम्म पत्ता लाग्न सकेका नसकेका दिव्य स्थानहरू

सतीदेवीको तथा शिवजीको प्रकट (आंशिक वा पूर्ण) भएका घटनासँग सम्बन्धित छन् । विश्वका अन्य स्थान यही जम्मुद्वीपको प्रतिबिम्ब हो, मूल स्वरूप हुँदैन । तथापि विश्वभरि शिवपार्वतीको प्रभाव छ । पूर्वीय स्वस्थानीय स्तरका देवीदेवताहरू एवम् प्रकृतिका देवीदेवताहरू पनि रोमन, ग्रीक, बेबिलोनियन आदि प्रतिविम्ब प्राचीन संस्कृतिको खोजी आवश्यक छ ।

### ४.१०.४ किराँत संस्कृतिमा प्रकृतिवादी विज्ञान

महादेवको किराँतेश्वर रूप विश्लेषण गरी नेपालका किराँत समुदायको अध्ययन गर्दा शिव शक्ति, प्रकृति र पितृ  पुज्ने गरेको बुझिन्छ । यसप्रकार बाहिरी मतभिन्नता देखिए पनि भित्री रूपमा एकरूपता पाइन्छ । दुवैले शिवशक्तिस्वरूपलाई स्विकार गरेको पाउँछौँ अर्थात् शिवलाई र पार्वतीलाई मान्ने गर्छन् । यहाँ एकता स्पष्ट देखिन्छ, समन्वय देखिन्छ । शिवलाई मान्ने किराँतीहरू महागुरु फाल्गुनन्दलाई मान्दछन् । यस मार्गलाई नमान्नेहरूले चाहिँ आफ्ना पितृ तथा प्रकृतिको पूजा उपासना गर्ने गर्छन् । वैदिक मान्यता अनुसार प्रकृतिलाई शक्ति मानिन्छ । प्रकृति-पुरुष सिद्धान्तअनुसार पुरुष शिवसँग सम्बन्धित मानिन्छन् भने शक्ति प्रकृतिसँग । महागुरु फाल्गुनन्दको भाषामा “किराँतीहरू शिवमार्गी हुन्” भन्ने अभिव्यक्तिले शिवको प्राचीन एवम् प्रकृतिवादी रूप अर्थात् “किराँतरूप” को प्रसङ्ग उठ्दछ । श्रीस्वस्थानीमा वर्णित किराँतभेष धारण गरी पशुपतिको श्लेश्मान्तकवनमा किराँतिनी भेषकी पार्वतीसँग विचरण गरेको स्मृतिमा सो क्षेत्रमा किराँतेश्वर महादेवको मन्दिर पनि स्थापना भएको पाउँछौँ । किराँत धर्मग्रन्थ ‘मनुधुम’ श्रुति परम्परा अनुसार चल्दै आएको हो । यस पवित्र ग्रन्थमा अहिंसाप्रति जोड दिइएको छ । यद्यपि पशुबलि परम्परा पनि किराँती परम्परामा छ । मुन्धुम साहित्यमा देवी, देवताबाहेक भूत, प्रेत, पितृ आदिसँग सम्बन्धित पक्ष पनि छन् । मुन्धुम अनुसार पृथ्वीभन्दा मुनि सात लोकको वर्णन छ । मुरोप्लुङ खेरोप्लुङ नामक ढुङ्गाका लोक, त्रिवेणीलोक साथै मृत्युका राजा यमराजबारे वर्णन छ जुन वैदिक सिद्धान्तभन्दा विपरीत देखिँदैन । मुन+दुम बाट बनेको शब्दलाई विश्लेषण गर्दा ‘मुन’ को अर्थ हल्लिनु र ‘दुम’ को अर्थ जोडिनुले ‘योग’ को अर्थ लाग्छ । ‘मुन’ को अर्को चैतसिक अर्थ लाग्छ ‘चञ्चलता’ अथवा ‘अस्थिरता’ जुन जीवसँग सम्बन्धित पक्ष हो । अर्कोतर्फ ‘दुम’ को अर्थ ‘जोडिनु’ भन्नासाथ ‘स्थिरता’, ‘एकरस’, ‘योग’ अथवा परम् ईश्वरभाव दर्शाउँदछ । तसर्थ, शाब्दिक अर्थमा भगवान्सँग जीवको मिलन (योग) लाई ‘मुन्धुम’ भन्नसकिने अवस्था खुल्छ । भगवान् बुद्धको आर्य अष्टाङ्गिक मार्गसँग पनि ‘मुन्धुम’

बाभिएको देखिँदैन मिलेकै देखिन्छ । चञ्चलताबाट योगस्थिरता प्राप्तगर्नु स्वस्थानी साधनाको मार्ग हो । आत्माको स्वस्थानसँग चञ्चल चित्त समन्वयित हुँदा मुक्तिमा प्रतिष्ठित हुने अर्थ लाग्ने हुँदा स्वस्थानी साधना परम्परा मुन्धुमको दर्शनसङ्गत देखिन्छ । एवम् प्रकार तमु (गुरुङ) को वेद मानिने 'के' अनुसार क्येर्लोमा शान्तिको निम्ति यज्ञ, पञ्चजन्य शंख, गुरु ज्ञान, नाग, कलियुग, तपस्या, सत्ययुग, देवयुग अदि वर्णित छ । क्येर्लो अनुसार मानव शरीर पाँच तत्व पृथ्वी, वायु, आकाश, जल, अग्निद्वारा निर्मित भनिएकोमा वेद सम्मत र वैज्ञानिक छ । नेपालका सबै लोक संस्कृति वैज्ञानिक र आपसी रूपमा सहिष्णु छन् । नेपालका अन्य सम्प्रदायमा पनि प्रकृतिपूजा, पितृपूजा, पञ्चतत्व, अहिंसा आदि जस्ता वैज्ञानिक पक्षका कारण स्वस्थानी साधना पद्धति एवम् दर्शन संस्कृतिसँग मेल खाएको देखिन्छ । यही मेलका कारण स्वस्थानी साधना नेपालका विविध जाति, समुदायमा पनि लोकप्रिय हुँदै गएको देखिन्छ । शाली नदीमा नेवार समुदायका व्रतालुहरूको (माधव नारायण पूजामा) सङ्ख्या भने वर्षेनि ९० प्रतिशतभन्दा बढी रहेको पाइन्छ । संसारका विविध जाति तथा भूगोलमा स्वस्थानीसँग सम्बन्धित प्राचीन आराधना पद्धति चल्ने गरेका थिए । तसर्थ विश्वका प्राचीन इतिहास सभ्यतासँग सम्बन्धित देवीदेवताका प्रर्याप्त प्रमाणहरू पाइएका छन् । इसाइत्वको एकात्मक ईश्वरवादको धार्मिक युद्धका कारण यस्ता संस्कृति आज प्रायः लोप भइसकेका छन् । लोप गराइएका छन्, जसकारण पृथ्वीमा धार्मिक द्वन्द्वदेखि प्राकृतिक असन्तुलनको वृद्धिले बढ्दो गति पाएको छ । तीव्र औद्योगिकरण र विश्व सैनिकीकरणले गर्दा स्वस्थानीय देवीदेवताहरू विस्थापित हुने हुँदा समग्र पृथ्वीभरि भविष्यमा ठूलो सङ्कट उत्पन्न हुने खतराको पूर्वअनुमान लगाउन सकिन्छ । यसबारे पूर्वाभास अधिकांश वैज्ञानिक तथा  अध्यात्ममार्गीलाई भइसकेका प्रमाणहरू पनि छन् ।

पाँचौं अध्याय

# श्रीस्वस्थानी तीर्थ सम्पदा

## ५.१ भौगोलक परिवेश

### (क) भूगोल

काठमाडौं उपत्यकाको भूगोल विशिष्ट खालको देखिन्छ । चारैतिर डाँडाहरूले घेरिएको काठमाडौं उपत्यका माझमा समतल भूमि छ । यद्यपि यो भूमि प्राचीनकालमा जलको दह बनेको हुँदा यस्तो संरचना बन्न पुगेको हो । उपत्यकाको माटो मलिलो कालीमाटी हो । यो निकै उर्वर छ । काठमाडौं उपत्यकामा शङ्खपुर-शालीनदी क्षेत्रसम्म एउटै प्रकृतिको भूमिको फैलाउ छ । अर्थात् जलमग्न प्राचीनकालको कारण थिग्रिएको माटो र बालुवाको तह (Stratigraphy) द्वारा यहाँको भूमि निर्मित छ । खंखुरापुरको हावापानी काठमाडौंमा भन्दा बढी ठण्डा छ । २०६८ सालमा स्वस्थानी व्रत सुरु हुन अघि यहाँ हिमपात् पनि भएको थियो । यस क्षेत्रको दक्षिण भेगमा बाक्लो जङ्गल छ भने उत्तरतर्फ अलि पातलो जङ्गलका डाँडाहरू छन् । यहाँको माटो पनि मलिलो छ र सिँचाइ सुविधा राम्रो छ ।

### (ख) भूगर्भ

काठमाडौं उपत्यकाको भूगर्भ पनि उत्तिकै विशिष्ट छ । Kathmandu Complex नाम गरेको चट्टानका बीच छुट्टै चट्टान Nuwakot Complex नामक Thrust आइबसेको मानिन्छ । उपत्यकाको पींधमा रहेको जग (Basal rock) को आकृति हल्का दबेको गोलाकार (Concave) आकारको बीचमा पृथक् चट्टानको अडिएको हुँदा यो संरचना करिब शिवलिङ्ग आकारसँग मिल्दो जुल्दो हुन सक्ने सम्भावना देखिन्छ । शास्त्रको वर्णन अनुसार पशुपतिमा पहिला ज्योतिर्लिङ्ग उत्पन्न भएको हुँदा दर्शन गर्ने ग्वालाहरूतुरुन्त मुक्त हुँदै गएकाले (बिना पुरुषार्थ) प्रसङ्ग छ । त्यसैले ब्रह्मले त्यसलाई माथिबाट ढाकिदिएका भन्ने विश्वास छ । कामधेनु गाईले नित्य दूध चढाउने गर्दा उक्त ज्योतिर्लिङ्गको पत्तो लागेको मान्यता छ (फर्ब्स र चौवे, २००० : ६१)। साथै उक्त ज्योतिर्लिङ्ग जमिनमा दब्दै गएकोबारे उल्लिखित तथ्यमाथि विश्लेषण गर्दा काठमाडौं

उपत्यकाको भित्री जग योनि आकारमाथि ज्योतिर्लिङ्गको आभामण्डलले शिवलिङ्ग स्वरूप स्थापित गरेको अनुमान हुन्छ । यो सम्पूर्ण क्षेत्र (उपत्यका) पहिले जलमग्न थियो । त्रिभुवन विश्वविद्यालय भूगर्भ विभाग, त्रिचन्द्र कलेजको तर्फबाट श्री मुकुन्दराज पौड्याल र भूगर्भ विभाग, क्योटो विश्वविद्यालय, जापानबाट हारुटाका साकाईको संयुक्त रूपमा काठमाडौं उपत्यकाको संरचनाबारे भौगर्भिक (Geological) अनुसन्धान गरिएको शोधकार्य अनुसार काठमाडौंको ताल पचास हजार वर्ष भन्दा पुरानो बुझिएको छ । करिव पैंतालीस वर्षपछि मात्र यहाँको पानी दक्षिणतर्फ बग्दै जाँदा यहाँ स्थल देखा पर्न थालेको हो । यहाँको जलको अन्तिम निश्रान (Drainage) आजभन्दा दसहजार वर्ष अघि मात्र चोभारबाट भएको बुझिन्छ । तसर्थ यो जलमग्न स्थिति प्राचीनकालमा भएको जलप्रलय (Deluge) को अवशेषको रूपमा लिन सकिन्छ । गोपाल वंश सुरु हुन अघि यहाँ नागवंशको शासन थियो भन्ने किंवदन्तीलाई भौगर्भिक अनुसन्धानले पुष्टि गर्छ किनकि नागलोक जलमा रहने गर्दछ । टौदहका नागराजले ज्यापू वैद्यलाई प्रदान गरेको भोटोलाई मच्छिन्द्रनाथको रथयात्रामा देखाउने प्रचलन जस्ता प्रसङ्गले ऐतिहासिक एवम् वैज्ञानिक पुष्टि आफैँमा छँदैछ । उपत्यकाको तालको पानी टौदह र नागदह पोखरीमा हालसम्म पनि कायम छन् । नागपञ्चमीका दिनमा नागदेवता प्रति श्रद्धा व्यक्त हुने नागतीर्थका रूपमा यहाँ मेला लाग्ने परम्परा छ । शाली नदी काठमाडौँदेखि १६ कि.मि. पूर्वतर्फ रहेको शङ्खरापुर गाउँसँग जोडिएको क्षेत्र हो । शङ्खरापुर आफैँमा प्राचीन सहर हुनाले शाली नदीको सांस्कृतिक महत्व अझ बढाएको पाउँछौँ । यस क्षेत्रमा रहेका मुख्य सांस्कृतिक स्थलको वर्णनक्रम निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ५.२ श्रीस्वस्थानीसँग सम्बन्धित सांस्कृतिक सम्पदाहरू

### ५.२.१ शाली नदी

उत्तरपूर्वबाट बगेर दक्षिणतर्फबाट पश्चिम मोडिएर शाली नदीले मार्ग लिँदा शङ्खरापुर गाउँलाई दाहिने परिक्रमा गरेको छ (चित्र नं २)। नदीमा जलको मात्रा बर्खामा निकै बढे पनि हिउँदमा नदीको पानी सुक्दैन । हिउँदमा पानी सङ्लो हुन्छ । यस क्षेत्रको भूमिमा शाली नदीकै पानी सिंचाइका लागि प्रयोग गरिन्छ । नदी वरपरको भूमि मनमोहक छ । यहाँको माटो मलिलो छ । वर्षा याममा नदीमा जलको मात्रा बढे पनि नदीले भूमि कटान खासै अधिक नगरेको

देखिन्छ । चन्द्रावतीको कुटि भएको स्थान हुँदै पहिले शाली नदीको बग्ने मार्ग रहेको थियो । कालान्तरमा कुण्डनेरबाट पश्चिम मोडिएर पूर्व हुँदै दक्षिणतर्फ मार्ग तय गरिएको हुँदा हाल चन्द्रावतीको कुटि रहेको स्थानलाई देब्रे परिक्रमा गरेर उक्त स्थान बगरमा परिणत गरेको देखिन्छ । तर हाल आएर उक्त बगरे स्थानमा खेती गरिएको हुँदा मटैलो भूमि नै देखापर्दछ । माधवनारायण पूजा स्थल साथै वर्तमान स्वस्थानी मन्दिरलाई नदीले दाहिने परिक्रमा गरेको छ । दाहिने परिक्रमा गर्नु सृष्टिको सकारात्मक गति मानिन्छ भने देब्रे परिक्रमालाई अशुभ मानिन्छ । नदीको कुण्डनेर नदीले काटेको भागमा पुशपति मन्दिरको उत्तरतर्फ देखिएझैं चट्टानको सतहीकरण (Outcrop) भएको पाउँछौं । नदीको कुण्डको ४० फिट जतिको दूरीमा उत्तरतर्फ पुल रहेको छ । लोक विश्वासअनुरूप डोले चन्द्रावतीसहित खसेको स्थान यही पुल भएको स्थान हो भन्ने मानिन्छ । उक्त पुलबाट डोलेसहित चन्द्रावती खसेको स्थानबाट हाल डोलेलाई पुजिने स्थलसम्म सामान्यतया अन्य पात्रहरूको स्थापना पनि शृङ्खलाबद्ध रूपमा गरिएको पाउँछौं । यसले भक्त एवम् श्रद्धालुलाई दर्शनका लागि सुविधा प्रदान गरेको छ ।

### ५.२.२ शङ्खपुर

ऐतिहासिक स्थल शङ्खपुर काठमाडौंदेखि १६ कि.मि. उत्तरपूर्वमा स्थित छ (चित्र नं. ३)। शङ्खपुरबाट शङ्करपाटन, शक्को हुँदै साँखु भएको मान्यता छ । शङ्खको आकार भएको देश भएकाले शङ्खपुर नाम रहन गएको हो । वंशावलीअनुसार शङ्करदेवले शङ्खको आकारमा देशलाई बनाएर वज्रयोगिनी देवीलाई चढाएको जानकारी मिल्छ । यहाँको सर्भे नक्सा पनि शङ्खको आकारमा छ । सम्वत् ४६० मा राजगद्दीमा लिच्छवीराजा वामदेव थिए भनी त्यहाँ पाइएका एक मात्र वामन मूर्तिबाट प्रष्ट हुन्छ । सम्वत् ६७९ को साँखु तघिबजारको अभिलेख नै साँखु क्षेत्रमा प्राप्त सबैभन्दा प्राचीन अभिलेख हो (तुलाधर, २०४६ : १-५)।

यस अभिलेखमा “श्रीमत शंकरपाटन राजधान्या” भन्ने उल्लेखबाट ने.स. ६७९ तिर यो क्षेत्र राजधानी भएको अनुमान गरिन्छ । साँखु ने.स. ७१५ को अभिलेखमा शिवसिंक देवकोराज्यकालमा भनी उल्लेख भएबाट विक्रम शताब्दी १६५२ मा साँखु कान्तिपुरको अधिनस्थ राज्य थियो भन्ने स्पष्ट हुन्छ । यिनै शिवसिंहका नाती प्रताप मल्लले ने.सं. ७७५ मा वज्रयोगिनी मन्दिरको पुनर्निर्माण गराई सुनको गजुर चढाएका थिए भन्ने जानकारी मिल्छ । पछि करिब १८

वर्षपछि मध्यपुरको अधिनमा रहेको देखिन्छ (ऐजन)। नेपाल एकीकरणपछि पृथ्वीनारायण शाहको अधिनमा साँखु रहन गएको बुझिन्छ। त्यसबेला यो स्थान तिब्बत (भोट) जाने बाटो भएको हुँदा धेरैको आँखा लागेको मान्न सकिन्छ । भाषा वंशावलीअनुसार कुनै बेला नेपाल एक विशाल नगर थियो । यस नगरका राजा धर्मागत नामक राजाले श्री वज्रयोगिनीको परम्भक्त भई राज्य चलाएका थिए भन्ने जानकारी मिल्छ। कुनै कालमा मरीचिका भन्ने ऋषिका पुत्र नैमुसिनले पनि योगेश्वरीको महिमा सुनी मणिचुण पर्वतमा गई १२ वर्ष सम्म शैल्कोष्ठ गुफामा गई तप गरेको भन्ने मान्यता छ ।

### ५.२.३ श्रीस्वस्थानी मन्दिर

श्रीस्वस्थानी मन्दिर शाली नदीको पश्चिमपट्टि निर्माण गरिएको छ (चित्र नं. ४)। तले शैलीमा निर्माण गरिएको उक्त मन्दिरको मूल स्वरूप अष्टकोण आकारमा बनेको छ। स्वस्थानी माताको आसन अष्ठमातृकाको माझ रहेको शास्त्रीय श्लोकको आधारमा वास्तुकला तय गरिएको हुँदा मन्दिर निर्माण कार्यमा परिपक्वता देखिन्छ । तामाका पाताको छत र पित्तलको गजुरले सजिएको उक्त मन्दिर आकर्षक देखिन्छ। श्रीस्वस्थानीको प्रस्तर मूर्ति पद्मासनमा बसेको बनाइएको छ । उक्त आसनसँग चारैतर्फ कमलका आठ दलमा अष्टमात्रिका कुँदिएका छन् । श्रीस्वस्थानीको प्रतिमा मुकुटसहित चार भुजा कुँदिएर तयार गरिएको छ । काठले निर्मित टुँडालहरूमा काष्ठकलाको आकर्षक नमुना देखिन्छन् । दर्शनार्थीको लागि मन्दिरको पश्चिम भाग मूल ढोका राखिएको छ। श्री लक्ष्मण गिरी (लक्ष्मण बाबा) को अध्यक्षतामा मन्दिर निर्माण समिति गठन गरी २०६० सालमा निर्माण कार्य समापन गरिएको थियो। व्रत स्थलदेखि करिव तीसफिट उचाइमा निर्मित सो मन्दिरको उत्तरपट्टि छेवैमा हवनकुण्ड रहेको छ भने पूर्वपट्टि साधुजनको लागि आश्रम (आवासगृह रहेको छ) । सो आवाससँगै गाईको गोठहरू रहेका छन् । मन्दिरको पश्चिम भाग बाटोपारि खुल्ला चौर छ जहाँ व्रत समापनपछि हुने पूर्णाहुति गर्ने स्थानको रूपमा प्रयोग गरिन्छ । यसै चौरको उत्तरतर्फ गोरक्षनाथ सम्प्रदायका योगी तथा परिवारका लागि आवास रहेको छ । पूर्वपट्टि रहेका भागलाई भजनकीर्तनको निमित्त प्रयोग गरिन्छ। मन्दिरको दक्षिण पूर्व ठूलो पिपलको वृक्ष रहेको छ, जसले थप धार्मिक आकर्षण प्रदान गरेको पाइन्छ। उक्त पिपलको वृक्षबाट सिधै तल पूर्वपट्टि सिढीहरू छन् जो नदी कुण्डमा पुगेर टुङ्गिन्छन् ।

### ५.२.४ वज्रयोगिनी मन्दिर

वज्रयोगिनी मन्दिर प्राचीन सहर शङ्खपुरको ईशानकोण अर्थात् उत्तरपूर्व स्थित छ (चित्र नं. ५)। शङ्खपुरदेखि केही उचाइमा स्थित यस मन्दिरको ठूलो सांस्कृतिक महत्व छ । परम्परागत मान्यता अनुसार पहिलेको समयमा वज्रयोगिनी माई आकाशमण्डलामा विचरण गरिरहेकी थिइन् । पछि एकपल्ट ब्रह्मा, विष्णु, महेशले मणिमय पर्वतमा गरेको तपले प्रसन्न भई योगनिद्रा स्वरूप वज्रयोगिनी सोही पर्वतमा विराजमान भएको मान्यता छ । कालान्तरमा पछि मात्र सो स्थानको भूमिमा मन्दिर स्थापना गरी पूजा गर्ने परम्परा चलेको हो । स्थानीय मानिसहरूले उग्रतारा वज्रयोगिने मान्ने चलन छ । भाषा वंशावलीमा पनि उग्रतारा वज्रयोगिनी भनी उल्लेख छ । वज्रयोगिनीको पूजा कार्यमा सम्पूर्ण वज्राचार्यहरू पालैपालोसँग पूजारी बन्छन् । किंवदन्तीअनुसार वज्रयोगिनी मणिमय (मणिचूर) पर्वतमा विराजमान भएपछि आफ्ना सुसारेका रूपमा एक पूजारीको सृष्टि गरिन् अनि उनका सन्तानले पनि सेवा गरिरहे । पूजारी दीक्षित हुन आवश्यक छैन तर व्रतबन्ध गरेको हुनुपर्दछ । साधनामाला १२ शताब्दीको उत्तरार्द्धमा लेखिएको हो । वि.सं. १९९४ सालमा वज्रयोगिनीको नित्य पूजाको लागत गुप्ती पूजा सरजामको लागि दिनको १ पैसाको दरले छुट्याइएको अभिलेख छ । वज्रयोगिनीका विविध पूजाहरूका अलावा साँखुमा जात्रा पनि हुने गर्दछन् । पूजाका रूपमा पूर्णिमा पूजा, महापूजा, फाल्गुण शुक्लअष्टमी पूजा आदि पर्दछन् (तुलाधर, २०४६ : ९-१५)।

यसैगरी साँखुमा हुने जात्रामा वज्रयोगिनी तथा स्वस्थानी संस्कृतिको आपसी मेल एवम् समन्वय पाइन्छ । साँखुमा भीमसेनको जात्रा, ज्योतिर्लिङ्गेश्वर महादेव जात्रा, माधवनारायण जात्रा हुने गर्दछ । जात्रा गर्ने देवीहरूमा वज्रयोगिनी माई, चीमा (भगवान् आदिबुद्ध), सिंहनी, व्याग्रिनी, वसुन्धरा आदि हुन् । जात्रा गर्दा तरवार बोकी द्वारे पनि सँगै हिँड्छन् । माईको खट जसले बोके पनि हुन्छ । जात्रामा दश जना वज्राचार्य सम्मिलित हुन्छन् । विक्रमादित्यको टाउको मन्दिरको माथि पट्टि निर्मित छ । मन्दिर परिसरमा अखण्ड धूनि पनि बालिएको हुन्छ । काभ्रे जिल्लाको नालामा उत्तरापुर राज्यको नाममा विक्रमादित्य राजाले राज्य गरेको किम्वदन्ती प्रचलित छ । विक्रमादित्यको उक्त टाउकोलाई बज्रचार्य वंशका पूजारीले बडो सम्मानका साथ पूजा गर्ने प्रचलनका कारण नेपालमा विक्रम सम्वतको संस्कृति र ब्रजयोगीनी मन्दिरको आपसी मन्दिरको

आपसी अन्तरसम्बन्धलाई अझ बढी पुष्टि गरेको पाइन्छ (प्रसाईं, २०६७ : ३)। हालको वज्रयोगिनी मन्दिर स्थलमा कल्प अघि बोधिसत्व चर्को घाममा तपस्या गरेको बारे पुराणमा उल्लेख छ । यस्तो अवस्थामा पार्वतीले दर्शन दिई वरदान दिएको भनी प्रसङ्ग पनि जोडिएको छ (फोर्ब्स एण्ड चौवे, २००३ : ६०)। वर्तमान वज्रयोगिनी मन्दिर हिन्दुबौद्ध दुवै सम्प्रदायका भक्तजनको तीर्थको रूपमा लिइन्छ । विक्रमादित्य राजाको शिरको प्रतिमा यहाँ राखिएकोले नेपालको पञ्चाङ्गसँग (विक्रम सम्वत्) पनि यो मन्दिर जोडिएको छ । प्राचीनकालमाा वज्रयोगिनी नाम रहनुअघि उक्त स्थानलाई वनको विहार मान्ने प्रचलन थियो । किराँती भाषामा वनलाई 'गुँ' भनिन्छ । सो अनुरूप गुँविहार नाम रहेको थियो । अंशुवर्माले सम्वत् ३२ को हाँडीगाउँको अभिलेखम नेपालको विशिष्ट विहारमा गुँविहार उल्लेख छ जसलाई पशुपतिनाथ बोलाशिखर स्वामीसरह ६ पुराण २ पण तोकिएको थियो । हाल मन्दिरको स्वरूप कान्तिपुरका राजा प्रताप मल्लले बनाएको देखिन्छ । तर वंशावली अनुसार माताको मन्दिर पहिला देखि नै लोकप्रिय मानिन्छ ।

### ५.२.५ माधवनारायण पूजा स्थल

शाली नदीको कुण्डनेर पश्चिमपट्टि माधवनारायणको देवता राखिने स्थान छ (चित्र नं. ६)। माधव नारायणको मुख्य पूजा हुने स्थल यही हो । यससँगै व्रतालु बस्ने स्थान रहेको छ जसमा स-साना हवनकुण्ड बनाइएका छन् । यस स्थानमा करिव चार पाँच सय जना व्रतालुहरू अटाउने गर्दछन् । यसै स्थानको दक्षिणपट्टि पाटी छ जहाँ व्रतालुहरूलाई आवश्यक परेमा लुगा फेरबदल गर्न सक्छन् । वर्षा भएको खण्डमा यहाँ ओत बस्न सहज हुने गर्दछ । अन्य प्रकारका सप्ताह आदि कार्यक्रमहरू पनि यस स्थानमा बराबर हुने गर्दछ । व्रतालुहरूलाई सुविधाका लागि यो स्थल नदीको छेउमा निर्माण गरिएको छ । आवश्यक परेको बेला स्नान र जल सङ्कलन कार्य नजिकै दश फिटको दूरीमा रहेको कुण्ड यहाँबाट सुविधाजनक रहेको स्थितिमा छ । यसै माधवनारायण पूजा स्थल र नदीकुण्डको बीचतर्फ नारायणको मूर्ति, शिवलिङ्ग, गणेश आदि प्रतिमाहरू क्रमबद्ध रूपमा रहेका छन् ।

### ५.२.६ हरिहर शीला

माधवनारायण पूजा स्थलको पूर्वपट्टि नदीको बीचभागमा रहेको ठूलो शीलालाई हरिहरको रूप मानी व्रत अवधिभर श्रद्धालुहरूद्वारा पूजा गरिन्छ ।

### ५.२.७ नवराज

नदी पारी दक्षिण तर्फ नवराजको प्रतिमाको रूपमा शीला स्थापित गरिएका छन् (चित्र नं. ७)। यो शीलापछि थपिएको हो ।

### ५.२.८ डोलेहरू

नदीको दक्षिणतर्फ करिव ७० फिटको दूरीमा खेतको माझमा डोलेहरूको प्रतीकका रूपमा जमिनमुनि दुई ठूला शीलाहरू छन् । पूजारी श्री सुदन राजोपाध्यायका अनुसार उक्त शीलाहरू आफ्ना बुवा बाजेको पालादेखि नै रहेको भन्नुहुन्छ । ती दुई शीलाहरू पालकी डोलेहरूको आपसी दूरी जति हुनु पर्ने हो, उत्तिकै दूरीमा हुनु अर्को रोचक पक्ष हो ।

### ५.२.९ चन्द्रावती कुटी

यिनै डोलेरूपी शीलाको नजिक दक्षिणतर्फ चन्द्रावतीको प्रतीकको रूपमा कुटि छ जुन ढुङ्गामाटोको गाह्रो र नलले छाएको छाप्रोले निर्मित छ (चित्र नं. ८)। केही वर्षअघि यो कुटी पूर्वपट्टि थियो । जग्गाधनीको अंशवण्डाका कारण जग्गाको स्वामित्वको फेरबदल हुँदा पछि कुटिलाई पश्चिमतर्फ सारिएको हो ।

### ५.२.१० नागनागिनी

नदीको पश्चिम ब्रह्मनालदेखि माथिपट्टि नागनागिनीको प्रतिमा नवनर्मित छन् । यहाँ पनि ब्रतालुहरूले पूजा लगाउँछन् । नाग नागीनी जलसँग सम्बन्धित हुने हुँदा नदीको छेउमा पश्चिम पट्टि बनाईएको छ । नाग नागिनीको १५ फिट पूर्वमा ऐतिहासिक ब्रह्मनाल रहेको छ ।

### ५.२.११ परदेश तीर्थ

स्वस्थानी ब्रतसँग सम्बन्धित अन्य तीर्थ पशुपतिनाथ साँखु सहरदेखि काठमाडौं, ललितपुर र भक्तपुरसम्म छन् । शेषनारायण दक्षिणकाली मार्ग फर्पिङ्ग नजिक रहेको छ । अर्द्धकुम्भ मेला लाग्ने पनौती साँखुको दक्षिणतर्फ स्थित छ । साँखुदेखि उत्तरतर्फ वज्रयोगिनी र दक्षिण तर्फ डाँडामा चाँगुनारायण तीर्थ छन् । यी स्थानहरूसम्म पुगेर ब्रतालुहरूले पूजा लगाउने गर्दछन् जसलाई परदेश यात्रा जाने भनिन्छ । परम्पराअनुसार शाली नदीबाट माधवनारायणको मूर्ति राजदरबार लगेर पनि पूजा गर्ने गरिन्थ्यो ।

तर आजभोलि राजदरबार यसबारे उदासीन रहेको र सो ठाउँमा पूजा हुन छोडेको बारे सम्बन्धित व्यक्ति भन्नुहुन्छ । परदेश यात्राको क्रममा व्रतालुहरूले नक्सालस्थित सानो गौचरणको मैदानमा, शङ्खमूल तथा भक्तपुरको नालामा भोजनप्रसाद लिने गर्छन् । गृहस्थीहरूले यसै अवसरमा व्रतालुहरूर्ला दानक्षिणा, भोजन, प्रसाद, फलफूल, दूध, दही आदि दान गरी आफ्नो दान पारमिता (पुण्य) बढाउँछन् । दान संस्कार लोप हुँदै गएको नेपाली समाजमा यो दृश्यले प्रेरणा जगाएको महसुस हुन्छ ।

## ५.४ स्थलगत संस्कृतिमा विविधता

सामान्यतया स्वस्थानी पूजा विधि नेपालभरि एकरूपता रहेको पाइन्छ । यसको मुख्य कारण हो व्रतकथाको ग्रन्थ एकैनासको हुनु । सबै स्वस्थानी ग्रन्थमै कथा र पूजाविधि प्रस्तुत गरिएको हुन्छ । यसैलाई आधार मानी पण्डित, पुरोहित एवम् पूजारीद्वारा व्रत पूजाको अनुष्ठान गराउँदा स्वस्थानी ग्रन्थलाई नै आधार मानी गरिन्छ । तथापि स्थानीय पूजाविधि, भूगोल र सांस्कृतिक विविधताले पनि धेरै थोरै अवश्य प्रभाव पारेको देखिन्छ । यद्यपि नेपालका अन्य स्थानमा गरिने पूजाव्रत र शाली नदीमा गरिने पूजाव्रत विधिवत रूपमा केही भिन्नता पाइन्छ । यहाँ तात्विक भिन्नताभन्दा पनि प्रक्रियागत भिन्नता मात्र देखिएको छ ।

तालिका - १

**शाली नदी र अन्य स्थानको स्वस्थानी व्रतमा पाइने भिन्नता**

| क्र.सं. | नेपालका अन्य स्थान | शाली नदी (तीर्थस्थल) |
|---|---|---|
| १ | संस्कृत-नेपाली भाषाको प्रयोग गरी पूजा गरिने | नेवारी भाषाको प्रयोग गरी पूजा गरिने । |
| २ | सामान्यता सरल प्रकारले भक्तको महिना दिनको व्रत समापन हुने । | तुलनात्मक रूपले कडा अनुशासनमा व्रत समापन हुने । |

| | | |
|---|---|---|
| ३ | पर्वते समुदायको सहभागता अधिक । | नेवार समुदायको सहभागिता अधिक । |
| ४ | पर्वते ब्राह्मणलाई पूजारीको रूपमा मानिने । | राजोपध्याय कुलका पूजारीलाई मूल पूजारकिा रूपमा मान्यता । |
| ५ | परदेश यात्रा र तीर्थको खासै महत्व नरहने । | परदेश यात्रा (तीर्थ) को अनिवार्य प्रावधान रहने । |
| ६ | आफ्नै घरमा अनुष्ठान गरिने हुँदा आवश्यक भौतिक सामग्री सजिलै जुटाउन सकिने । | घर छोडी शाली नदी क्षेत्रमै रहनु पर्ने हुँदा विविध कठिनाइको सामना गर्नुपर्ने । |
| ७ | एक्कल अथवा थोरै समूह हुनाले सामूहिक उत्साहको कमी हुने । | समूह बढी हुने हुँदा सामूहिक उत्साह प्रशस्त हुने । |
| ८ | थोरै व्यक्तिहरूको माझ गरिने हुँदा व्रत शान्त, एकान्त र एकाग्र हुने सम्भावना । | धेरै व्रतालुहरू माझ गरिने हुँदा व्रत कोलाहलपूर्ण एवम् एकाग्रतामा कमी हुन सक्ने सम्भावना । |
| ९ | सीमित स्थानमा रहँदा शुद्धाशुद्धिमा ध्यान पुऱ्याउन सकिने । | परदेश यात्रा गर्दा बजार, मूल सडक हिँड्नु पर्दा शुद्धाशुद्धिमा ध्यान पुऱ्याउन बाधाजनक हुनु । |
| १० | घरमै व्रत बस्दा सुरक्षा अधिक तर त्यागमा कमी हुनु । | घर छोडी व्रत बस्दा सुरक्षा कम तर त्यागको भावनामा वृद्धि हुनु । |
| ११ | घरमा व्रत बस्दा आलस्य, प्रमाद र अहंकारले स्थान पाउनु । | घर छोडी व्रत बस्दा आलस्य, प्रमाद र अहंकारको त्याग गर्न सहज हुनु । |
| १२ | मनिसको चाप कम हुनाले प्रदूषण र कोलाहलमा कमी हुनु । | तीर्थ क्षेत्रमा व्रतालु र तीर्थालुको चापले कोलाहल र प्रदूषणको वृद्धि हुनु । |

| | | |
|---|---|---|
| १३ | घरको व्रत बस्दा घरमा वातावरण शुद्धि हुनु । | तीर्थमा गरिएको व्रतले तीर्थको महत्व बढ्नु । साथै तीर्थ क्षेत्रको प्रभावबाट लाभान्वित हुनु । |
| १४ | व्रत समापन र स्नानको लागि घरमै अथवा नजिकैको खोला आदिको उपायेग गर्नु । | स्नान तथा व्रत समापनका लागि ऐतिहासिक शाली नदीको उपयोग हुनु । |
| १५ | व्रत अवधिमा छिमेकी स्वजन, इष्टमित्रलाई निमन्त्रणा गर्न सहज हुने । | सामूहिक व्रतमा इष्टमित्र, स्वजन र छिमेकीलाई निमन्त्रण गर्न सहज नहुने । |
| १६ | आफूले बुझ्ने भाषाको प्रयोग हुँदा व्रतका प्रक्रिया सहज हुने । | नेवारी भाषा बुझ्नेलाई मात्र सहज हुने । |
| १७ | घरमा अनुकूल वातावरण हुँदा मात्र व्रत बस्न सकिने । | घरमा अनुकूल वातावरण नहुँदा शाली नदीमा व्रत बस्न सकिने । |
| १८ | आदिशक्ति श्रीस्वस्थानी परमे्श्वरीको पूजा हुने । | माधवनारायण श्रीविष्णुलाई हरिहर रूपले गुरूपूजा गर्नु । |

*स्रोत : स्थलगत सर्वेक्षणको आधारमा*

छैठौं अध्याय

# विश्व परिप्रेक्ष्यमा स्वस्थानीय देवीदेवता

## ६.१ स्वस्थानीको विश्व इतिहास र सभ्यता

अन्तर्सम्बन्धित अनेक लोकको आयामको वर्णन स्वस्थानी कथामा छ । नेपालका प्रमुख तीर्थहरूसँग मात्र नभई भारत, दक्षिण एसियालगायत विश्वको सम्पूर्ण भूगोलसँग स्वस्थानी दर्शन संस्कृति सम्बन्धित छ । सतीदेवीको पतन हुँदा महादेव विक्षिप्त र एकसुरे भई विश्वभ्रमण गरेको अवस्था थियो । प्राचीनकालमै विश्वभरि आर्यवैदिक धर्मले शासन गरेको थियो । त्यस अवस्थामा विश्वको राजधानी पूर्व थियो । पछि वैदिक साम्राज्य विघटन हुने क्रमसँगै अनेकौं भूगोलको स्थानीय नामकरण (अलग्एिता पनि) पनि वैदिक एवम् संस्कृतभाषी नामबाट भएको छ । उदाहरण- कसपियन सागर (Caspian Sea) कश्यप ऋषिको नामबाट, Assyrian सभ्यता (असुरि सभ्यता), असुर नामबाट, सुवर्णभूमि सिंहापुर (सिहपुर अर्थात् (Lion City) सिंह नामबाट, वर्तमान बर्मा ब्रह्मदेशबाट, श्रीलङ्का रावणकालीन भारतको उत्तरपूर्वी प्रान्त नागाल्याण्ड तथा उत्तर भारतको नागपुर नागबाट, नामबाट भारतको बम्बई सहर अङ्ग्रेज शासनपछि मुम्बईदेवी अथवा भूमिको नामबाट अपभ्रंश भएको छ जसरी कलकत्ता कालीघाटबाट अपभ्रंश भएर गयो । अनेक राष्ट्र छन् जो स्थानीय वैदिक नाम धारण गरी स्वस्थानी देवताको प्रत्याभूति प्रदान गरिरहेका छन् । प्राचीन युरोप तथा मध्यपूर्व (मिश्रदेश) का सभ्यतामा मातृशक्तिको उपासना पद्धति पूर्वको वैदिक संस्कृतिबाट बिस्तारित भएको थियो ।

**उदाहरण-**

| | |
|---|---|
| (Roman Diety) Luno | -स्वर्गकी रानी, मातृत्वकी देवी |
| (Greek Diety) Hera | -कुमारी |
| (Egyptian Diety) Neith | -स्वयं प्रकट देवी |
| (Roman Diety) Venus | -सौन्दर्यकी देवी |

(Greek Diety) Aphrodite -शान्तिरूपी मातृशक्ति

(Babylonian Diety) Ishtar -जीवनदातादेवी आदि (डेनिङ एण्ड फिलिप्स, १९९८ : ८८-९२)। जसबाट इसाईत्वले प्रचार गऱ्यो ।

हिन्दु धर्मका लक्ष्मी, काली, दुर्गा, सरस्वती, चण्डी आदिसँग उक्त देवी/मातृ शक्ति सम्बन्धित छन् । एवम् प्रकारले चिनियाँ सभ्यतामा पनि वैदिक तथा बौद्ध दर्शन, धर्म, संस्कार र संस्कृतिको प्रभाव परेको छ । चीनबाट भारत आई हुएन साङले विभिन्न वैदिक तथा बौद्ध ग्रन्थ उल्था गरी चीन लगेको प्रमाणहरू छँदैछन् ।

स्वस्थानी संस्कृति विश्वमा प्रचलित थियो तर लोपोन्मूख भएकाले आज पहिचान गर्न पनि असहज भएको छ । अबको पुस्ताले र आउने पिढीले यसको खोज गरी विश्वमा आर्य संस्कृति स्थापना गर्न पुरुषार्थ गर्नु पर्ने देखिन्छ । यसबाट मात्रै विश्वकल्याण हुनेछ । विश्वका विभिन्न क्षेत्रमा फैलिएर रहेका जातिको मुक्ति स्थानीय देवता र आफ्ना पितृ पुर्खाको उपासना बिना सम्भव छैन । विश्वयुद्धतर्फ लम्किरहेको विश्वमा अनेकौं आणविक अस्त्र सङ्ग्रहको होडबाजीमा विकसित भनाउँदा राष्ट्रहरू सिंघौरी खेलिरहेका छन् जसले स्थानीय संस्कृति, स्थानीय देवता र आदिवासी जातिदेखि पूरै विश्वलाई खरानी बनाउन तमतयार रहेका छन् । विश्व शान्ति, वैदिक पहिचान र वर्गीय तथा जातीय मुक्तिका लागि सनातन धर्मसंस्कृतिको पहिचान र ज्ञानबिना सम्भव नरहेको हुँदा विश्वका प्रत्येक कुनाबाट आणविक निशस्त्रीकरणको पक्षमा जनमत जुट्न पर्ने बोध आज धेरैले गरिरहेका छन् ।

### ६.१.१ नेपालमा जीवन्त रहेका प्रचलित स्थानीय देवीदेवता

नेपालभित्र अवस्थित देवीदेवताका विविध दिव्यस्थल एवं तीर्थहरूको अवस्था जीवन्त छ । विश्व परिप्रेक्षमा स्थानरयि संस्कृति एवं धार्मिक कार्य लोप भएको अवस्थामा नेपाल, भारत लगायतका पूर्वीय मुलकमा भने प्रचलित नै छ । यसकारण यहाँ प्राचीन संस्कृतिको ज्ञानविज्ञानलाई जनमानसले आफ्नो सामान्य जीवनशैलीमा अपनाउँदै आएका छन् । नेपालको भूगोलभित्र पर्ने केही विशेष स्थानका देवीदेवताहरू देहायअनुसार छन् (मुक्तिः२०५७ : ५-१०)।

- खार्पुनाथ - हुम्ला
- चन्दननाथ - जुम्ला
- बाला त्रिपुरासुन्दरी - डोल्पा
- मालिकार्जुन - दार्चुला
- रणसैनी भगवती - बैतडी
- बडिमालिका - बाजुरा
- वरदादेवी - अछाम
- शैलेश्वरी  - डोटी
- मुक्तिनाथ - मुस्ताङ
- गलेश्वर - म्याग्दी
- वागलुङ भगवती - वागलुङ
- मनकामना - गोरखा
- ढोर बराह - तनहुँ
- आलदेवी - स्याङ्जा
- जलेश्वर - रौतहट
- गढीमाई - बारा
- विन्ध्यवासिनी - कास्की
- पशुपति - काठमाडौं
- गुह्येश्वरी - काठमाडौं
- दक्षिणकाली - काठमाडौं
- कालिनचोक भगवती - काभ्रेपलाञ्चोक
- हलेसी महादेव - खोटाङ
- पाथीभारा - ताप्लेजुङ्ग

### ६.१.२ भारतमा जीवन्त रहेका प्रचलित स्थानीय देवीदेवता

शिव र शक्तिसँग सम्बन्धित भारतमा प्रसिद्ध केही तीर्थस्थलहरू देहायबमोजिम छन् ।

- वैष्णोदेवी - जम्मु
- अमरनाथ - जम्मु
- तिरूपति बालाजी - तमिलनाडु
- रामेश्वर - तामिलनाडू
- विश्वनाथ - उत्तरप्रदेश
- कोलकोत्ता काली - पश्चिम बंगाल
- कामरूप कामाक्षा - आसाम आदि ।

## ६.२ विश्व परिवेशमा स्वस्थानी देवताको प्रभाव

जम्मुद्वीपभन्दा बाहेकका भूमिमा पनि शिव पार्वतीप्रतीको श्रद्धा अनेक रूपमा गरिए पनि तिनलाई भोग भूमि भनिन्छ, जम्मुद्वीप जस्तो पवित्र मानिँदैन । तर पनि विश्वका अनेक भूगोलमा बसोबास गर्ने आदिवासीले शिवपार्वतीलगायत तेत्तीसकोटि देवता तथा पितृ, पञ्चतत्वकै पूजा गर्ने गरेका प्रमाणहरू प्रशस्तै छन् । यसबारे खोज हुन सकेमा नेपालको गौरव विश्वसामु अझ बढेर जानेछ र यो निश्चित हो ।

युरोपदेखि अमेरिकासम्म, बेलायतदेखि रुस, जापान र कोरियासम्म, अफ्रिकादेखि अष्ट्रेलिया, न्युजिल्याण्डसम्म र उत्तरी बर्फिलो ध्रुवका एस्किमो जातिसम्म पनि स्वस्थानी संस्कृतिको व्यापक प्रचलन थियो जुन विश्व इसाईकरणका कारण झुटा विश्वासी (Heretics) र परायी झूठा देवता (Pagan Gods) भनी निर्दयतापूर्वक जाति, संस्कृति, सम्पदा र सभ्यताको निर्मम हत्या गरिएको थियो । *"जहाँ-जहाँ युरोपियनहरूले पाइला टक्थे ती-ती स्थानमा आदिवासीलाई मृत्युले पिछा गरेको देखियो । हामीले वृहत् रूपमा अमेरिका, पोलिनेशिया, गुडहोप र अष्ट्रेलियाको वृत्तान्त हेर्ने हो भने एउटै परिणाम प्राप्त गर्दछौँ "*।

आधुनिक विकासवादका प्रतिपादक चार्ल्स डार्विनले द भोएज अफ द बिगल (१८३९) यस्तो विचार पोखेका छन् । आफ्नो पुस्तकमा उपनिवेश स्थापनाको क्रममा आदिवासी जाति-

जाति बीच युद्ध गराउने, ठेउला आदि रोगहरू सुनियोजत ढङ्गले सार्ने आपसी झगडा, पानीको मुहानमा विष हाल्ने, रक्सी उपहार दिएर जातिको नेतृत्वलाई भाँडभैलो गराउने, तोप र बन्दुकले बच्चादेखि वृद्धसम्म नरसंहार गराउने, इसाईकरण गर्ने, भारी कर (लगान) लगाउने, अधिकार खोस्ने, सम्पदा लुट्ने र संस्कृति मास्ने प्रक्रियाले पुस्तौंसम्म विचलनको इतिहास छ (मिलर, १९९६ : २४-३७)। स्वस्थानी (स्थानीय) संस्कृति पूर्ण रूपमा ध्वंश गरी एकात्मक धर्म संस्कृति लादिएको थियो । यसकारण विश्वमा शान्ति, सद्भाव र सुरक्षा छैन ।

खोजी गरिएको खण्डमा उत्तर अमेरिकाका ५०० भन्दा बढी आदिवासी रेड इण्डियनहरूमा प्रचलित महान् आत्मा (The Great Spirit) भनी शिवलाई मानिएको बुझिन्छ । चूलोको धूँवा आकाशतर्फ जानुपर्ने मान्यता राख्ने जङ्गलमा धनुषबाणले सिकार गर्ने बस्तीमा पारिवारिक समूहमा बस्ने ती रेड इण्डियनहरू किराँतेश्वर महादेवलाई मान्ने गरेको बारे प्रशस्त आधारहरू छन् । यी जातिहरूले अन्नपूर्ण माता, धर्तीमाता, पञ्चतत्व आदिलाई मान्ने, पुज्ने गरेको लक्षण नेपालका अन्य जातीसँग पनि मेल खान्छ । "पृथ्वी हाम्री आमा हुन् । उनीले हामीलाई पोषण गर्छिन् । जे हामी भूमिलाई दिन्छौँ, उनीले हामीलाई फिर्ता दिन्छिन् साथै दिव्य जडिबुटी पनि । हामी जब घायल हुन्छौँ तब उनकै स्पर्शबाट हाम्रो उपचार हुन्छ । पशुहरू पनि यसै गर्छन्, तिनीहरू पनि पृथ्वीमातामा आफ्ना घाउ बिसाउँछन् (ऐजन)।" बेदागी (ठूलो वज्र) पेनोबस्कट (रेड इण्डियन समुदायका एक प्रमुखको उक्त भनाइले रेड इण्डियन जाति वैदिक प्रकृतिवादी सरह देखिन्छन् ।

यस अलावा निधारमा ठाडो टीका लगाउने अष्ट्रेलियाका प्रकृतिवादी जातिमा पनि वैदिक संस्कार देखिन्छ । पृथ्वीका सबै द्वीप एक ढिक्का रहेको अवस्थाबाट (जसलाई भूगर्भ वैज्ञानिकहरू Pangea Stage भन्दछन्) क्रमशः पृथ्वीका द्वीपहरू चारैतिर फैलिने क्रम (Continental drift) पछि विश्वभरिका आदिवासीहरू पनि मूलथलो हिमाली सभ्यताबाट समुद्र र महासमुद्रबाट अलग्गिएको स्थिति वर्तमानमा देख्न सकिन्छ । विश्व परिवेशमा स्वस्थानी देवीदेवता पूजा श्रद्धा गर्ने मान्यता विश्व भूगोल र जातिअनुसार पृथक नाम कर्मकाण्ड, संस्कार, व्यवहार र दर्शनमा आधारित देखिन्छन् ।

### ६.२.१ इसाई धर्म बिस्तारको कडी

प्राचीन रोमन तथा ग्रीकहरूमा सूर्य पूजा गर्ने स्वस्थानीय संस्कृति प्रचलनको रूपान्तरण हो भनिन्छ । इसाईकरणको अभियानसँगै सूर्य पूजा इसाई मतमा समावेश गरियो । युनान संस्कृतिमा प्रचलित देवी ईस्तर (Goddess Ishtar) को पूजा कालान्तरमा इसाई रूप दिदा Easter चाड मा परिणत भयो । ईश्वरीबाट इस्तर हुँदै इशा बनेको प्रशस्त प्रमाण फेला पारिएका छन् । मातृसत्ताबाट पितृसत्तामा लोकधर्म स्थापना हुने क्रममा मूल सिद्धान्तमा आयामिक परिवर्तन भै विकृत भैसकेको अवस्था देखिन्छ । इसतर देवीको परम्परा पूर्वको वैदिक संस्कृतिकै एक रूप थियो । पूर्वीय संस्कृतिअनुरूप देवता पनि लोकलाई प्रकाश दिने शक्ति मानेर इसाई दर्शनमा समावेश भएको रोम (Rome) मा अवस्थित St.Peter's Cathedral ले पुष्टि गर्दछ ।

जहाँ पत्रुसको शिरभन्दामाथि सूर्यको चक्र (solar disk) अंकित छ । सूर्य प्रकाश भएको हुँदा ईश्वरको निर्गण स्वरूप भन्ने तर्क यस्तै परिवेशमा श्रृजित गरिएको पाउँछौं । गुरु वृहस्पतिले जुपिटर (Jupiter) को रूपमा पाईसकेको अवस्था थियो । यही रूपले इसाई धर्मले विश्व जित्ने आन्दोलनमा प्रवेश गऱ्यो, विशेष गरी रोमन सम्राटको ईसाइ मतमा धर्मान्तरण भए पश्चात (सेज्निक, १९६१ : १६०-१६७)। यस प्रकार मूल स्वरूपबाट आवश्यक धर्मको रस लिएर इसाइत्व बलियो हुँदै गएपछि मूल वृक्ष फँडानी गरी छुट्टै विरुवा रोपेर एकाधिकारवादी एवम् निरङ्कुश संस्कृति लादिएको देखिन्छ । यही अभियानका कारण विश्वबाट स्वस्थानीय संस्कृतिको विध्वँस भएको खुलासा हुन्छ ।

### ६.२.२ प्राचीन मायाँ सभ्यता (Mayan Civilization)

प्राचीन अमेरिकाको मय अर्थात् माया सभ्यता स्पेनको आक्रमणमा परी समाप्त भयो । यो सभ्यतामा प्रकृति उपासना तथा पितृको मान्यता स्थापित थियो । स्थानीय देवता पूजा गर्ने संस्कृति रहेको हुँदा पछि इसाईकरणद्वारा यसलाई पूर्ण रूपले समाप्त पारियो । त्यहाँ रहेका माया मन्दिरहरू भत्काएर अहिले गिर्जाघर (Church) मा परिणत गरिएको छ ।

### ६.२.३ इन्का (Inca)

दक्षिण अमेरिकाको एण्डिज (Andes) पर्वतमा फैलिएको ३००० मिल लामो सभ्यतालाई सन् १५३० मा फ्रान्सिसको पिजारोको नेतृत्वमा स्पेनी सेनाहरूले नष्ट पारिदिए । सो क्रममा फ्रान्सिसको डी एवेली एक्लैले मात्रै ३०००० मूर्तिहरू नष्ट गरेको बताउँछन् । यसप्रकार दक्षिण अमेरिकाका अन्य मूर्तिपूजक, सूर्यपूजक, प्रकृति, देवता एवम् पितृ पूजकहरू र तिनका सभ्यता नष्ट भएका छन् । बचेका पुस्तालाई इसाईकरण गरी तिनको मौलिक अस्तित्व समाप्त पारिएको छ । यसप्रकार विश्वभरि करीब ५० प्रकारका (ख) स्थानीय सभ्यता र संस्कृति नष्ट गराइएको छ ।

### ६.२.४ अज्टेक (Aztecs)

अजटेक सभ्यताका संस्कृति र सम्पदाको विनाश स्पेनी सेना र इसाई मिसनरीद्वारा गरिएको थियो । नयाँ इसाई पर्वहरूको थालनी अभियान सन् १५३० देखि १५४० सम्म गरिएको थियो । सन् १५२५ मा इसाई सेनाले अज्टेक मन्दिरहरू, मूर्तिहरू, पिरामिडहरू ध्वंश गरी आगो लगाई दिएका थिए । मन्दिरका पूजारीहरूको हत्या गरी त्यहाँको स्थानीय संस्कृति समूल नष्ट गरिएको थियो (Waters, 1902 : 92)।

### ६.२.५ वर्तमान उत्तर अमेरिकी रेड इण्डियन संस्कृति (Red Indians)

पितृ पूजक, प्रकृति पूजक, शान्ति प्रेमी इमान्दार आदिवासी जाति रेड इण्डियनको स्वस्थानीय संस्कृति पनि आज लोप भै सकेको स्थितिमा छ । युरोपबाट पानी जहाजमा आएका अङ्ग्रेज तथा स्पेनिसहरूले उत्तर अमेरिका महादिपका ५०० भन्दा बढी स्थानका आदिवासी जातिहरूलाई अत्यन्त अन्यायपूर्वक अत्यन्त कष्टकर ढङ्गले षड्यन्त्रपूर्वक शनै शनै समाप्त पारेको इतिहास पाइन्छ । क्रिष्टोफर कोलम्बसको पानी जहाज समुद्री किनारामा दुर्घटना हुँदाको अवस्थादेखि इमान्दारीपूर्वक समान ओसार्न र यिनलाई आतिथ्य प्रदान गरेका सोझा आदिवासीहरूलाई क्रमश क्रिष्टोफर कोलम्बसका सैनिकहरूले बन्दुक र तरवारको भरमा समाप्त पार्दै लगिएको थियो । महिलाहरू बलात्कार गर्नेदेखि लिएर बलिया महिला पुरुष रेड इण्डियनलाई ठूलो संख्यामा यूरोपका सहरमा दासका रूपमा बिक्री गरिन्थे । यिनका नयाँ पुस्तालाई इसाईकरण गरी पुर्ख्यौली संस्कृति र आस्था लोप गराइएको थियो । ५०० भन्दा

अधिक समूह (Tribe) का यी रेड इण्डियन का बालबालिकालाई बन्दुकको तारो (target) बनाईन्थ्यो । साथै तरवारको धार जाँच्न यी कलिला शरीरलाई दुई टुक्रा गर्ने गर्थे । इतिहासले दिएका प्रमाणहरू यस्तै कहाली लाग्दा छन् (मिलर, १९९५ : १०, २२०)।

विश्वको ज्ञान खोजी गर्न तत्कालीन चिनियाँ सम्राट थाइचुङले हुएनसाङलाई सहयोग गरेका थिए । यसैं गरी पश्चिमा राष्ट्रले आफ्नो सांस्कृतिक अध्ययनका लागि सरकारी कोषबाट आर्थिक सहयोग दिने गदर्थे । नेपाल सरकारबाट राष्ट्रिय सम्पदाको खोजशोध गर्न अनुदान सहयोगको योजनालाई नेपाली जनतामाझ पुऱ्याउने नीति त यहाँ कहिल्यै ल्याइएन । जे जति प्रयास हुन्छन् तिनको उचित संरक्षण गरिदिने सवालमा पनि केही प्रयास देखिँदैन । कतिपय अवस्थामा सांस्कृतिक पहिचानको निम्ति कदम चाल्न खोज्ने लगनशील व्यक्तिहरूलाई पाश्चात्य ईसाई साम्राज्यवादीको प्रलोभन र इसारामा दमन गर्न पनि पछि नहट्ने सरकारी नीति र व्यवहारले यो राष्ट्र कमजोर मात्र नभई सांस्कृतिक रूपमा अस्तित्वहीन अवस्थामा सुनियोजित रूपले पुऱ्याइएको पाइन्छ । यहाँ विगतको संस्कृति र वर्तमानको जीवित संस्कृतिको उचित संरक्षण र सम्वर्द्धन हुन सकिरहेको छैन । अबको नयाँ पुस्तामा यसबारे चेतना जाग्न आवश्यक देखिन्छ । यहाँका स्थानीय संस्कृति लगायत विश्वमा रहेका वैद्यिक आधारका संस्कृतिको खोजी गर्न आवश्यक देखिन्छ ।

## ६.३ विश्व भूगोलका स्वस्थानीय देवीदेवता

विश्वका सबै देवी देवताहरू एवं प्रकृति शिवशक्ति स्वरूप अर्थात् देव आदि देव महादेव पार्वतीबाट उत्पत्ति भएको प्रमाण श्रीस्वस्थानी ग्रनथमा छ । शिवदेखि मायाको उत्पत्ति भयो, मायादेखि अव्यक्त (प्रकृति) उतपन्न भयो । पहिला त्यस अव्यक्तको अधिष्ठाता (मालिक) आत्मा छ (शर्मा : २००८ : ३२)।

यसप्रकार ब्रह्मको सृष्टिबारे पहिलो अध्यायमा वर्णन पाएइन्छ । मनुको उत्पत्तिको तात्पर्य पूर्वकालका अविरल मानव सभ्यता (Human Civilizations) भन्ने बुझिन्छ । दक्ष प्रजापतिका तेत्तिस कोटी कन्यादानको अर्थ अदिमदेखि देवताको उत्पत्तिको रहस्य खुल्दछ । यो प्रसंग अखिल सृष्टिलाई शासन गर्ने शिवशक्ति स्वरूपको प्रकृतिक एवं आदि दैविक भक्ति रहेको

बुझिन्छ । विश्व सभ्यताका अनेक जाति एवं संस्कृतिमा शिवको यस सृष्टिबारे रहस्य खुलेको पाउँछौं । यसलाई देवी भागवत पुराणले पुष्टि गर्दछ । उक्त पुराणमा देवीको आरधाना, स्तुति पूजा जहिले जहाँ पनि गरे हुन्छ भनिएको छ । (निरौला,२०६९ : २१) प्रसिद्ध विश्ववेश्वरी पछि विश्व त्वामीश्वरी देवी चराचरस्य भनी चर अचर प्राणीहरूको मालिक्नी आदिभक्तिलाई भनिएको छ । पृथ्वीमाता भनी यसर्थ सम्बोधन गरिएको छ । स्त्रियः समस्ताः सकला जगत्सु भनी विश्वका स्त्री आदिशक्तिकै स्वरूप भनिएको छ । यसले पुष्टि गर्छ कि विश्वका सबै देवीदेवताको उत्पत्ति आदिशक्ति शिव र महादेवबाट भएका हुन् ।

### ६.३.१ प्राचीन चिनीया जातिका स्थानीय एवम् आलंकारिक देवता

(वाल्टर्स, १९९२ : १८०-१८७)

१. एओ - समुद्र र जलका देवता ।

२. छ्यू जङ - दण्ड र अग्नीका देवता ।

३. क्वान थिङ - दया र करुणाकी देवी ।

४. पा -स्जेन - ताओ धर्मका आठ अमर आत्मा (हिन्दु धर्मका आठ चिरनजवि सरह)

५. लू टुङ पिन - प्राचीन चीनियाँ साहित्यका नायक ।

६. हो स्जेन कू - अमर कुमारी जो पुण्य महापुरुषले मात्र दर्शन प्राप्त गर्दछन् ।

७. शि टियन येन वाङ - मृत्युका राजा ।

८. पेङ लेई शान - ताओ श्रद्धालुको सर्वोच्च स्वर्ग ।

९. पाङ कू - पौराणिक विश्वनिर्माता । (हिन्दुमा विश्वकर्मा )

१०. मि लो फा - मैत्रिय बुद्ध ।

११. लू पान - डकर्मी र सिकर्मी का देवता ।

१२. लू वाङ - नाग राजा अर्थात् ड्रागन राजा ।

१३. यू हुवाङ - स्वर्गका राजा (हिन्दुमा इन्द्र )

१४ यूलान हुई -(संस्कृतको उल्लमबनबाट) भोकाएका भूतहरूको पर्व (उत्सव) जुन हिन्दु समाजमा रंगिन होली झैं भव्यरूपले मनाइन्छ ।

१५. चेङ हुवाङ - सहरका देवता । (हिन्दु समाजमा प्रचलित ग्राम एवम् पुरका देवता)

१६. चाङ तावलिङ - दिव्य गुरु ।

१७. पितृ पूजा - पितृ पूजा चिनीया संस्कृतिको मुख्य आस्ता हो ।

१८. कुन लून -सुमेरु पर्वत । जहाँ तुङ वाङ कुङ राजा र भि्ह वाङ पु रानी विराजमान छन् (हिन्दु धर्म संस्कृतिमा शिव पार्वतीको मूल निवासस्थान) ।

१९. शे वाङ - नागराजा ।

### ६.३.२ दक्षिण अमेरिकाका जातिका स्थानीय-अलङ्कारिक देवता (रिड इन्टरनेशनल, १९९४ : ११३-१२०)

१. न्गूरभिलू - समुद्र का देवता ।

२. पाचमक (इन्का) - भूमिका सर्जक देवता ।

३. पिलान - अग्नी, मेघ र युद्वका प्रमुख देवता ।

४. सुपाई (इन्का)- मृत्युका राजा, बलिका राजा ।

५. भिराकोचा - सृष्टिकर्ता ।

६. चालची हुई ट्लक्यू - तुफान र जलको देवता ।

७. सिनटि ओटल - उर्वरता र पुनर्जीवनका देवता, मकैका देवता ।

८. ओमेटि ओटल - केन्द्रमा रहने महादेव, सम्पूर्ण प्राणीका सृष्टिकर्ता जो अर्धनारी रूपमा हुनुहुन्छ ।

९. क्वेटजालकोटल - भुत्लाउक्त नाग देवता ।

१०. टलालोक - पानीका मुहान, बादल, वर्षा, पर्वतका र मौसमका देवता (Gruzinksi,1992:18) ।

दक्षिण अमेरीकका आदिवासीलाई पनि इसाईकरण, युद्व, षड्यन्त्र मार्फत समाप्त गरिएको थियो । यहाँको स्थानीय संस्कृतिको पनि समूल नष्ट गरिएको थियो ।

### ६.३.३ आयरल्याण्डका जातीय पहिचानका आलंकारिक देवता

(रिड इन्टरनेशनल, १९९४ : १०-२०)

१. अरेईनरड - ब्रिटेनका तिन कुमारी (देवी), जसको महल केयर एरिहारहट रहेको छ ।

Aurora Borealis को सेल्टिक नाम ।

२. बादब - युद्वका मातृका ।

३. ब्रीघीद - उपचार र धातुविद्या कि देवी वा हेन वेन ।

४. सरनुनस - पुरुषार्थका देवता । यस देवताको प्रतापको कारण सेल्टीक समुदायमा भइरहेको इसाईकरणले पराजय भोग्नु परेको थियो ।

५. दागदा - पृथ्वीका देवता ।

६. दानु - महान मातृशक्ति ।

७. डियन चेच्ट - उपचारका देवता ।

(प्रहारकर्ताको सानो भन्दा सानो इकाई पनि मकैको दानामा गणना गरिन्छ भन्ने मान्यतामा आधारित छ । )

८. डिस पातेर - गौल (Gauls) का पितृ देवता । (यहाँ पातेर शब्द संस्कृतको पित्तरबाट अपभ्रंश भएको देखिन्छ ।

९. एपनो - अश्व (घोडा) का देवता ।

१०. लुग - सूर्य देवता ।

**६.३.४ रोमन जातिका स्थानीय एवम् आलंकारिक देवता** (रिड इन्टरनेशनल, १९९४ : ६९-७८)

१. गाय - सम्पूर्ण धर्ती लगायत देवता एवम् प्राणीका माता । (हिन्दु मान्यता अनुरूप गाईको शरीरमा तेत्तीसकोटि देवताको वासस्थान छ । हिज्जेको आधारमा गाय र गाई यहाँ शब्द र अर्थ मिल्दाजुल्दा छन् ।)

२. हेड्स /प्लूटो - सम्पत्तिका देवता ।

३. हेब - यौवन र सौन्दर्यकी देवी ।

४. हेलिओस - सूर्यका देवता । helio, helio centric आदि अङ्ग्रेजी शब्द सूर्य देवतासँग सम्बन्धित छन् ।

५. हेफस्टस् - धातुकला एवम् अन्य कलासँग सम्बन्धित देवता ।

६. हेरा - देवताकी रानी ।

७. हर्म्स - देवताका दूत (Danning, 1989:103)।

८. हिपनस - निद्राका देवता ।

९. ईरिस - इन्द्रेणीको देवता ।

१०. मरफिअस - स्वप्नको देवता ।

११. नाइके - सफलता की देवी ।

१२. ओसियनस - समुद्रका पुराना देवता ।

१३. अटिस - वनस्पतिका देवता ।

१४. साइबेले - पूर्ण रूपले पहिचान भएको एसियाली देवी जो रोमन तथा ग्रीक दुवैले श्रद्धाको स्थान दिइएको थियो । यस देवीको प्रतिमासँगै एक जोर सिंह साथ रहने हुँदा दुर्गा भगवतीको रूप हो भन्न सकिन्छ । अर्थात् सिंहवाहिनी ।

१५. फ्लोरा (Flora) - फूलकी देवी ।

१६. फर्चुना (Fortuna) - भाग्यकी देवी (Reed, 1994:64)।

१७. जानस - देवता जसको शिर दुई प्रकारका छन् । यस प्रथम देवता हिन्दु धर्म संस्कृतिमा प्रचलित गणेशको अर्को स्वरूप मान्न सकिन्छ ।

१८. ओप्स (Roman), रिआ (Greek),- खेति थन्क्याउने समयकी देवी ।

(नेपालका किराँत जातिमा प्रचलित उघौली, उभौली पर्वसँग मेलखाने संस्कृति । अर्थात् अन्नपूर्ण लक्ष्मी ।)

### ६.३.५ मयँ (Mayan) तथा इन्का (Inca) जातिमा प्रचलित स्थानीय एवम् आलंकारिक देवता

१. औछीमाल जेन - सूर्यकी पत्नी चन्द्रमा । (हिन्दु धर्ममा सूर्य, चन्द्र र शिवशक्ति)

२. चाक - मेघका देवता । (किसान का देवता ) ।

३. हुनाब कू - निराकार ईश्वर ।

४. टोकापो विराचोछ (इन्का ) - विराचो । देवताका पुत्र ।

५. इन्टी - सूर्य देवता ।

६. इटजाम्ना - उपचारका देवता ।

७. कुकुलकान - भूत्लाले युक्त नाग । (Quirigoa सहर यस नागको निम्ति समर्पित छ ।)

८. मामा क्वीला - चन्द्रलोक कि देवी ।

मयँ सभ्यतालाई माया सभ्यता पनि भनिन्छ । जुन हिन्दु धर्म संस्कृतिकै अर्को रूप देखिन्छ । यस सभ्यताले तयार गरेको पञ्चाङ्ग (Mayan Calender) बारे आज विश्वभरि चर्चा पाएको छ । यो सभ्यतालाई स्पेनका इसाई सेना (फ्रान्सिस पिज्जरियोको नेतृत्व) द्वारा नष्ट गरिएको थियो ।

### ६.३.६ मेसोपोटामियामा प्रचलित स्थानीय एवम् आलंकारिक देवता

१. अनु - आकाशका देवता ।

२. एनकी - कला एवम् जलका देवता ।

३. एनलिल - वायु र धर्तीका देवता ।

४. इस्थार (Sumerian)- अत्यन्त शक्तिशाली देवी ।

५. इनाना (Egyptian)-मेसोपोटामियाका सर्वश्रेष्ठ मातृका ।

६. नेबू /नाबू - लेखाई एवम् वाक वाक्यका देवी (हिन्दु समाजमा वागेश्वरी अर्थात् वाक् शक्तिकी ईश्वरी अर्थात् सरस्वती ।

### ६.३.७ ग्रीक जातिमा प्रचलित स्थानीय एवम् आलङ्कारिक देवता

१. एडोनिज - पुनर्जीवन एवम् उवर्रताकी देवी ।

२. एफ्रोडाईट - उवर्ता एवम् प्रेमकी देवी ।

३. एपोलो - औषधि, संगीत, एवम् अगमवाणीका देवता । Delphi Temple मा यस देवताको पूजा हुने गर्दथ्यो ।

४. आरटेमिस - प्रश्रवकालकी देवी , प्रजनन्की देवी ।

५. एसक्लेपियस - एपोलोका पुत्र, औषधि र उपचारका देवता । (आधुनिक एलोपेथि चिकित्सा प्रणालीका पिता मानिने Hippocrates ले चिकित्सकका निम्ति तयार गरेको शपथ Oath of Apollo देवताको पनि उल्लेख छ) ।

६. एथेन (Roman), मिनर्भार (Greek), कला, मूर्ति, ज्ञानका देवता (प्राचीन युनानको कला कौशल यही देवताको प्रेरणाकालमा विश्वमा सर्वोकृष्टता हासिल गरेको थियो । इसाईत्वको प्रभावका कारण स्थानीय संस्कृति लोप हुँदा रोमन सभ्यता पतन भएको थियो ।)

७. डेमेटर (Roman), सेरेस (Greek) - प्रशस्त अन्न उब्जनीकी देवी अर्थात् हिन्दुधर्ममा हालसम्म प्रचलनमा रहेको माता अन्नपूर्ण ।

८. डायोनिसियस -अप्सराको उपस्थितिमा गरिने सोमरस (मदिरा) सहितको धार्मिक नृत्य ।

### ६.३.८ पोलिनेसिया, अष्ट्रेलियाका आदिवासी एवम् न्यूजिल्यैन्डका माओरी जातिमा प्रचलित स्थानीय एवम् आलङ्कारिक देवता (www.pagangods.org)

१. वण्डभिना -आदि अनादिकालको प्राणी जसले महान स्वप्नकाल (dream time) मा संसारको सृष्टि गरे ।

२. यालूङगर -कूनापिपि नामक भयानक यक्षिणिलाई प्ररास्त गरेको हुनाले प्रथम महिला बनिन् ।

३. अगुना (Solomon Islands) -पवित्र नाग देवता ⁄सम्पूर्ण देवता यिनै नाग देवताको सृष्टि मानिन्छन् । रुखको प्रथम नरिवल यिनै अगुनाको भाग हो भन्नी मान्यता राखि अर्पित गरिन्छ ।

४. एलुल्येई (Micronesia) - ज्ञान एवम् जलयात्राका देवता ।

५. डारामुलिन (Australia) - आकाशका देवता ।

६. ड्रिम टाईम (Dream Time) - स्वप्नकालिन सृष्टिको समय जहाँ सम्पूर्ण प्राणी एवम् देवताको जन्म हुन्छ ।

७. गिड्जा (Australia) - चन्द्रमा (चन्द्रलोककी देवी) ।

८. वरम्बी (Australia) - इन्द्रेणी नाग राज जसले जलमार्ग, प्राणीहरू तथा जलयुक्त पोखरी सृष्टि गरी स्फटिक, मोती एवम् ओसमा चमकको उत्पत्ति गर्दछन् । अधिकांश यस्ता जलाशयहरू पवित्र मानिन्छ । जो रगतले प्रदूषण गरिनु हुँदैन भन्ने मान्यता रहेको छ ।

९. ईअ (New Zealand ) - माओरि जातिको सर्वोच्च देवता जसले सबै सृष्टि गरे पनि अदृश्य र सनातन (eternal) रहने मान्यता छ ।

१०. मारुनी (Melanesia) - भूकम्पका देवता ।

११. कुकलिकिमोक (Polynesia) - Hawai का आदिवासीमा प्रचलित युद्वका देवता जसको रङ्ग पहेलो र रातो रहने गर्दछ ।

१२. पेले (Polynesia) - Hawai, Mt. Kilauea मा निवास रहने ज्वालामुखीका देवता ।

१३. क्वाट (Polynesia) - सृष्टिकर्ता देवता ।

१४. न्यूआ - काष्ठकलाका देवता ।

१५. टाउहाकी (Polynesia) - मेघका देवता ।

### ६.३.९ स्लाभिक (slavic) जातीमा प्रचलिच स्थानीय एवम् आलङ्कारिक देवता (www.pagangods.org)

१. बाबा थागा - मृत्यु र पुनर्जीवनका देवता ।

२. चर्नोबग - रात्री, नर्क र अँध्यारोका देवता ।

३. दाभ्ह बोग - सूर्यको व्यक्तिकरण ।

४. डोमोभोई - गृहको प्रवर्धक ।

५. कुपुला - जडिबुटि एवम् जलकी देवी ।

६. माता साईरा भ्हेमालिया - ओसिलो भूमिको मातृशक्ति ।

### ६.३.१० जापानीहरूमा प्रचलित स्वस्थानीय एवम् आलंकारिक देवताहरू

१. आमा - नो - उजुमेः सम्बन्धी देवी ।

२. बेन्जोइतेन - प्रसन्नताकी देवी । लक्ष्मी ।

३. बिशमन - रोग र राक्षसदेखि सुरक्षा दिने देवता ।

४. चिमाता- नो - कामी : चोक, दोबाटोको देवता ।

५. ईजानागी - पृथ्वीको सृष्टि गर्ने देवी देवता ।

६. खावो नो कामी - नदीका देवता ।

७. निनिगी - सम्पूर्ण जापानी सम्राटहरूको देवता ।

८. ओकुनि नुशी - औषधि र धामी भ्हाक्रीका देवता ।

९. नाए नो कामी - भूकम्पका देवता ।

१०. सेनजेन सामा - पवित्र पर्वत फुजियामाकी देवी ।

११. सिने सुहिको - वायु देवता ।

१२. सुसा नो बो - तुफान,सर्प र कृषिका देवता ।

१३. इनारी - धानका देवता ।

१४. हाचिमान - युद्धका सिनतो देवता (Piggot, 1982:42)।

### ६.३.११ अफ्रिकी जातिमा प्रचलित स्थानीय एवम् आलंकारिक देवता

१. एनवेइयो - महान नाग जो वर्षा पछि चर्न आउँछन् । ईन्द्रेणी यिनको प्रतिबिम्ब हो ।

२. डान - सर्प जातिका देवता । नागदेवता । (हाईटी जातिमा नाग देवतालाई दान पेत्रो नामले पुकारिन्छन्) ।

३. झुई- सृष्टिकर्ता देवता ।

४. गुनाब -मृत्युका राजा ।

५. गुवा - मेघ, फलाम धातु कला र कृषकहरूका देवता ।

६. लेभ्का - परम् देवता जसले आकाशको शासन गर्छन् र आवश्यकता अनुरूप वायु र वर्षा पठाउछन् ।

७. माबु लिसा - सूर्य र चन्द्रका देवता एवम् देवी ।

८. नानान बाउक्लाउ - Ewe जातिलाई सृष्टि गर्ने अर्धनारीश्वर देवता ।

९. न्यामे - स्वर्गको सर्वोच्च देवता जो चन्द्र सूर्यरूपी देवी देवता अर्थात् अर्धनारी स्वरूपमा छन् ।

१०. न्यासााये -Maragoli जातिका प्रमुख देवता जसलाई एक लिङ्गोको वरपर चिल्ला ढुङ्गाको गोलाकार आकृतिलाई प्रतीकको रूप बनाई मान्ने गरिन्छ (Gleason, 19 :21-25)।

११. सागबाटा - ठेउलाका देवता । सागबाटाको प्रार्थनाद्वारा पूजारीले ठेउला रोगको सङ्क्रमण निको पार्ने मान्यता छ ।

### ६.३.१२ प्राचीन मिश्रदेश (Egypt) मा प्रचलित स्वस्थानी एवम् आलंकारिक देवता

१. एमन - मिश्रभूमिका देवताका राजा (इन्द्र) (Denning, 1949:49)।

२. एनिबस - स्यालको सिर भएको एक महत्वपूर्ण देवता ।

३. एटूम - स्यम प्रकट प्रथम देवता । हिन्दु धर्ममान्यता अनुरूप स्वय भु मनु ।

४. बास्ट - बिरालो शिरधारि देवता ।

५. हाथोर - गाईको सिङ भएकी देवी ।

६. माट - सत्य र न्यायकी देवी ।

७. नून - आदिमकालीन जलका देवता ।

८. होरस - बाजको शिर भएको देवता ।

९. ईसिस - असल मातृशक्ति (Barret, 1991:71)।

१०. मिन -प्रजनन्का देवता ।

११. ओसीरीस - मिश्रदेशमा सभ्यता बसाउने देवता । नील नदी र उब्जनीका देवता ।

१२. ताह - सृष्टिका देवता ।

१३. रा - सूर्य देव । (संस्कृत भाषामा सूर्यलाई रवि भनिन्छ ) (Denning,1949:80)।

१४. सेखमुट - युद्व र सँग्रामकी देवी । (हातमा खड्ग उचालेकी र सिंहनीको शिर भएको चित्रण गरिन्छ ।) हिन्दु धर्ममा दुर्गा माता ।

### ६.३.१३ उत्तर अमेरिकी आदिवासी (Red Indian) का स्थानीय एवं आलङ्कारिक देवता

१. हिनो - आकाश एवम् मेघका देवता ।

२. काचीनास - मेघ,दिवंगत पितृ, प्राकृतिक सम्पदाको देवता, पशुका आत्मा, वायु, वर्षा आदि लाई नियन्त्रण गरी सम्बन्धित स्थानमा बास बस्ने देवता ।

३. किटनी - परम् आत्मा ।

४. नर्थ स्थार (ध्रुव तारा) - श्रद्वेय देवता ।

५. मर्निङ स्टार, विहानको शुक्र - युद्वको देवता ।

६. राभेन - चकचके देवता ।

७. सेडना-समुद्र र समुद्रका प्राणीहरूका देवता जो एस्किमो (Eskimo\Inuit) मा पनि प्रचलित छ ।

८. शाकुरा - सूर्य देवता ।

९. टेकेईटसर्कटक - भूमिका देवता जो शिकार गरिने पशुका मालिक मानिन्छन् । Inuit\Eskimo जातिमा प्रचलित ।

१०. टंर्गगासाक - मानिस र प्रकृतिमा सबै खाले सद्गुणका देवता ।

११. वाचबे - अभिवाहक (प्रतीकात्मक) (www.pagangods.org)।

## ६.३.१४ विश्वमा पितृपूजन संस्कृति

मानव इतिहास एवं विश्व परिप्रेक्ष्य केलाउँदा सर्वत्र भूगोलमा पितृपुजन संस्कृति व्यापक रुपमा प्रचलनमा थियो । अहिले पनि अवशेषको रुपमा छन् । प्राचिन समयमा पितृपूजन संस्कृति अझ महत्वपूर्ण रुपले मानिने गरिन्थ्यो । विश्वका संस्कृतिमा आ-आफ्ना माता पिता, पुर्खा, पुर्ख्यौली संस्कृति, मृत्यु संस्कार, मुत्युदेवता अर्थात् यमराज, पुनर्जन्म, अभिवाहक दैविक शक्ति आदि प्रसङ्गलाई केलाएर हेर्दा विश्वभरिका जाती, राष्ट्र एवं भूगोलमा पितृपूजन, प्रकृति पूजन संस्कृति प्रचलित रहेको पाइन्छ ।

**केही उदाहरणहरू:**

- आयरल्यैण्डका जातीको संस्कृतिमा डिस पातेर नामक गौल (Gauls) का पितृ देवता मानिन्छन् । यस नाममा पितृवोधक संस्कृत शब्द पितर अपभ्रंस भई पातेर बनेको देखिन्छ ।
- स्लाभिक (Slavic) जातीमा प्रचलित वावा-थागा लाई मृत्यु र पुनर्जिवनका देवता मानिन्छन् । रुसी (Russian) किसानहरु अहिले पनि वर्षमा एकदिन पितृलाई संझेर भोग खाने गर्छन् । बेलारुसका किसानहरुवर्षमा धेरै पल्ट दज्यादो भनिने पितृपुजा पर्व मनाउने गर्दछन् । बल्गार जातीमा चिहानमा खानेकुरा लिएर मृतकलाई चढाउने गर्दथे ।
- प्राचीन (German) जातीले मृतकको सम्मानमा पितृपुजा या गोत्रपुजा गर्दथे । यसका लागि पुरोहितको भूमिका पनि गोत्र प्रमुखले नै निर्वाह गर्दथे ।
- प्राचीन केल्टमा पुनर्जन्म सम्वन्धि विश्वास ताजा थियो । उनीहरुमा गोत्रीय परम्परा प्रचलित थियो ।

- यहुदी संस्कृतिमा हेलेनिष्टिन (Hellenistic) संस्कृतिको प्रभाव देखिन्छ साथै बेबिलोनी र मजदा (Mazda) को पनि । मृतकको आत्माबारे अस्तित्वलाई यहुदी धर्मले स्वीकार गरेको पाइन्छ ।
- इस्लाम धर्ममा पनि मृत्युपछि आत्माको जीवनलाई स्वीकार गरिएको छ ।
- युनानीहरुले (Greek) मृत्यु संस्कारलाई राम्रोसँग पुरा गर्दथे । उनीहरुमा जलाउने र गाड्ने दुवै संस्कार प्रचलित थियो । मृतकलाई पनि भोजन चाहिन्छ भन्ने युनानीको विश्वास थियो । आगोलाई घ्यू, अन्न, फल आदिको भोग दिइन्थ्यो । युनानीहरुले मृतकको पनि पूजा गर्दथे । विश्व विजेता युनानीहरुका देवीदेवता संस्कृतिमाथि इसाइत्वको प्रभावले कमजोर हुँदा (राजा Constantine को पालाबाट) उनीहरुका पितृ तथा देवता विस्थापित भई सिङ्गो संस्कृति लोप भई विश्वबाट पतन भयो र अहिले सामान्य राष्ट्रको रुपमा मात्र सिमित भएको छ ।
- जापानीहरुमा सिने सुहिकोलाई वायु देवताका रुपमा लिइन्छ । (वैदिक संस्कृतिमा गति प्राप्त नगरेका पितृहरु वायु भई भड्किने मान्यता छ । वायुमण्डलका पनि देवता हुन्छन् जसलाई वायुदेवताका रुपमा पुजिन्छ ।) जापानीहरुमा आफ्ना पितृलाई जल, भोग एवं धूप चढाउने प्रचलन आजसम्म पनि जीवित छ ।
- अफ्रिकी जातिमा गुनावलाई मृत्युका राजा मानिन्छ । ककेसियामा पितृसत्तात्मक गोत्र व्यवस्था मजबुत थियो । यो विश्वाससँगै अग्नि पूजा पनि प्रचलित थियो । यहाँका इगुस, ओसेती र जर्जियाली समूहमा हरेक कुलको आफ्नो संरक्षण कुलदेवता हुन्थे । जसको सम्मानमा ढुङ्गाको स्मारक बनाईन्थ्यो र पितृपूजाको वार्षिक समारोहमा प्रार्थना गरिन्थ्यो । मृतकलाई केही नदिएर भोकै राखे ठूलो पाप मानिन्थ्यो । उनीहरुमा मृत्यु संस्कार एवं काज किरियालाई जटिल प्रक्रियासँग सम्पन्न गर्ने प्रचलन छ ।
- चिनियाहरुमा पितृश्रद्धा (जिङसु) र पितृपूजा (बेइभ्रु) लोकप्रिय छ । जापानी, कोरियाली लोकसंस्कृति जस्तै चिनियाहरुले आफ्नो घरमा पितृका लागि सानो मन्दिर (Altar) निर्माण गरी भोग लगाउँछन् । यो संस्कृति ५०० ईशापूर्व झाउवंश (Zhou Dynasty) बाट प्रारम्भ भएको मानिन्छ ।

- कोरियामा पितृको नाममा हुने वार्षिक श्रद्धालाई जेस्ये अथवा जेसा भनिन्छ । कोरियामा बौद्ध समुदाय लगायत अन्यले पनि पितृका रुपमा प्राचीन राजा तथा कन्फुसियस आदि नेता, दार्शनिक प्रति पनि वार्षिक श्रद्धा गर्दछन् ।
- पूर्वी स्लाभहरुले घरमा बसेको प्रेतात्मलाई सम्झने गर्दथे । यी प्रेतात्मा घरमा गृहपति (Guardian) का रुपमा बसेर खराब प्रेतात्माहरुलाई दण्डित गरी आफन्त सबैको रक्षा गर्ने बारे विश्वास गरिन्थ्यो ।
- दक्षिण अमेरिकाका मूल जाति इन्का (Inca) मा सुपाई लाई मृत्युका राजा मानिन्छ । (यो विश्वास पूर्वीय धर्मका यमराजसँग मेल खान्छ ।)
- प्राचीन चिनियाँ जातिमा शि टियन येन वाङ लाई मृत्युका राजा मानिन्छ । अर्थात् यमराज । यसैगरी छू जङ लाई दण्डका देवता मानिन्छ एवं प्रकारले लू वाङलाई नागराज अर्थात् ड्रेगन राजा (Dragon King) भनिन्छ ।
- उत्तर अमेरिकाका मूल जाति रेड इण्डियनमा अङ्गतालाई मृत्युका देवता भनिन्छ ।
- सुमेरु पर्वतलाई चिनियाँ संस्कृतिमा कून लून भनिन्छ । यस पर्वतमा विराजमान शिवलाई तुङ वाङ कुङ (राजा) र भि वाङ पु (रानी) अर्थात् पार्वतीको रुपमा लिईन्छ । शिव पार्वतीलाई विश्वमानवकै मातापिता (Universal Father Mother) मानिन्छन् । तसर्थ, पितृहरुमा सबैभन्दा श्रेष्ठ यिनै शिवशक्ति स्वरुपलाई विश्वमा मानिएको पाइन्छ ।
- बौद्ध धर्ममा मृतक एवं पितृहरुलाई सम्झना गरी पूजा, ध्यान, साधना, दान आदि गर्ने परम्परा ताजै छ । पुनर्जन्मको विश्वास बौद्ध धर्ममा अत्यन्त बलियो छ । माता पितालाई निकै गहिरो श्रद्धा गरिन्छ । भगवान बुद्धको परिनिर्वाण (मृत्यु) पछि पनि उनका सहयोगी आनन्दले बुद्ध बस्ने आसन सफा गर्ने, फूल चढाउने कार्य नियमित रुपले गरिरहन्थे । यो संस्कार मनन्योग्य छ ।
- प्राचीन समयमा क्याथोलिक ईसाइहरुमा पितृप्रति श्रद्धा गर्ने परम्परा थियो । यो परम्पराको आधार प्राचीन विश्वमा प्रचलित वैदिक संस्कृति नै थियो । इसाई संगठनमा पछि गएर पितृश्रद्धा परम्परालाई निषेध (Ban) गरियो । कालान्तरमा पितृश्रद्धा परम्परा All Souls Day हुँदै All •Saints Day नामक पर्वमा परिणत भयो । यसको कारण थियो विश्वासमा नयाँ परिवर्तन भए पनि धर्मान्तरण गरिएकाहरुमा आफ्ना पितृ प्रकट हुने

(Visitation) र मुक्तिको बाटो नपाएर भड्किएर दुःख पाइरहने हुँदा परिवर्तित आस्थाभित्र पनि पितृश्रद्धा गर्ने प्रार्थना समूहको संख्या बढ्दै गयो । अति भएपछि उक्त पितृपर्व माथिको प्रतिवन्ध सन् १९३९ मा फुकुवा गरियो । सत्यमेव जयते !

- अस्ट्रेलियाका आदिवासी (Aborgines) मा पूर्वजहरु प्रति गरिने श्रद्धालाई निकै महत्वका साथ लिईन्छ । उत्तर पुरापाषाणकाल (Paleolithic Age) का उनीहरुको कला एवं जीवनशैलीले यसबारे पुष्टि गर्दछ । उनीहरुले प्रकृतिप्रति पनि उत्तिकै श्रद्धा गरी संरक्षण गर्दछन् ।
- ओसियानाका मानिसहरुमा मृतक पूर्वजहरु नै परम्पराका रक्षक मानिन्थे । उनीहरुमा पितृपूजा को प्रचलन थियो ।

यस प्रकार विश्व संस्कृतिमा पितृपुजन एवं श्रद्धाबारे वृहत पक्षको उचित मूल्याङ्कन र वैदिक आधारको पहिचानबारे आजको सिङ्गो सनातन हिन्दू समाज अनभिज्ञ हुँदा अरुको लहै लहैमा आफूलाई पच्छौटे ठान्दछन् । यसको प्रमुख कारण संस्कृतिमा आएको विस्मृति र अज्ञानता हो । मिश्रदेशको मृतकको पुस्तक (Egyptian Book of the Dead) मूल रुपमा गरुड पुराणकै एक रुपान्तरण हो भन्ने तथ्य उपर पनि ध्यान दिई विस्मृत भएका र गराइएका संस्कृति खोज्नुपर्ने आवश्यक महसुस हुन्छ । विश्व पितृ उद्धार विज्ञानको पुनर्खोज हुनसके विश्वभरिका जाति, सभ्यता र संस्कृतिसँग सम्बन्धित पितृ र तिनका पुर्खाको सही उद्धार हुन गई समग्र धर्तीमा, शान्ति, समृद्धि र मुक्तिको आशा गर्न सकिने छ । अन्यथा विश्वमा युद्ध, अपराध र वातावरणीय असन्तुलनले यस धर्तीमा विनाशक्रम तीव्र बन्दै जाने छ । पितृमोक्षधामले विद्धान, पण्डित एवं साधकहरु उत्पादन गरी देश विदेशमा पितृ साधना एवं संस्कृतिको प्रचार प्रसार एवं सेवामा लगाउनु पर्ने देखिन्छ । यस दुर्लभ सनातन ज्ञानलाई विश्वले आत्मसाथ गरेमा समग्र मानव जातिको कल्याण सावित हुनेछ । विश्वमा तबमात्र स्थायी शान्ति स्थापित हुनेछ । साथै नेपाल पनि सम्मानित गुरुराष्ट्रका रुपमा स्थापित हुनेछ ।

## ६.४ विश्वका स्वस्थानीय संस्कृतिको विनाशक्रम

विश्वका विभिन्न स्थानमा पहिचान भएका स्थापित रहेका दिव्य शक्तिका बहुआयामिक रूपहरूको विनाशक्रम रोमका शासक कन्स्टानटाईनद्वारा प्ररम्भ गरेको प्रमाण विश्वइतिहासले

दिएको छ । पहिले स्वस्थानीय संस्कृतिद्वमा श्रद्वा गर्ने कन्स्टानटाईन इसाई मतमा दीक्षित भए पश्चात अन्य मतावलम्बीको अस्तित्व क्रमशः समाप्त पार्दै शासन प्रणालीलाई इसाईकरण गर्न सन् ३२५ प्रथम Ecumenical Council शुरु गरियो । कालान्तरमा पाँचौं Ecumenical council पछि पुनर्जन्म सम्बन्धि सबै खाले मतलाई निषेध गरिँदै लगियो ( रोसेन, १९८९ : १०)। यहाँ सम्म आईपुग्दा अन्यका धर्म, संस्कृति र विश्वासको निषेधात्मक अभियान सुरु भयो जसले राजनैतिक रूपमा सो शासनको एकात्मक पकड जमाउन थप सफलता प्रदान भयो । एवम् रितले सम्राट कन्स्टानटाईन्को शक्ति वृद्विसँगै छिमेकी राष्ट्रमा पनि आफ्नो सम्प्रभुत्व जमाउन सफल उक्त रोमन सम्राट इसाईधर्मको संरक्षक (Patron) को भूमिका खेल्दै आफू र इसाई मतलाई बलियो बनाउँदै गए । प्रथम Council को १२ वर्ष पुगेपछि सम्राटको मृत्यु हुन्छ । तर इसाई मतले हिँसात्मक (सैनिकीकरण) रूपलिई क्रमशः विश्वभरि फैलिदै जान्छ । कालान्तरमा धर्मको स्वरूप मलिन, भ्रष्ट र हिँस्रक हुँदै जाने क्रमसँग ईसाको ५०० वर्ष बितेपछि इस्लाम धर्मको आवगमन हुन्छ । ईस्लामको प्रारम्भ नै ईसाको दोस्रो आवगमन भएकाले इसाईत्वको अध्याय समाप्त भइसकेको इस्लाम धर्मको दावी छ । आपसको यो झगडाको डढेलो अहिले विश्वव्यापी भैसकेको छ । धर्मको नाममा हिंसा र अशान्तिको रूपमा वर्तमान विश्व सङ्क्रमित छ । यस्तो परिस्थितिमा शान्तिप्रिय र अहिंसावादी एवम् सम्पूर्ण विश्वप्रति सहिष्णुताको भावले हेर्ने हिन्दु (बौद्ध लगायत) धर्म संस्कृतिमा चरम रूपमा प्रतीकूल एवम् असहज परिस्थितिको उदय भएको पाइन्छ । विश्वमा प्रचलित प्राचीन आर्य सनातन धर्मका हरेक अवशेषहरूलाई विविध रूपले समाप्त पार्दै स्थानीय संस्कृतिको विश्वबाट लोप गराउने ऐतिहासिक प्रयास भै रहेको वर्तमान अवस्था छ । विश्वमा राजनैतिक ध्रुवीकरण र सैनिकीकरण सँगै हाल आएर आणविक युद्वमार्फत यो सुन्दर विश्वलाई सम्पूर्ण प्राणीसहित समाप्तिको अध्याय रचिँदै गएको बुझिन्छ । विश्वका राष्ट्रहरू यस कहालीलाग्दो युद्व र औद्योगिकरणको मार्गमा ऐक्यबद्ध भइरहेका छन् । विनाशलिलाका कारण संवेदनशील भई स्वरूप परिवर्तनद्वारा प्रकृतिले मानव सभ्यता समाप्तितर्फ लक्षण देखाउने क्रम नै मौसम परिवर्तन एक सङ्केत हो भन्न सकिने अवस्थामा आजका केही विवेकशील मानिसहरू मान्न थालिसकेका छन् । Copenhagen Conference ले यो विनाशबारे विश्वलाई सजग गराउने प्रयास पनि असफल सिद्ध भएको छ । यद्यपि यस्ता आवाजहरू अब अझै तीव्र हुँदै गएका छन् । मौसम परिवर्तन एक कृत्रिम भय हो,

हल्ला हो भन्नेहरू पनि अब त्रसित हुँदै गएका छन् । आशाको अन्तिम विकल्प स्वस्थानीय संस्कृतिको पुनर्स्थापना नै विश्वमा सही समाधान हुने सम्भावना देखिन्छ ।  समाधानको निम्ति सनातन वैदिक धर्मको पुर्नस्थापना नै अन्तिम विकल्प देखिन्छ । यस पृथ्वीको विभिन्न आयामहरूको सुरक्षा र संरक्षणमा विविध देवीदेवताको संलग्नता छ । सनातन वैदिक धर्मले नै यस मान्यताको पृष्ठपोषण गर्दछ ।

## ६.५ विश्वपरिवेशमा स्थानीय संस्कृतिको विनासपछिको अवस्था

विश्व परिवेशमा पृथ्वीका अनेक जाति, संस्कृति र सभ्यतामा पूजित एवम् संरक्षित देव पूजन संस्कृतिलाई तीव्र इसाईकरणको निहुँमा समाप्त गरियो । आफ्नो आस्थाबाहेक अन्यका देवतालाई पागन देवता (Pagan gods) भनिन्थ्यो र यसरी पूजा गर्ने गैर इसाईलाई झुठा देवताका विश्वासी (Heathens) भनी तुच्छ ठानिन्थ्यो र तिनलाई उपहास गरिन्थ्यो, यातना दिइन्थ्यो, दास बनाइन्थ्यो र पूरै जातिलाई समाप्त पारेर सभ्यताको समूल नष्ट गरिन्थ्यो । सन् १४८४ देखि १७८४ सम्ममा यूरोपका प्रकृतिवादी सम्प्रदायलाई लक्ष्यित गरी इसाईहरूले धार्मिक युद्ध (Holy war) मार्फत नब्बे लाख स्त्रीहरूलाई मारिदिएका थिए (कुमार : २४) । स्थानीय देवता पूजन संस्कृति प्रति विश्व इतिहासमा यस्ता धेरै कहालीलाग्दा घटना अनेकौं स्थानमा अनेकौं पल्टसम्म भएको छ र अझै हुने स्थिति देखिन्छ । अमेरिकाका रेड इण्डियन जाति युरोपका आदिवासी, अष्ट्रेलियाका आदिवासी, न्यूजिल्याण्डका माओरी जाति, दक्षिण अमेरिकाका इन्का, मायाँ सभ्यतादेखि लिएर दक्षिणपूर्वी राष्ट्र (भारत आदि) मा वैदिक सभ्यता नष्ट गराइएका छन् । यसको असर प्रकृतिमा पर्दछ किनकि यस्ता धार्मिक र अहिंसावादी जनसङ्ख्यालाई प्रकृतिदेखि विमुख गराइएको अवस्थामा क्रमिक रूपले प्रकृतिमा असर पुगी प्रलयचक्रको प्रवर्द्धन हुने प्रसंग पर्यावरण विज्ञानको आधारले बुझ्न सकिन्छ ।

श्रीस्वस्थानी ग्रन्थको प्रारम्भिक अवस्थामा ब्रह्मद्वारा गरिएको सृष्टिबारे वर्णन रहेको छ । समग्र भूगोल, प्राणी, प्रकृति, देवी, देवता र मुक्ष्य र सम्बन्धित सभ्यता सृष्टिको प्रारम्भमा उत्पत्ति भई चौतर्फी बिस्तार वर्तमानसम्म  अवशेष वा प्रचलनको रूपमा रहेको हुनेहुँदा दक्षिण एसियाली महाद्वीप एवं विश्वमा प्रचलित लोक संस्कृति र प्राचीन सभ्यता र संस्कृतिका जीवन्त र लोप भइसकेका प्रमाणहरू श्रीस्वस्थानी संस्कृतिको आध्यात्मिक र स्थानीय  प्रतिबिम्बका रूपमा विश्लेषण गर्न सकिन्छ ।

## सातौं अध्याय

# उपसंहार

### ७.१ सारांश

श्रीस्वस्थानी संस्कृतिको शोधकार्य मूलतः श्रीस्वस्थानी ग्रन्थको कथालाई आधार मानी गरिएको छ । श्रीस्कन्दपुराण, श्रीलिङ्गपुराण र शिवपुराणलगायत विभिन्न सन्दर्भ सामग्रीको अध्ययनका साथै श्रीस्वस्थानी व्रतको तीर्थ शाली नदीका सम्पदा र यससँग सम्बन्धित परम्परा र पर्व लगायत काठमाडौँमा केही स्थानलाई शोधको सीमा बनाई अध्ययन गरिएको छ । नेपाली समाजमा प्रचलित स्वस्थानी व्रत परम्परा, पूजा, व्रतालुहरू, पूजारी तथा सम्बन्धित विज्ञसँग लिइएको अन्तर्वार्ताका अतिरिक्त भूगर्भशास्त्र विभागका प्राध्यापक वर्गसँगको अन्तर्वार्ताको मद्दतले शोधको सामग्रीलाई पूर्णता मिलेको छ । भौतिक विज्ञानसँग सम्बन्धित सामग्रीको आधार लिई शोधलाई वर्णनात्मक र विश्लेषणात्मक (Descriptive and Analytical) प्रकृयाद्वारा सम्पन्न गरिएको छ । यस अतिरिक्त स्थलगत सर्वेक्षण (Field Survey Study) तथा अन्तर्वार्ता (Interview Method) प्रकृयाद्वारा यस भित्रका विषयवस्तुलाई प्रस्तुत गरी शोधको औचित्य परिपूर्ति भएको मान्न सकिन्छ ।

अध्याय एकमा श्रीस्वस्थानी व्रतको लक्ष्य एवं ऐतिहासिक पृष्ठभूमि उजागर गरिएको छ । दोस्रो अध्यायमा श्रीस्वस्थानी व्रतको लक्ष्य एवं ऐतिहासिक पृष्ठभूमि उजागर गरिएको छ । अध्याय तेस्रोमा नारीप्रधान व्रत संस्कृतिको विविध पक्षमाथि प्रकाश पारिएको छ । चौथो अध्यायमा स्वस्थानी संस्कृतिको विविध वैज्ञानिक पक्षबारे विश्लेषण गरिएको छ । पाँचौं अध्यायमा श्रीस्वस्थानी तीर्थसम्बन्धी प्रचलित सम्पदामाथि प्रकाश पारिएको छ । छैटौं अध्यायमा विश्वका स्थानीय देवीदेवता तथा संस्कृति बारे जानकारी प्रकाशमा ल्याइएको छ । यस प्रकार समस्याको पहिचान र उद्देश्यबारे आवश्यक विषयवस्तु उजागर गरिएको हुँदा यस शोध सामग्रीले शोधका सबै पक्षको परिपूर्ति गरेको देखिन्छ ।

## ७.२ उपसंहार

स्वस्थानी व्रत कथा नेपालमा अत्यन्त प्रचलित व्रत परम्परा हो । अन्य व्रतहरू एक दुई दिनका हुने गर्दछन् तर स्वस्थानी व्रत पूरा एक महिनासम्म चल्ने हुँदा नेपाली लोकसंस्कृतिमा यसको विशेष महत्व छ । यस व्रतपरम्परासँग ज्ञानबर्द्धक साहित्य स्वस्थानी व्रतकथा जोडिएको हुँदा यस परम्पराले लोकस्तरीय सांस्कृतिक साक्षरता पनि सँगसँगै प्रदान गरिरहेको हुन्छ । स्वस्थानी कथामा ज्ञान, विज्ञान, संस्कार, संस्कृति, इतिहास, अध्यात्म र साधना जोडिएको हुँदा यो बहुआयामिक छ, रुचिबर्द्धक छ र मौलिक पनि ।

स्वस्थानी संस्कृति मूलरूपमा मुक्तिपथ, स्थानीय संस्कृति एवं परम्परा र आदिशक्ति उपासना संस्कृतिसँग सम्बन्धित रहेको बुझिन्छ । श्रीस्वस्थानी व्रतकथामा वर्णन गरिएअनुरूप विश्वका सबै देवीदेवताहरू शिव र शक्तिबाट र ब्रह्मद्वारा अखिल ब्रह्माण्डको सृष्टि भएको कथाको प्रथम अध्यायलाई आधुनिक व्याख्याका रूपमा लिन सकिन्छ । स्वस्थानी संस्कृतिमा श्रीस्वस्थानीमाताको आराधनाको रूपमा व्रत बस्ने परम्परा नारीप्रधान उपसना पद्धति देखिन्छ । शिव मूलरूपमा स्त्री पुरुष भेदभन्दा माथि परम् आत्मारूपमा रहेको हुँदा समस्त जग्तका मालिकको रूपमा लिइन्छ । कथाको वर्णनअनुसार व्रतबस्ने पात्रहरू अधिकांश महिला नै हुन्छन् । प्रवृत्ति र निवृत्ति दुवै मार्गमा चल्ने नारीको निम्ति निर्धारित संस्कृति देखिन्छ । यस अतिरिक्त यो व्रत अनेक लोकमा सम्पन्न गर्न सकिनेबारे शास्त्रले इंगित गरेको देखिन्छ । स्वस्थानी व्रत नेपालमा मात्रै प्रचलित हुनेहुँदा नेपाली नारीहरूको मौलिक आध्यात्मिक पहिचान पनि हो । आजको हिन्दु समाजमा पाश्चात्य आधुनिकवादले खोक्रो पारिरहेको अवस्थामा हाम्रा जीवन्त चाड, पर्व, व्रत, शिक्षा, भाषाको उत्थान र बिस्तारित गर्नुपर्ने हुन्छ । हाम्रो धर्म, भाषा र संस्कृति व्यवहार र प्रचारप्रसारको विरुद्ध आज सुनियोजित ढङ्गले पाश्चात्य शक्तिद्वारा बाधा व्यवधान पुऱ्याइएको अवस्था छ । पाश्चात्य शैलीको राजनीति र शिक्षा पद्धतिका कारण हालसम्म दमन गरिएका तर्क, दर्शन, दृष्टान्तलाई व्यक्त गर्नैपर्ने स्थिति छ । विद्यालयस्तरदेखि विश्वविद्यालय स्तरसम्मको विषयहरूमध्ये सबैभन्दा दयनीय स्थितिमा रहेको संस्कृति, दर्शन, भाषा र साहित्य हो । हाम्रो भाषा, संस्कृति र साहित्य विश्वमा प्रचार हुन नसकेमा हाम्रो पहिचान, वजन र अधिकारको क्षेत्र क्रमशः विलीन हुँदै जानेछन् । अन्य भौतिक विषयमा जतिसुकै उन्नति, प्रगति गरे तापनि स्वाभिमान, प्रतिष्ठा, सच्चा मुक्ति प्राप्त हुन सक्दैन । भौतिक बन्धनबाट मुक्त भई

शान्ति, सद्भाव, समृद्धि र स्वाभिमानका लागि धर्म, संस्कृतिको उत्थान बिना सम्भव छैन । कुनै पनि राष्ट्रको उन्नति र सभ्यता सोको संस्कृतिले प्रतिबिम्बित गर्दछ । आर्थिक उन्नति मात्र विकास होइन । विकासको सही अर्थ भाषा, पोसाक, सम्पदा, संस्कार, विचार, दर्शन, धर्म र इतिहास आदि सम्पूर्ण सांस्कृतिक पूर्वाधारद्वारा निर्धारित हुन्छ । आजको समयमा कोरा पैसा अधिक कमाउनु र सम्पन्न हुनुलाई विकास भन्ने गरिन्छ । यो गलत हो । यो आयातीत संस्कार हो । प्राचीन लिच्छवीयुग सांस्कृतिक रूपले उन्नत थियो । त्यसैले आर्थिक रूपले पनि सफल थियो र नेपालकै "सुनौलो युग" को रूपमा प्रतिष्ठित हुन सक्यो जुन समयमा युरोप जङ्गली युगबाट भर्खरै उन्नतिको पथमा बामे सर्दै थियो । त्यस बेला अमेरिका जन्मेकै थिएन । ती राष्ट्रहरूले पूर्वीय सभ्यताको ज्ञान, विज्ञान र दर्शनको मद्दत लिएर भर्खरै विकासको जग हाल्दै थिए । संस्कृति र सभ्यताको दृष्टिकोणले सम्पन्न यो राष्ट्रलाई 'अविकसित' भन्दा असभ्य ठहरिने छ । भागवत, आयुर्वेद, वास्तु, पुराण, तन्त्र, स्वस्थानी, उपनिषद् आदिको शोध, अध्ययन गरी व्यावहारिक एवम् वैज्ञानिक उपयोगसहित जनसंस्कृतिमा लागु गर्न सकिएमा मानवको भौतिक एवम् दिव्य पक्षको विकास गर्न अवश्य सम्भव हुनेछ । यदि देशमा अन्तर्राष्ट्रिय स्तरकै शिक्षा, दर्शन, मनोविज्ञान, ज्ञान र विज्ञानका महाविद्यालय, विश्वविद्यालय, साधना आश्रम एवम् सांस्कृतिक प्रतिष्ठानको स्थापना गरी सांस्कृतिक शिक्षामार्फत अन्तर्राष्ट्रिय स्तरमै उन्नति गर्न धेरै समय लाग्ने छैन । नेपालका पचहत्तरै जिल्लामा एक-एक वटा स्वस्थानी साधनापीठको स्थापना गरी क्रमशः भारत हुँदै एसियाली राष्ट्रहरूमार्फत सम्पूर्ण भूगोलमा स्वस्थानी संस्कृति स्थापना गर्न सकिए नेपालको उन्नतिमा संस्कृति मार्फत योगदान पुर्‍याउन सकिने देखिन्छ ।

मानव समाज भौतिक शरीर मात्र होइन यसको महत्वपूर्ण आध्यात्मिक एवम् आत्मिक पक्षको पहिचान हुन सकेन भने विकास अधुरो र अपाङ्ग प्रमाणित हुनेछ । हतियार र युद्धमा होमिएको विश्वका मानव जातिमा विशेषगरी नारी वर्गमा स्वस्थानी व्रतको दार्शनिक र आध्यात्मिक पक्षको महान् दर्शन फैलाउन सकिएमा यो धर्ती अहिलेको भन्दा सुन्दर, सम्पन्न र दिव्य सुनिश्चित छ । नारी सशक्तीकरण स्वस्थानी संस्कृतिबाटै सम्भव छ । स्वस्थानी संस्कृतिको दर्शनअनुरूप विश्वमा लोपोन्मुख अन्य जाति या देशको संस्कृतिको वैदिक पहिचान प्राप्त गर्न सम्भव देखिन्छ ।

### ७.३ स्वस्थानी तीर्थक्षेत्रमा आवश्यक सुधारसम्बन्धी सुझावहरू

**फोहोर मैला व्यवस्थापन-** एक महिना लामो व्रत अवधिमा यस स्थलमा बाहिरबाट आउने भक्तजन तथा तीर्थालुहरूको बढ्दो चापका कारण तीर्थ क्षेत्र दिनहुँ प्रदूषित हुने स्थिति छ । तसर्थ फोहोर मैलालाई उपयुक्त ढंगले दैनिक रूपमा व्यवस्थित गर्न सकिएमा राम्रो हुने थियो ।

**पुल क्षेत्र -** शाली नदीको मुख्य तीर्थ वारी-पारीपट्टि (पूर्व पश्चिम) मूल सडक एवम् पुलमुनि खोलाको छेउछाउ बढी प्रदूषित हुँदै गएको अवस्था छ । यहाँ प्रदूषण घटाउनु पर्ने, फोहोर मैला गर्नेलाई जरिवाना गर्नुपर्ने साथै यस ऐतिहासिक स्थलमा स्वस्थानीसँग सम्बन्धित कुनै सांस्कृतिक स्तम्भ, द्वार आदि प्रतीकको कलात्मक ढङ्गले निर्माण गरी तीर्थाटन संस्कृति प्रवर्द्धन गर्नुपर्ने हुन्छ । साथै प्राचीनता झल्कने प्रकारको भौतिक संरचना यस स्थानमा निर्माण गर्नु उचित हुनेछ ।

**वृक्षारोषण -** पवित्र तीर्थ स्थल एवम् आसपासका वनजङ्गल वृक्षरहित उजाड बन्दै गएको हुँदा मनोरम एवम् धार्मिक महत्व बोकेका प्रजातिका वनस्पतिको वृक्षारोपण गनुपर्ने देखिन्छ ।

**आवास क्षेत्रको नियन्त्रण -** बढ्दो जनसङ्ख्याको कारण यस पवित्र क्षेत्रमा अनियन्त्रित आवास बढ्दै जाने क्रम छ । यस क्षेत्रलाई योजनाबद्ध रूपमा विकसित गर्न तीर्थ क्षेत्र आसपास आवास, उद्योग व्यवसाय एवम् भौतिक निर्माण माथि आवश्यक नियन्त्रण गर्नुपर्ने हुन्छ । भवन संहिता लागु गरी प्राचीन भवन, सम्पदा र स्थल निजी भए पनि भत्काउन नपाइने, सम्पदा स्थलको निश्चित दूरीसम्म खनजोत गरी प्राचीनता झल्कने स्थल बिगार्न नपाइने जस्ता नियम लागु गर्नु पर्ने हुन्छ । पुरातात्विक महत्वका वस्तु जमिनमुनि फेला परेमा सम्बन्धित निकायलाई जानकारी दिनु आवश्यक छ ।

**नदी संरक्षण -** शाली नदीमा मलमूत्र नियन्त्रण गर्न मलमूत्रको ढल यस नदीमा मिसाउन प्रतिबन्ध लगाउनुपर्छ । साथै भवन निर्माण संहितासहित यस क्षेत्र नजिकका मठ, मन्दिर, भवनसँगै अनिवार्य सेफ्टी ट्याङ्क निर्माण गर्नुपर्ने नियम लागु गर्नुपर्ने हुन्छ । भू-क्षय, नदी कटान रोक्न बाँस, सिसौ आदि वनस्पति नदी छेउछाउमा लगाउन सकिन्छ । फलफूल, जडिबूटी तथा प्रदूषण नियन्त्रक वनस्पतिको वृक्षारोपण गर्नुपर्ने हुन्छ । व्रत अवधिमा यस्ता वृक्षारोपण कार्यक्रम सञ्चालन गरी अर्थआर्जन र हरियाली पुनर्स्थापनासँगसँगै गर्न सकिन्छ । साथै नदीको मुहानसम्म प्रदूषणरहित वातावरण कायम गराउन सके अझ प्रभावकारी हुने थियो । यसका

लागि नदी आसपास भवन निर्माण गर्न नपाइने गरी उद्यान र मन्दिरहरूको विकासमा जोड दिनु पर्ने लगायत स्वस्थानी संस्कृति प्रवर्द्धन गर्ने सम्बन्धित सङ्घसंस्थालाई सहुलियत दिनुपर्ने हुन्छ । आवास एवम् बस्ती बसाल्ने कार्य नदी छेउछाउ नगर्नु उचित हुन्छ ।

**जनघनत्व -** काठमाडौं उपत्यकाको बढ्दो जनसङ्ख्यालाई पश्चिम र उत्तरतर्फ व्यवस्थित गर्न सकिने स्थिति नहुँदा स्वस्फूर्त रूपमा (भविष्यमा) जनसङ्ख्या उपत्यकाको पूर्व र दक्षिणतर्फ बढ्ने छ । तसर्थ, शखरापुर तथा शाली नदी क्षेत्र भविष्यमा बढ्दो जनसङ्ख्याको भारलाई नियन्त्रण र व्यवस्थित गर्न तथा यस क्षेत्रलाई प्राकृतिक तथा सांस्कृतिक रूपमा सुन्दर र सुरक्षित राख्न तुरुन्त योजना बनाउनु पर्ने हुन्छ । साथै आधुनिक हाउजिङ्ग तथा जग्गा प्लटिङ आदि कार्य यस क्षेत्रमा निषेधित गर्न उत्तम हुनेछ, ताकि गाउँको मौलिक मनोरम र सांस्कृतिक स्वरूप नबिग्रियोस् साथै प्राकृतिक वातावरण पनि जीवन्त रहोस् ।

**कानुनी प्रक्रिया** - नेपाल पुरातात्विक विभाग तथा शंखरापुर गा.वि.स. को आपसी सहकार्यद्वारा शाली नदी तथा शखरापुरलाई व्यवस्थित गर्न सकिनेछ ।

**पर्यटन विकृतिको नियन्त्रण** - यस क्षेत्र पर्यटकीय क्षेत्रभन्दा पनि तीर्थ क्षेत्रको रूपमा विकास गर्न सके आधुनिक विकृति र विसङ्गतिबाट जोगाउन सहज हुनेछ । पर्यटनका कारण स्थानीय समाजमा बढ्दो नकारात्मक प्रभाव जस्तै जाँड, रक्सी, माछा, मासु सेवन, लागु पदार्थ, वेश्यावृत्ति आदिप्रति सतर्क हुन आवश्यक छ । पर्यटनको विकल्पमा तीर्थाटन संस्कृति उत्तम हुनेछ ।

**प्राचीनता संरक्षण** - शंखरापुरको प्राचीनता संरक्षण गर्न भवन निर्माण संहितालाई उचित ढङ्गले लागु गर्नु पर्ने हुन्छ । यस स्थानका ऐतिहासिक भवन, मन्दिर, मूर्तिको उचित संरक्षणमा जोड दिनु पर्ने हुन्छ । पुराना घर भत्काएर नयाँ घर बनाउने बढ्दो प्रचलनलाई दुरुत्साहित गरी बनाउन परे अन्यत्रै नजिक बनाउन प्रोत्साहन गर्न सके यस गाउँको प्राचीनता जोगिन सम्भव हुनेछ । पुराना घर र सम्पदा नजिक अग्ला आधुनिक घरले सम्पदालाई कुरूप बनाउँछ ।

**उत्खनन कार्य** - शाली नदमा अवस्थित ब्रह्मनाल तथा सिढीहरू नदीमुनि बगर बालुवाले पुरिएर छोपिएका अवस्थामा छन् । पुरातात्विक दृष्टिले अत्यन्त महत्व बोकेका यस्ता संरचना स्थानीय जनता (गा.वि.स.), गुठी तथा नेपाल सरकार पुरातात्विक विभागको त्रिपक्षीय सहभागितामा उत्खनन कार्य अघि बढाउन सके यस स्थान अझ व्यवस्थित भई आकर्षक बन्ने थियो । साथै यस कार्यबाट थप पुरातात्विक विषयको जानकारी हासिल हुन गई तीर्थको महत्व वृद्धि हुने थियो ।

**यातायात** - काठमाडौंदेखि थलीहुँदै शंखरापुरसम्म यातायातलाई व्यवस्थित बनाउन ठाउँठाउँमा भएका साँघुरा बाटोलाई फराकिलो बनाउनुपर्ने देखिन्छ । एक महिने मेला अवधिभरि यातायात सुचारु हुन नसक्दा तीर्थालुहरूलाई निकै कठिनाइ भएको पाइएको छ । स्थलमार्गका दुवै छेउमा वृक्षारोपण गरिएमा यस क्षेत्रको बाटो सुन्दर बन्न सक्छ ।

**बस बिसौनी** - मेला अवधि र अन्य समयका लागि बस बिसौनी तथा पार्किङ क्षेत्र सुव्यवस्थित गर्नुपर्ने देखिन्छ ।

**शिल सदाचार** - व्रत अवधिभरि शंखरापुर क्षेत्रलाई हिंसामुक्त राख्न, काटमाररहित शाकाहारी भोजन संहिता व्यापक गर्न सके सम्पूर्ण स्थानीय जनसंख्यामा सकारात्मक प्रभाव पर्न जाने हुँदा यसबारे संहिताको प्रचलन सुरु गर्न उचित हुन्छ । स्वस्थानी व्रत अवधिभरि व्रतालुहरू शुद्ध शाकाहारी आहारमा बस्ने हुँदा सामूहिक रूपमा सबैले आहार संहिता पालना गर्दा अहिंसा शिलव्रतबाट सामूहिक लाभ मिल्न जान्छ । प्राचीनकालमा औँसी पूर्णिमा आदि तिथिमा मारकाट र मासु किनबेच हुँदैनथ्यो । बौद्ध धर्मअनुसार उपोषथ व्रत मान्ने परम्परा पनि घट्दै गएको स्थिति छ । यस अतिरिक्त जाँड रक्सी, लागुपदार्थ अदिको सेवन गर्ने अश्लील कार्यमा रहने तथा चोरी आदि आपराधिक गतिविधिमा लाग्नेहरूलाई कडा सजायको व्यवस्था हुनुपर्ने देखिन्छ ।

**सुरक्षा** - व्रत अवधिभरि आवश्यक प्रशिक्षणसहित विशेष प्रहरीको समूह व्यवस्थित गरी जनसुरक्षा प्रभावकारी बनाउन सकिनेछ ।

**बजारीकरण र प्रदूषणमा रोक-** तीर्थ क्षेत्रमा बढी व्यापारिक गतिविधि र प्रदूषणका कारण अशोभनीय परिस्थिति उदय हुने हुँदा त्यस्ता गतिविधिमा आवश्यक नियन्त्रण गर्नुपर्ने हुन्छ । साथै मेला अवधिभरि अश्लील एवं मदिराजन्य पदार्थको रोकथाम गर्नुपर्ने देखिन्छ ।

**नवपुस्तामा धार्मिक चेतना-** स्वस्थानी संस्कृति विश्वमा प्रचलित थियो तर लोपोन्मूख भएकाले आज पहिचान गर्न पनि असहज भएको छ । अबको पुस्ताले र आउने पिढीले यसको खोज गरी विश्वमा आर्य संस्कृति स्थापना गर्न पुरुषार्थ गर्नुपर्ने देखिन्छ । यसबाट मात्रै विश्वकल्याण हुनेछ । विश्वका विभिन्न क्षेत्रमा फैलिएर रहेका जातिको मुक्ति स्थानीय देवता र आफ्ना पितृ पुर्खाको उपासना बिना सम्भव छैन । विश्वयुद्धतर्फ लम्किरहेको विश्वमा अनेकौं आणविक अस्त्र सङ्ग्रहको होडबाजीमा विकसित भनाउँदा राष्ट्रहरू सिंघौरी खेलिरहेका छन् जसले स्थानीय संस्कृति, स्थानीय देवता र आदिवासी जातिदेखि पूरै विश्वलाई खरानी बनाउन तम्तयार रहेका छन् । विश्व शान्ति, वैदिक पहिचान र वर्गीय तथा जातीय मुक्तिका लागि सनातन धर्मसंस्कृतिको पहिचान र ज्ञानबिना सम्भव नरहेको हुँदा विश्वका प्रत्येक कुनाबाट आणविक निशस्त्रीकरणको पक्षमा जनमत जुट्नुपर्ने बोध आज धेरैले गरिरहेका छन् ।

**खोज गर्नुपर्ने सम्पदा-** यतिसम्म प्रष्ट रूपमा प्रमाणित भएको छ कि शास्त्रले उल्लेख गरेको जलप्रलय यथार्थमै विगतमा भएको थियो । विश्वभरि सो जलप्रलयले काठमाडौँ उपत्यकालाई पनि प्रभावित गरेको बारे आधुनिक भूगर्भविज्ञानले देखाएको छ । तर छुटेको कुरा के हो भने यहाँका महत्वपूर्ण तीर्थस्थलबारे प्राचीन वृहत् अध्ययन हुन बाँकी नै देखिन्छ । काठमाडौँ पशुपतिनाथ मन्दिरको उत्तरपूर्वमा देखिएको चट्टान (Outcrop), पनौती तीर्थस्थलमा देखिएका चट्टान र चोभार खोंचमा देखिएको चट्टान (जल विनायक मन्दिरमो जग) उपत्यकाको आधारभूत स्थल (प्राचीन) सँग सम्बन्धित सभ्यताको विकासक्रमबारे धेरै रोचक विवरण अझै खोजी हुनसक्ने देखिन्छ । सांस्कृतिक रूपमा अन्तर्सम्बन्ध रहेका यी क्षेत्रहरू भौगर्भिक रूपमा पनि एकरूपता रहेको प्रमाणित छ । भौगर्भिक दृष्टिकोणअनुसार यी तीनैवटा चट्टानको आयु एउटै छ अर्थात् चार करोड वर्ष पुरानो मानिन्छ । सम्भवतः जलप्रलय हुनुअघिको सभ्यता यही पुरानो चट्टानसँग सम्बन्धित छ । जसरी पशुपतिनाथ र अर्धकुम्भ मेला लाग्ने पनौती तीर्थ आपसमा हालसम्म पनि सांस्कृतिक रूपले सम्बन्धित छन् । भौगर्भिक अध्ययनले यी तीनै स्थानका चट्टान उपत्यकाको एउटै आधार चट्टान (basal rock) हो भन्ने मानेको छ । अर्थात् एउटै चट्टानको तह (Strata) विभिन्न स्थानमा पुरिएको स्थानमाथिबाट माथि देखापरेको (Outcrop) भनी बुझिन्छ । किम्वदन्तीअनुसार वासुकी नागले आफ्नो काया रूपान्तरण गरी चट्टानको रूप धारण गरी पनौतीलाई सुरक्षा (Geological Stability) गरेको भन्ने लोकविश्वास छ । व्यावहारिक रूपले यो प्रमाणित पनि छ । किनकि वि.सं. १९९० सालमा आएको महाविनाशकारी भूकम्पले अन्य स्थानमा (काठमाडौँलगायत) क्षति पुऱ्याए पनि पनौतीमा खासै क्षति नपुऱ्याएको प्रमाणित छ । आध्यात्मिक पक्षबाट विश्लेषण गर्दा नागले नागपाशको प्रभावबाट सम्बन्धित स्थललाई कम्पन्न, भूकम्प र भूक्षयबाट जोगाएर स्थिरता प्रदान गर्ने गरेको मान्यता छ ।

# सन्दर्भग्रन्थ सूची


अर्ज्याल, दण्डपाणी, **दश महाविद्या,** काठमाडौं : दण्डपाणी प्रतिष्ठान, २०६२।

अधिकारी, केशवप्रसाद, **ईसायतको विश्वव्यापी मायाजाल,** राष्ट्रिय शोध संस्थान ।

कौशल्यान, **जातक**, प्रयाग : हिन्दी साहित्य साहित्य सम्मेलन, २०५४।

गिरी, भरत, **दशैंको मासु**, काठमाडौं : भरत गिरी, २०६४।

घले, भद्रकुमारी, **आदिवासी तमूँ 'के',** काठमाडौं : भद्रकुमारी घले, २०६४।

गौतम, डिल्लीराज, **पूर्वीय सोच र स्रोत,** काठमाडौं : स्कूल अफ ल, २०६६।

चतुर्वेदी,ज्वालाप्रकाश **शिवपुराण,** हरिद्धार : रणधीर प्रकाशन ।

ज.ब.रा.,धन शमशेर, **कुलावर्ण-रहस्य**, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान, २०४६।

दिवस, तुलसी, **धिमाल लोकधर्म र संस्कृति**, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान २०३९।

तुलाधर, शुशीलावती, **सांस्कृतिक परिप्रेक्षमा साँखु ब्रजयोगीनी माई,** त्रि.वि. शोधपत्र : अप्रकाशित, २०४६।

निरौला, पुण्यप्रसाद, **विजयादशमी**, काठमाण्डौं, मोहन निरौला र राजेन्द्र निरौला, २०६९।

प्रधान, मुक्ति, **तीर्थस्थल पुग्ने सजिलो उपाय**, काठमाडौं : मुक्ति प्रधान, २०५७।

प्रधान, रवीन्द्रप्रसाद, **बह्मचार्य-विज्ञान,** काठमाडौं : खप्तड आश्रम प्रकाशन समिति, २०५९।

प्रसाई, दीर्घराज, , **विक्रम सम्वत्,** काठमाडौं : दिर्घराज प्रसाईं, २०६७।

प्राणपुत्र, भिक्षु, **सम्यक् सम्बोधि, विशुद्धिमार्ग,** ताइवान : द कर्परेट बडि अफ द बुद्ध एडुकेशनल फाउण्डेशन, २०५८।

वज्राचार्य, यज्ञमानपति, **बज्रयान परम्परामा योगिनीको भूमिका**, काठमाडौं : विरिञ्चि मोती स्मृति गुह्यतारा कोष, २०६६।

वशिष्ठ, गौरीशंकर, **श्रीस्वस्थानी व्रतकथा**, वाराणसी : बम्बई पुस्तक भवन ।

शर्मा, ऐश्वर्यधर, **श्रीस्वस्थानी व्रतकथा,** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान, २०४९।

शर्मा, माधवप्रसाद, **श्रीस्वस्थानी व्रतकथा,** वाराणसी : माधवप्रसाद शर्मा, ईस्वी २००८।


**लेखक नकिटिएका सन्दर्भ ग्रन्थः**

**अनन्तधारा**, काठमाडौं : ढुंगेधारा सत्सँगत भवन संरक्षण समिति, २०६८।

**किराँत साम्पाङ्ग राई मुन्दुम्,** किराँत साम्पाङ्ग राई जुम्लेखा काठमाण्डौं ।

**श्रीलिङ्गपुराण,** गोरखपुर : गीताप्रेस (ईस्वी २०११)।

**श्रीस्कन्दपुराण,** गोरखपुर : गीताप्रेस (ईस्वी २०१०)।

**Dictionary of Mythology** Britain : Reed International Press (1994).


**अंग्रेजी भाषाका सन्दर्भ ग्रन्थः**

Barrett, Clive, **The Egyptian Gods & Goddess**, Diamond Books, 1991.

Copra, Fritjof, **The Way of Physics,** 1974.

Cowell, E.B.**,** **The Jatak ,** The Pali Text society, 1975.

Crosby, Alfred W., **Ecological Imperialism,** USA : Cambridge University Press 2000.

Daing, **Chittanupassana and Vedananypassana**, Rangoon Daw San Yee, 1970.

Denning & Phillips, **Planetary Magick,** USA : Llewellyn Publications, 1989.

Forbes, P.William

Chaube, V.K, **The Glory of Nepal**, Kathmandu : Pilgrims Publishing, 2000.

Gleason, Judith, **Oya, In praise of African Goddess**, USA Harper Collins, 1992.

Gruzinski, Serge **The Aztecs, Rise and Fall of an Empire**, New York, Thames and Hudson, 1992

Hawking, Stephen **A Briefer History of Time**, Germany Bantam Press, 2005.

Miller, lee, **From the Heart,** New York : Vintage Book(1995)

Miller, Richard Allan **The Magical and Ritual use of perfumes** Rocherster, Destiny Books, 1990.

Mumuckhananda

Swami, **Great Women of India**, Calcutta : Sri Sarada Math (1993).

Piggot, Juliet **Japanese Mythology**, Newnes Books (1982)

Rosen, Steven, **Krsna Consciousness and Chistianity,** ISKON (1989).

Seznec, Jean, **The Survival of the Pagan Gods,** New York : Harper Torchbooks 1961.

Walters, Derek, **Mythology**, Great Britain : The Aquarain Press (1992).

Waters, Frank, **Mexico Mystique**, Swallow Press/Ohio University Press Book 1902.

Yogiraj,

Swami Maharaja, **The Buddha-Mimansa** India : Sri Satgura Publication, 1982.

## परिशिष्ट -१

| उद्देश्य | उत्तरदाता | प्रश्नहरू |
|---|---|---|
| १. स्वस्थानी कथाको ऐतिहासिक पृष्ठभूमि बारे जनविश्वास बुझ्न । | तीर्थालु | १. धार्मिक ग्रन्थमा उल्लेखित प्रसङ्गहरू सत्य हुन भन्ने विश्वास गर्न सकिने पर्याप्त स्थिति कत्तिको छ ?<br>२. पुराण शास्त्रहरू प्राचीन इतिहास हुन वा कल्पित हुन ?<br>३. अति प्राचीन इतिहास को परम्परा हाल सम्म जीवित रहन सक्ने स्थिति कसरी भयो होला ?<br>४. इतिहासलाई बचाईराख्ने पूर्वाधारहरू के हुन सक्लान् ?<br>५. देव - असुरको अस्थित्व कसरी उत्पन्न भयो होला ? |
| २. स्वस्थानी व्रतको प्रयोगात्मक पक्ष वैज्ञानिक भए नभएको बारे धारणा प्राप्त गर्न । | व्रतालु तथा विद्यार्थी | १. स्वस्थानी व्रत हालसम्म कति पल्ट बस्नुभयो ?<br>२. व्रत बस्दा स्वास्थ्यमा के कस्ता असल परिवर्तन आएको छ ?<br>३. व्रत बस्दा स्वास्थ्यमा खराब लक्षण देखा परेको स्थिति छ या छैन । यदि भएमा के-कस्तो होला ?<br>४. खाली खुट्टा हिड्दा मन र शरीर लाई के कस्तो लाभ पुगेको छ ?<br>५. एक छाक खाएर व्रत बस्दा अन्य दिनको तुलनामा के कस्तो अन्तर आएको छ ?<br>६. दैनिक बस्नाले के लाभ मिलेको छ ?<br>७. स्वस्थानी व्रत वैज्ञानिक छ भन्ने आधार के कति होलान् ? |

| | | |
|---|---|---|
| ३. स्वस्थानी व्रतको अध्यात्मिक पक्षबारे विश्लेषण गर्न | व्रतालु | १. व्रत बस्दा मानसिक स्थिति मा के कस्तो अनुभव हुने गर्दछ ?<br>२. व्रत अवधिमा विशेष शक्तिको जागरण हुन्छ /हुँदैन ?<br>३. व्रतका कारण विशेष प्रकारका अध्यात्मिक रहस्य कत्तिको खुल्ने गर्दछ ? |
| ४. स्वस्थानी व्रतका कारण व्यावहारिक उपलब्धिबारे पहिचान गर्न | व्रतालु | १. व्रत बसेको हुनाले जीवनमा के कस्ता परिवर्तन आउने गर्दछन् ?<br>२. व्रतको प्रभावले घर-परिवार र छरछिमेकमा सम्बन्ध कस्तो हुँदै जाने गर्दछ ?<br>३. व्रतालु हरू एक आपसमा कति मिलनसार छन् ? |
| ५. शाली नदी क्षेत्रलई स्वस्थानी तीर्थको रूपमा विकसित गर्न उपायहरूको खोजी गर्न । | तीर्थालू तथा व्रतालु दुवै | १. शाली नदीमा प्रदूषण कम गराउन के कस्ता उपाय अवलम्बन गर्नुपर्ला?<br>२. कुन क्षेत्र कस्तो अवस्थामा बढी प्रदूषित हुने गर्दछन् ?<br>३. तीर्थ क्षेत्रमा हुने गर्दा उत्पन्न लाभ हानी सम्बन्धि पक्षहरू के होलान ?<br>४. शाली नदी आउँदा जाँदा यातायातमा के कस्ता सुविधा असुविधा महसुस हुने गर्दछ ? असुविधाको समाधान के हुन सक्ला ? गाडी, मोटरसाईकल पार्कीङ्ग अझ व्यवस्थित गर्न के गर्नु पर्ला ? |

# परिशिष्ट २

## अथ श्रीस्वस्थानी व्रत - कथा मूल प्रारम्भः

कैलासशिखरे रम्ये नानाधातुप्रशोभिते ।
कल्पवृक्षोद्यानयुक्ते कामधेनुविराजिते ।। १ ।।
चिन्तामण्यादिसंयुक्ते चाष्टसिद्धिसमन्विते ।
सुखासीनं जगन्नाथं ज्ञानमुद्रायुतं शिवम् ।। २ ।।
ब्रह्मेन्द्रविष्णुभिर्वन्द्यं सौम्यरूपधरं पतिम् ।
प्रणम्य शिरसाऽपृच्छत् पार्वती परमेश्वरी ।। ३ ।।

श्रीपार्वत्युवाच–

भक्तवत्सल सर्वज्ञ देव - देव जगत्पते ।
ब्रूहि मे परमेशान व्रतं त्रैलोक्यदुर्लभम् ।। ४ ।।
को धर्मः सर्वधर्माणां भवतः परमो मतः ।
सुराऽसुरास्तथा नागा महाचार्यास्तथा सुराः ।। ५ ।।
भ्रातरो विविधाः सन्ति तथान्ये विविधाः नराः ।
यद्वैधव्यहरं पुण्यं स्वस्थानस्थितिहेतुकम् ।। ६ ।।

श्रीमहादेव उवाच–

साधु साधु महादेवि यत्वयाऽहं प्रबोधितः ।
संक्षेपेण प्रवक्ष्यामि बह्वर्थं व्रतमुत्तमम् ।। ७ ।।
माघस्य पूर्णिमायां तु स्वस्थानीव्रतमाचरेत् ।
आवयोः पूजयेत्तत्र प्रतिमां मण्डले शुभे ।। ८ ।।
चन्दनाक्षतपुष्पादि गृहीत्वा ध्यानमाचरेत् ।
सुवर्णवर्णदीप्ताभां त्रिनेत्रां कमलाऽऽननाम् ।। ९ ।।

सिंहासनसमासीनां सर्वालङ्कारभूषिताम् ।
निलोत्पलाऽभयां वामे दक्षिणे वरदाऽभयाम् ॥ १० ॥

खड्गचर्मधरां चोर्ध्वं वामदक्षिणयोः क्रमात् ।
चतुर्भुजां च मां तत्र पूजयेत् वृषकेतुनाम् ॥ ११ ॥

नीलोत्पलाभये वामे वरशूले च दक्षिणे ।
एवं ध्यात्वा महादेवीमर्घ्यं चाऽथ प्रदापयेत् ॥ १२ ॥

अष्टोत्तरशतैः पुष्पैः फलधूपान्नचन्दनैः ।
पूजयेद् वै महादेवौ जगतः परमेश्वरौ ॥ १३ ॥

ततो गोधूमचूर्णेन सतिलेन गुडेन च ।
गर्भं कृत्वा तु पक्तव्यं सर्पिषाऽष्टोत्तरं शतम् ॥ १४ ॥

पूपकं परमेशानि तद्वै भक्त्या निवेदयेत् ।
ततोऽष्टपूपं संगृह्य शुक्लवस्त्रेण वेष्टयेत् ।
पीतवस्त्रेण सम्बध्य पूजयेत् पतिबुद्धिना ॥ १५ ॥

पत्ये दद्यात् भक्षणार्थं वा दद्यात् मित्रपुत्रयोः ।
एतान् न लभते या तु सा नद्यां वाहयेद् मुदा ॥ १६ ॥

प्रदक्षिणीकृत्य ततः आवां वै श्रद्धयाऽन्विताः ।
ब्राह्मणान् भोजयित्वा तु दक्षिणां च प्रदापयेत् ॥ १७ ॥

स्वयं शतं तु भोक्तव्यं रात्रौ जागरणं चरेत् ।
ततो विसर्जनं कृत्वा जले तन्मण्डलं क्षिपेत् ॥ १८ ॥

वर्षे वर्षे व्रतं कुर्यात् स्वस्थानीनामकं शुभम् ।
एतद्व्रतफलैर्देवि संख्यातुं नैव शक्यते ॥ १९ ॥

गोशतं च सहस्रञ्च परिष्कार - विभूषितम् ।
कन्यादानान्नदानानां वाजिवारण - कोटिशः ।। २० ।।

वस्त्र - रत्नमहादानं तिल - काञ्चनमेव च ।
राजसूयाश्वमेधाभ्यां यत्फलं समवाप्यते ।। २१ ।।

तत्सर्वं समवाप्नोति व्रतेनाऽनेन सुन्दरि !
व्रतानां च शिरोरत्नं स्त्रीणां चैव विशेषतः ।। २२ ।।

त्रिवर्गं तु समालभ्य प्राप्यते परमागतिः ।
इत्येतत् कथितं देवि किमन्यत् श्रोतुमिच्छसि ।। २३ ।।

श्रीपार्वत्युवाच-

तत्कथां श्रोतुमिच्छामि सर्वचेतोरमां शुभाम् ।
कथयस्व महादेव यदि योग्याऽस्ति मे प्रभो ।। २४ ।।

श्रीमहादेव उवाच-

साधु देवी त्वया दत्तं तत्कथा - श्रवणे मनः ।
तव प्रीत्यै प्रवक्ष्यामि सावधानतया श्रृणु ।। २५ ।।
पुराऽऽसीद् ब्रह्मपुर्यां वै शिवभट्टो महातपाः ।
षट्कर्मनिरतो विप्रः सर्वशास्त्रार्थपारगः ।। २६ ।।
पूर्वजन्मविपाकेन नाऽलभेत् सन्ततिं द्विजः ।
तस्य पत्नी सती नाम्नी नित्यं या पतिदेवता ।। २७ ।।
विषण्णा ह्यतिदुःखेन पृच्छति ब्राह्मणी पतिम् ।
आजन्मपापिनी काऽहं न जाने किं मया कृतम् ।। २८ ।।

पुत्रः पुत्री न मे किञ्चित् वृथा जन्म गतं मम ।
भार्यावचनमाकर्ण्य पतिः स्वस्थ्यं जगाद ह ।। २९ ।।

एतस्मिन्नन्तरे काले जायापत्योः किलाऽग्रतः ।
तयोः पुण्यप्रभावेण तत्रैका गौः समागता ।। ३० ।।

गवां तयोरग्रतस्तु गोमयं वै ससर्ज ह ।
समुत्पन्ना ततो दृष्टा कन्या रूपवती शुभा ।। ३१ ।।

सर्वलक्षण संयुक्ताऽपत्यत्वङ्गीकृता च सा ।
धनधान्यादिसम्पूर्णा लक्ष्मीवत् प्राप्य तां द्विजः ।। ३२ ।।

चकार शङ्ख- वाद्यादि- मृदङ्गाह्लादमुत्सवम् ।
ददौ नाम यथान्यायं गोमया भट्टिनीति सः ।। ३३ ।।

अनेकपुण्यकर्माणि श्रद्धया स चकार ह ।
प्रत्यहं वद्र्धते कन्या शुक्लपक्षे यथा शशि ।। ३४ ।।

तत् पुण्यधर्षिताः सर्वे त्रस्ताः शक्रादयः सुराः ।
कैलाशं तु समागम्य मां सर्वं ज्ञाप्य तत्वतः ।
अभयं च मया दत्तं गच्छ शक्र यथासुखम् ।। ३५ ।।

शक्र स्वस्थानमायातो मयाऽज्ञप्तो विचक्षणः ।
तत्कालेऽहं महादेवि ! बभ्राम भूमिमण्डले ।। ३६ ।।

कपालिवेशो भिक्षार्थं तद् - द्विजद्वारमागतः ।
डमरूम् वादयित्वा तु ययाचे विप्रमन्दिरे ।। ३७ ।।

एतस्मिन्नन्तरे काले सा कन्या गर्वगौरवात् ।
तच्च वाद्यं न शुश्राव कुसुमैः क्रीडती स्थिता ।। ३८ ।।

श्रुत्वा माता तु तच्छब्दं शीघ्रं कन्या जगाद ह।
दीयतां तत्करे पुत्री ! राशिरन्नस्य विद्यते॥ ३९॥

मातुर्वचनमाकर्ण्य भिक्षां धृत्वाऽग्रतो गता।
भिक्षुरूपः क्रोधयुक्तः शापं तस्यै ददौ तदा॥ ४०॥

भिक्षुरुवाच–

त्वद्भिक्षां नैव गृह्णामि श्रृणु ब्राह्मणकन्यके !
अशीति वयसा वृद्धः पतिस्तव भविष्यति॥ ४१॥

इति शापं ततः श्रुत्वा रुरोदातीव विह्वला।
धीमती जननी कन्यां सान्त्वयामास यत्नतः॥ ४२॥

कालेनाऽल्पेन सा देवी गोमयोद्भवसुन्दरी।
गोमयेति च विख्याताऽभवत् वा दशवार्षिकी॥ ४३॥

पतिं योग्यतरं तस्यै गतो मार्गयितुं पिता।
द्विजो जामातृयोग्यो हि न प्राप्तः शिवशर्मणा॥ ४४॥

विश्रान्तः स्वगृहं प्राप्य शिवशर्मा सुदुःखितः।
भिक्षुकस्य तु शापेन दैवेन प्रतिपादितः॥ ४५॥

ब्राह्मणोऽतीव वृद्धश्च कन्यां याचितुमागतः।
जटालम्बितदीर्घाङ्गः कम्पितश्चातिदुर्बलः॥ ४६॥

कुब्जः कुवेशो बधिरः पश्चिमे वयसि स्थितः।
अन्यद्विजस्याऽलाभेन तस्य शापभयेन च॥ ४७॥

पूर्वशापं चाऽनुस्मृत्य तस्मै दुहितरं ददौ।
कन्यादानं चकाराऽसौ शुभलग्ने शुभे दिने॥ ४८॥

ततस्तु शिवभट्टेन पालितो दुहितु पतिः।
कालेन ज्वरपीडार्तो शिवशर्मा दिवं ययौ॥ ४९॥
तत्पत्नी पतिना साद्‌र्धं सतीत्वं च समागता।
गोमया चातिः दुःखार्ता पतिना सह तिष्ठति॥ ५०॥
क्लेशैर्युतानिमलिना भोक्तुं पातुं न विन्दति।
तस्यां तु गर्भः संजातो हर्षशोकविवद्‌र्धनः॥ ५१॥
सीमन्तोन्नयनं कृत्वा विप्रः पुंसवनादिकम्।
एकमासावधिं कृत्वा भिक्षार्थं वृद्धब्राह्मणः॥ ५२॥
पत्नी प्रबोधयित्वा तु ततो देशान्तरं गतः।
सशीतज्वरपीडार्तो ममाराऽरण्यके द्विजः॥ ५३॥
गोमया ब्रह्मणी सा च निर्जने निजमन्दिरे।
स्थित्वा ग्राम्यजनेनैव पालिता पतिदेवता॥ ५४॥
गोमया दशमे मासि सुषुवे तनयं शुभम्।
द्विजश्रेष्ठैस्तस्य नाम नवराजेति कीर्तितम्॥ ५५॥
याचिताऽन्नेन सा माता कारयामास सत्तमैः।
चूडा - व्रत - विवाहादि - सर्वकर्माणि तस्य वै॥ ५६॥
यौवनोद्‌भेदवयसि नवराजो द्विजोत्तमः।
वसन् गृहेऽतिदुःखेन संयुतो मातृवत्सलः॥ ५७॥
मातरं परिपप्रच्छ षोडशाब्दोऽतिसाहसी।
भोऽम्ब तातोऽस्ति क्व गतः सत्यं कथय मा मृषा॥ ५८॥
इति पुत्रवचः श्रुत्वा सा माता रूदती सती।
जगाद वचनं पुत्रं भर्तुश्चरितसंयुतम्॥ ५९॥

त्वयि गर्भस्थिते पुत्र ! तातस्ते भिक्षितुं गतः ।
क्व तिष्ठति न जानामि जीवितो वा मृतोऽथवा ॥ ६० ॥

इति मातृवचः श्रुत्वा नवराजोऽतिधार्मिकः ।
अम्बामाश्वासयामास हेतुभिः शास्त्रबोधितैः ॥ ६१ ॥

पित्र्युद्देशे गमिष्यामि तवाऽनुज्ञां विधाय च ।
पुत्रस्य परमो धर्मः पितृसेवाऽपरो न हि ॥ ६२ ॥

जीविते वाक्यकरणात् क्षयाहे भूरिभोजनात् ।
गयायां पिण्डदानाच्च त्रिभिः पुत्रस्य पुत्रता ॥ ६३ ॥

एवं प्रबोध्य जननीमनुज्ञां प्राप्य स द्विजः !
प्रबोध्य युवती भार्या पाथेयं परिगृह्य च ॥ ६४ ॥

यात्रां तु विधिना कृत्वा ततो देशान्तरं गतः ।
ग्रामाद्ग्रामान्तरं गच्छन् तातमन्वेषयन् द्विजः ॥ ६५ ॥

सुश्राव स ग्राम्यमुखात् निश्चितं पितरं मृतम् ।
रूरोदातीव दुःखार्तो हा तात ! जनकेति वै ॥ ६६ ॥

गंगातीरं ततो गत्वा चक्रे श्राद्धं विधानतः ।
अथ स्नुषा गोमयाया दुःखात् पितृगृहं गता ॥ ६७ ॥

तदा स गोमयोद्भूता ग्रामं तत् त्यज्य लज्जया ।
वस्त्रहीनाऽतिमलिना नदीनिकटवासिनी ॥ ६८ ॥

एरण्डपादपाकीर्णे तृणकुट्यन्तरे स्थिता ।
कोद्रवान्नं सदा भुक्त्वा सूत्रकर्तनकर्मतः ॥ ६९ ॥

कर्मणा सातिदुःखेन साध्वी कालं न्यवर्तयत् ।
यदा कैलासशिखरे लक्ष्मी देवी सरस्वती ॥ ७० ॥
सर्वदेवगणैर्युक्तश्चक्रुस्तद् व्रतमुमत्तम् ।
तदा मर्त्योपदेशार्थं स्वाश्रमात् नारदो मुनिः ॥ ७१ ॥
आगतस्ताभिराज्ञप्तो गच्छ लोकहिताय वै ।
एतद्यथा मर्त्यलोके सञ्चारि स्यात् तथा कुरू ॥ ७२ ॥
इत्याज्ञां स मुनिः प्राप्तो गतवान् मर्त्यविष्टपम् ।
पृथ्वीमण्डलमध्येऽथ दरिद्रः को भवेदिति ॥ ७३ ॥
चिन्तयामास तत्त्वज्ञः परोपकरणप्रियः ।
गोपालं परिपप्रच्छ को दरिद्रः क ईश्वरः ॥ ७४ ॥
गोपालस्तु ततो वाक्यमुवाच प्रान्तरे स्थितः ।
दुःखिनीनां न काऽप्यस्ति गोमयाया परा भुवि ॥ ७५ ॥
गोपालवचनं श्रुत्वा गतस्तत्सन्निधौ मुनिः ।
ब्राह्मणीमाह्वयामास द्वारि स्थित्वा पुनः पुनः ॥ ७६ ॥
धर्मोपदेशं श्रृण्वन्ति स्वस्थानी - व्रतमुत्तमम् ।
यथाविधानं वक्ष्यामि गोमये तद् व्रतं कुरू ॥ ७७ ॥
इत्युक्त्वा नारदो धीमानुवाच सकलं विधिम् ।
ततः साऽऽनन्दसंयुक्ता प्रणम्य मुनिसत्तमम् ॥ ७८ ॥
तस्मै पीठासनं दत्वा संवेश्य च गृहान्तरम् ।
आतिथ्य तस्य वै कर्तुं मनसा परिचिन्त्य सा ॥ ७९ ॥
गृहे च नास्ति मे किञ्चित् किंकरोमीति दुःखिता ।
कर्तितं सूत्रमादाय ताम्बूलार्थं जगाम ह ॥ ८० ॥

ताम्बूलं पूगसहितं गृहीत्वा गृहमागता ।
तावदेव गृहे तस्या निधिं दत्वा गतो मुनिः ।। ८१ ।।

ब्राह्मणी गृहमायाता न ददर्श मुनिश्वरम् ।
गृहसम्मार्जनं चक्रे विषादेन युता सती ।। ८२ ।।

भद्रपीठं समुत्थाप्य तत्र दृष्टो निधिस्ततः ।
व्रतोपदेशमात्रं वै नाऽयं दातुं मुनीश्वरः ।। ८३ ।।

धर्मव्याजैर्निधिमपि मह्यं दातुं समागतः ।
इत्यानन्देन मनसा जग्राह निधिमुत्तमम् ।। ८४ ।।

ततः सा तद् व्रतं चक्रे मुनिनाऽभिहितं यथा ।
पूपाष्टकं तु संस्थाप्य पुत्रागमनकांक्षया ।। ८५ ।।

स्वयं शतं सा बुभुजे सिताक्षीरघृतैर्युतम् ।
तद् व्रतस्य प्रभावेण रात्रौ तत्पुत्र आगतः ।। ८६ ।।

आशीर्भिरर्चयामास सूनुनाऽसौ नमस्कृता ।
तत् प्रसाद स पुत्राय ददौ सा गोमयोद्भवा ।। ८७ ।।

दत्तं पूपं स बुभुजे सिताक्षीरघृतैर्युतम् ।
परस्परकथां कृत्वा ह्युभाभ्यां गमिता निशा ।। ८८ ।।

प्रातस्ततः सा जननी नवराजमुवाच ह ।
गङ्गातीरं हि गत्वा त्वं स्नानं कुरु च पुत्रक ।
ततो विश्वेश्वरं देवं ध्यानेन परिचिन्तय ।। ८९ ।।

इति मातृवचश्रुत्वा कृतगङ्गाप्लवो द्विजः ।
कृत्वा वैश्वेश्वरीं पूजां महास्तोत्रमुवाच ह ।। ९० ।।

यं वै वेदो वेद नो नैव विष्णुर्यं वा वेधा नर्षयो नैव वाणी ।
तं देवेशं मादृशःकोऽल्पबुद्धिर्याथार्थ्याद् वै वेत्यहो विश्वनाथम् ।।९१।।

श्रुत्वा स्तोत्रमिदं तुष्टो जगाद परमेश्वरः ।
कालान्तरे च ते राज्यं नवराज भविष्यति ।।९२।।

इत्युक्त्वा गोमयासूनुमन्तर्धानं गतः शिवः ।
ब्राह्मणोऽपि वरं प्राप्य जगाम स्वनिकेतनम् ।।९३।।

एतस्मिन्नन्तरे काले लावण्याख्यपुरीश्वरः ।
मृतः कालवशेनैव राजा पुत्रादिवर्जितः ।।९४।।

तस्मिन् देशे गजेन्द्रेण कश्चिद्राजा विधीयते ।
इति श्रुत्वा देशदेशादागता लोकपंक्तयः ।।९५।।

वस्त्रालङ्कार सम्पूर्णा नाना शोभासमन्विताः ।
स्थिता लावण्यपथ्यासु राज्यलोभेन वै नराः ।।९६।।

गोमया साऽपि लोभेन सपुत्रा स्वगृहाद्ययौ ।
सपुत्रा लज्जया सा वै सन्तस्थौ गृहकोणतः ।।९७।।

सजलं स्वर्णकुम्भं च गृहीत्वा राजमार्गतः ।
तेषु आगतो तिष्ठत्सु गजेन्द्रऽन्वेषयन् नरान् ।।९८।।

गृहकोणगतः सा वै नवराजः समातृकः ।
स्नापितस्तज्जलेनैव स्वस्कन्धे स्थापितस्तदा ।।९९।।

राजगृहं स नीतश्च दोलया तत् प्रसारपि ।
पुरोहितादयश्चक्रुः सर्वे तस्याऽभिषेचनम् ।।१००।।

वीणा - मृदंग - पटह - शंख - दुन्दुभि - निःस्वनैः ।
हर्षनृत्यादिसंयुक्तै र्गीतैस्ताल समन्वितैः ।।१०१।।

लाजा पुष्पादिसिन्दूरैर्युक्तं प्राप्य महोत्सवम् ।
नवराजोऽतीव हृष्टः सिंहासनगतः प्रभुः ।।१०२।।

ब्राह्मणान् पूजयामास भक्त्याऽऽशीर्वाद बालकान् ।
अन्यानुत्सवसंलग्नात् दत्वाऽन्ते पारितोषिकान् ।।१०३।।

मातरं परिपप्रच्छ प्रिया मे क्व गतेति वै ।
स्वस्थानीं सा न जानाति सर्वदुःखविनाशिनीम् ।।१०४।।

त्वत्प्रसादेन भूपोऽहं जातो वै त्वत् - प्रभावतः ।
महद्दुःखं त्वया प्राप्तमित्युक्त्वा मातरं प्रति ।।१०५।।

प्रिया वै प्रेषयद् दोलां गतास्तस्याऽज्ञया जनाः ।
ददृशुस्तां स्त्रियं ते वै नदीतीरनिवासिनीम् ।।१०६।।

ततो पृच्छन् हि का त्वं भो नवराजप्रिया कुतः ।
तैः पृष्टा सा चारूनेत्रा कथयामास भारिकान् ।।१०७।।

पत्न्यहं नवराजस्य परमप्रीतिदायिनी ।
गोमया पतिमाता च गच्छामि यत्र मत्प्रभुः ।।१०८।।

तस्यास्तद्वचनं श्रुत्वा भटास्ते हर्षसंयुताः ।
दोलायां स्थापयित्वा तां प्रेषयामासुरादृता ।।१०९।।

तैर्भारवाहकैः सर्वैर्दोला नीता नदीतटे ।
अप्सरोभिः कृतं तत्र तद्दृशुस्तैर्व्रतोत्तमम् ।।११०।।

तद् दृष्ट्वा भारिका सर्वे तामाश्वास्य गतास्ततः ।
यत्राऽप्सरोगणैः सर्वैः स्वस्थानीव्रतमादृतम् ।।१११।।

भारिका ऊचुः –

भो भो देव्यः किमेतद्वै क्रियते व्रतमुत्तमम्।

अप्सरसः ऊचुः –

स्वस्थानीव्रतमेतद्धि सर्वकामफलप्रदम् ॥११२॥
एतद् - व्रतप्रभावेण स्वर्गलोके महीयते।
इति श्रुत्वा भारीकास्ते पुष्पादीनि प्रयाच्य वै ॥११३॥
अप्सरोभिः सहैवात्र स्वस्थान्याश्चक्रिरे व्रतम्।
पुनस्तत्र समायाता यत्र सा भोगिनी स्थिता ॥११४॥
ततोऽतीव प्रक्रुद्धाऽऽसीद् विलम्बेन च सा प्रिये।
सपूपतिलकान् दृष्ट्वा भारवाहान् मुदान्वितान् ॥११५॥
सपुष्पफलहस्ताब्जानाह तान् पापिनी वधूः।
भारवाहा ! विलम्बो हि युष्माभिः क्रियते कुतः ॥११६॥
इति श्रुत्वा भारवाहा विज्ञप्तिं चक्रिरे मुदा।
अप्सरोभिः कृतं चैव नानाकामप्रदं शुभम् ॥११७॥
स्वस्थान्या च व्रतं दृष्ट्वा नः श्रद्धा समजायत।
फलाभिलाषिभिश्चैव ह्यस्माभिरपि तत्कृतम् ॥११८॥
भवदर्थं पुष्पफलं समानीतं गृहाण भो!
एतत् श्रुत्वा वाहवाक्यं क्रुद्धाऽतीवावदऽत्तदा ॥११९॥
स्वस्थानी का मयाऽद्यापि लोके वेदे न च श्रुता।
इति वज्रसमं वाक्यमुक्त्वा सा पापिनी तदा ॥१२०॥
तद्धस्त - पुष्प - फलयोश्चक्रे सा क्षेपणं रूषा।
तस्यास्तत्कर्मदोलायां दृष्ट्वा संस्थाप्य पापिनीम् ॥१२१॥

निन्युर्मार्गेण त्वरया भारवाहा भयान्विताः।
अथ तत्र समायातादोलायां सुजला नदी॥१२२॥
ते तां हि पापिनीं निन्युर्नदी तर्तुं यदा प्रिय।
तदा प्रलयवन्मेघा गर्जनं चक्रिरेऽप्रदा॥१२३॥
पपात वातवेगेन नीतो नद्यां तु पापिनी।
साऽदृष्टा पापिनी जाता गलत्कुष्ठेन संयुता॥१२४॥
तद्व्रतस्य प्रभावेण वाहकास्ते दिवं गताः।
तत्पापिनीस्पर्शभीत्या जलं पातालमाश्रितम्॥१२५॥
संकटं कर्दमे तत्र दृश्यते पथिकैः सदा।
तत्र द्वादशवर्षाणि कर्दमे पापिनी स्थिता॥१२३॥
ततो वंशादिभिस्तद्धि शोधितं कर्दमं जनैः।
तदा वंसाग्रसंलग्ना प्रोत्प्लुत्य पापिनी गता॥१२७॥
कुशस्थाने च पतिता संकटैर्दैवयोगतः।
सर्वदा सा ज्वलद्वह्निज्वालया परिपीडिता॥१२८॥
ततः स नवराजो हि मातरं प्रति चोक्तवान्।
राज्यलक्ष्मींश्च सम्प्राप्ता मातुः तव प्रसादतः॥१२९॥
सर्वदानं करिष्येऽहं ब्राह्मणेभ्यश्च श्रद्धया।
इत्युक्त्वा देशदेशाच्च ब्राह्मणाः सन्निमन्त्रिताः॥१३०॥
कपिलः शिष्यसंयुक्तस्तमुद्दिश्य जगाम सः।
ते नाऽसौ तन्नदी तीरे सा दृष्टा पापनी तदा॥१३१॥
मुनिना परिपृष्टा सा दग्धकाष्ठाकृतिर्वधूः।
किं कुलं केन पापेन चेदृशी ते दशाऽधुना॥१३२॥

मुनेस्तद्ववनं श्रुत्वा पापिनी वाक्यमब्रवीत् ।
जात्याऽहं ब्राह्मणी विप्र ! ह्यवस्था व्रतनिन्दया ॥१३३॥
क्षुधा मां बाधते विद्वन् भुक्तशेषमिहाऽनय !
तेनैव मे क्षुधा शान्तिरित्येवं प्रार्थयाम्यहम् ॥१३४॥
ओमित्युक्त्वा गतो विप्रो नवराजनिवेशनम् ।
तत्रभुक्त्वा महद्भोज्यं दानादि प्राप्य वै ततः ॥१३५॥
सर्वे द्विजा गता गेहान् स्वान्स्वानेव मुदान्विताः ।
मुनिना याचितुं नैव शक्यते लज्जया तदा ॥१३६॥
इतस्ततो भ्रमन् विप्रो नवराज - नृपाङ्गणे ।
मात्रा नृपस्य दृष्टः सस्ततो जिज्ञासितो द्विजः ॥१३७॥
नृपमात्रा मुनिः पृष्टो किं कार्यं भवतस्त्विह ।
तेन चोक्तं परार्थं च याच्यते भोज्यमात्रकम् ॥१३८॥
भाण्डारिका इति श्रुत्वा दातुं भाण्डगृहं ययुः ।
पक्वान्नादि प्रपूर्णं तद् - व्रतनिन्दा प्रभावतः ॥१३९॥
रिक्तं भाण्डगृहं जातं सर्वे दृष्टा हि सत्रपाः ।
नृपमात्रे परावृत्य तेऽवदन् सर्वमेव हि ॥१४०॥
सोवाच तद्वचः श्रुत्वा दीयतां भोज्यमात्रकम् ।
तस्यस्तद्वचनं श्रुत्वा कृतवन्तस्तथैव हि ॥१४१॥
नूतने मृण्मये भाण्डे कृत्वा भोज्यं त्वरान्विताः ।
मुनिर्गतश्च पापेन युक्ता सा यत्र तिष्ठति ॥१४२॥
दत्वा तदोदनं तस्यै द्विजस्तु स्वगृहं ययौ ।
कस्मिंश्चित् दिवसे तत्र तस्या भाग्योदयेन च ॥१४३॥

मुनेस्तद्ववनं श्रुत्वा पापिनी वाक्यमब्रवीत् ।
जात्याऽहं ब्राह्मणी विप्र ! ह्यवस्था व्रतनिन्दया ।।१३३।।
क्षुधा मां बाधते विद्वन् भुक्तशेषमिहाऽनय !
तेनैव मे क्षुधा शान्तिरित्येवं प्रार्थयाम्यहम् ।।१३४।।
ओमित्युक्त्वा गतो विप्रो नवराजनिवेशनम् ।
तत्रभुक्त्वा महद्भोज्यं दानादि प्राप्य वै ततः ।।१३५।।
सर्वे द्विजा गता गेहान् स्वान्स्वानेव मुदान्विताः ।
मुनिना याचितुं नैव शक्यते लज्जया तदा ।।१३६।।
इतस्ततो भ्रमन् विप्रो नवराज - नृपाङ्गणे ।
मात्रा नृपस्य दृष्टः सस्ततो जिज्ञासितो द्विजः ।।१३७।।
नृपमात्रा मुनिः पृष्टो किं कार्यं भवतस्त्विह ।
तेन चोक्तं परार्थं च याच्यते भोज्यमात्रकम् ।।१३८।।
भाण्डारिका इति श्रुत्वा दातुं भाण्डगृहं ययुः ।
पक्वान्नादि प्रपूर्णं तद् - व्रतनिन्दा प्रभावतः ।।१३९।।
रिक्तं भाण्डगृहं जातं सर्वे दृष्टा हि सत्रपाः ।
नृपमात्रे परावृत्य तेऽवदन् सर्वमेव हि ।।१४०।।
सोवाच तद्वचः श्रुत्वा दीयतां भोज्यमात्रकम् ।
तस्यस्तद्वचनं श्रुत्वा कृतवन्तस्तथैव हि ।।१४१।।
नूतने मृण्मये भाण्डे कृत्वा भोज्यं त्वरान्विताः ।
मुनिर्गतश्च पापेन युक्ता सा यत्र तिष्ठति ।।१४२।।
दत्वा तदोदनं तस्यै द्विजस्तु स्वगृहं ययौ ।
कस्मिंश्चित् दिवसे तत्र तस्या भाग्योदयेन च ।।१४३।।

गोमयाया पदद्वन्द्वम् सुन्दरी प्रणनाम सा।
मात्रा पत्न्या समायुक्तो नवराजो नराधिपः॥१५४॥
प्राप्तं निष्कण्टकं राज्यं बुभुजे सर्वसम्मतम्।
स्वस्थानीपरमेश्वर्या कथां श्रुत्वा च श्रद्धया॥१५५॥
अपुत्रा पुत्रमाप्नोति पत्युः प्रीति च विन्दती।
कथा - श्रवणमात्रेण हयमेध फलं लभेत्॥१५६॥

इति श्रीस्कन्दपुराणे माघमाहात्म्ये श्रीस्वस्थानी व्रतकथा समाप्ता।


## श्रीस्वस्थानी परमेश्वरीको पूजालाई चाहिने सामग्री

आसनी, थाली, पञ्चपात्र, आचमनी, अर्घ्य, दीप, कलश, गणेश थाप्ने चामल, कर्मपात्र, पञ्चामृत (दूध - दही - मह - घिउ चीनी) चन्दन, अक्षता, धूप, दीप, नैवेद्य, वस्त्र, भेटी र जनै, सुपारी, सिंदूर, अबीर, सौभाग्य द्रव्य, पूर्णपात्र र रोटी १०८। सुपारी १०८ टुक्रा, वेलीको पुष्प १०८। पान १०८। यज्ञसूत्र १०८। अक्षता जौ तिल सबै १०८ गनेका र अरू फल-फूल नैवेद्यहरू आफ्नो शक्तिअनुसार चाहिन्छ। आर्सी (तामाको थाली) मा ॐकार सहित अष्टदल लेखी बालुवाको शिवलिंगनेर राख्नु र त्यसैमा पूजा गर्नू।

# चित्र फलक




चित्र नं. १ : ग्रन्थविधानानुसार शोधकर्ताद्वारा निर्माण गरिएको श्रीस्वस्थानी चित्र




चित्र नं. २ : श्रीस्वस्थानी पुराणमा उल्लिखित शाली नदी




चित्र नं. ३ : शंखरापुर क्षेत्रमा अवस्थित महादेव मन्दिर




चित्र नं ४ : शाली नदीस्थित श्रीस्वस्थानी माताको नवनिर्मित मन्दिर



चित्र नं ५ : श्रीस्वस्थानी पूजामा सरिक हुँदै व्रतालुहरू बज्रयोगीनी मन्दिरमा



चित्र नं. ६ : शाली नदीमा माधवनारायण पूजास्थल




चित्र नं.७ : शाली नदी क्षेत्रमा स्थापित नवराजको प्रतीक



चित्र नं ८.: प्रतिक चन्द्रावती कुटी



चित्र नं ९ : नागनागिनीको प्रतीक




चित्र नं. १० : तानाबहालस्थित श्रीस्वस्थानी मूर्ति




**चित्र नं. ११ : प्रचलित पुस्तकमा अंकित अस्टमातृकासहित श्रीस्वस्थानी**



**चित्र नं १२ : शालीस्थित पवित्र स्नान कुण्ड**



चित्र नं.१३ : बज्रयोगिनी प्रांगणमा जल चढाउँदै व्रतालुहरू



चित्र नं. १४ : घरमा श्रीस्वस्थानी परम्श्वेरीको आरधना गर्दै व्रतालु




**चित्र नं १५ : प्रस्तर मूर्तिमा अंकित श्रीस्वस्थानी आरधनारत भक्तहरू**






**चित्र नं. १६ : पशुपतिस्थित गौरीकुण्ड र किराँतेश्वर महादेव**



**चित्र नं. १७ : पशुपतिनाथको मन्दिर**



चित्र नं. १८ : फर्पिङ शेषनारायणमा पूजा गर्दै व्रतालु



चित्र नं. १९ : षाष्टांग दण्डवत् गर्दै पुरुष व्रतालु



**चित्र नं. २० : पशुपतिस्थित मृगस्थली**



**चित्र नं. २१ : शाली नदीस्थित गणेश मूर्ति**



चित्र नं. २२ : शाली नदीमा ब्रह्मनाल बगर



चित्र नं. २३ : शाली नदी किनारस्थित शिवलिंग